'पञ्‍ञा नरानं रतनं'

# परियत्ति : तृतीय प्रवेश शिक्षा

(भाग-३, नेपाली)

(बु. सं. २५४६ देखि स्वीकृत)

(नेपाल बौद्ध परियत्ति शिक्षा समितिको निर्देशन अनुसार
प. स. पा. को प्रवेश तृतीय वर्ष तृतीय पत्रको पाठ्य-पुस्तक)

सम्पादन, अनुवाद तथा संयोजन

**कोण्डन्य**

(संयोजक : नेपाल बौद्ध परियत्ति शिक्षा, पाठ्यक्रम विकास समिति)

Downloaded from http://dhamma.digital/

प्रकाशक :

**नेपाल बौद्ध परियत्ति शिक्षा परिषद्**

पाठ्यक्रम विकास तथा व्यवस्थापन समिति

मणिमण्डप महाविहार, पटको, पाटन ।

सर्वाधिकार सुरक्षित : नेपाल बौद्ध परियत्ति शिक्षा, बु. सं. २५४६

**दिवंगत पिता तुयु नकर्मी तथा माता कान्छी नकर्मी (त्यौड-ढोकाबहाल) को पुण्यस्मृतिमा**

उपासक धन बहादुर नकर्मी तथा उपासिका ईश्वरी नकर्मी (क्षेत्रपाटी, ढल्को) द्वारा नेपाल बौद्ध परियत्ति शिक्षाको लागि "परियत्ति : तृतीय प्रवेश शिक्षा तृतीय पत्र (नेपाली)" प्रकाशनार्थ अर्थ सहयोग गरिदिनुभएकोमा नेपाल बौद्ध परियत्ति शिक्षा परिषद् साधुवाद व्यक्त गर्दछ ।

* बु. सं. २५४६ * ने. सं. ११२३

* वि. सं. २०६० * ई. सं. २००३

प्रथम संस्करण : १००० प्रति

सहयोगार्थ रु. ३०/- मात्र । (प्राप्त रकम परियत्ति कोषमा जम्मा हुनेछ ।)

कम्प्यूटर सज्जा : स्कीम्स पब्लिकेशन, गाबहाल, पाटन ।
फोन नं. ५५४४२३८

मुद्रक : नील सरस्वती छापाखाना
लाजिम्पाट, काठमाण्डौं ।
फोन नं. ४४३३०५४

Downloaded from http://dhamma.digital/

# केही शब्द

नेपालको बुद्ध शासनिक क्षेत्रमा अखिल नेपाल भिक्षु महासंघबाट झण्डै ४० वर्ष देखि संचालित नेपाल बौद्ध परियत्ति शिक्षाको विशिष्ठ देन सर्वविदितै छ। यस्को श्रेय बुद्ध शासनप्रति श्रद्धा र श्रम समर्पित गर्दै आउनु भएका नेपाल बौद्ध परियत्ति शिक्षाका संचालन सम्बन्धित पदाधिकारी, सदस्यहरू, परियत्ति शिक्षाका सम्पूर्ण केन्द्रका प्रबन्धक र शिक्षक-शिक्षिकाहरू, पुस्तक प्रकाशक र पुरस्कार वितरणार्थ श्रद्धालुहरूलाई छ।

नेपाल बौद्ध परियत्ति शिक्षालाई व्यापक रूपमा फैलाउन परिवर्तित परिप्रेक्ष अनुसार नेपाल बौद्ध परियत्ति शिक्षाका विविध पक्षहरूमा समयानुकुल परिवर्तित र परिवर्द्धित गरिंदै लानुपर्ने कुरालाई ध्यानकेन्द्रित गरी नेपाल बौद्ध परियत्ति शिक्षाको नियमावली बनेको र पाठ्यक्रम निर्माणमा प्रयास भएको छ। यसै अन्तर्गत प्रवेश तृतीय वर्षको पत्रगत नेपाली भाषामा सिङ्गो एक पुस्तकमा उपलब्ध हुने गरी पाठ्य-पुस्तक प्रकाशित हुनु *"धम्मपीति"* को विषय हो।

अखिल नेपाल भिक्षु महासंघबाट संचालित नेपाल बौद्ध परियत्ति शिक्षा नेपालको बुद्धशासनिक क्षेत्रमा आफ्नै विशेषता र देन रहेको कुरा स्पष्ट हुँदै आएको छ। परियत्ति शिक्षाको प्रारम्भ समयमा अध्ययन गर्ने विद्यार्थी, परियत्तिका शिक्षक-शिक्षिका तथा शुभचिन्तकहरू उत्तरोत्तर उन्नति-प्रगति गरिंदै यसलाई व्यवस्थित ढङ्गले अगाडी बढाई शिक्षा प्रणाली अनुरूप वैज्ञानिकीकरण गरिंदै पाठ्य-पुस्तकलाई व्यवस्थित गरी अध्ययनार्थीहरूलाई सुलभ गरिंदै जानुमा सचेतता देखिनु पनि सकारात्मक कदम हो।

Downloaded from http://dhamma.digital/

पाठ्य-पुस्तकलाई प्रयोगमा ल्याई अनुभवी शिक्षकले पाठ्यक्रमद्वारा लक्षित विषयवस्तुलाई विविध श्रोतको सदुपयोग गरी सफलतापूर्वक अध्यापन गर्न सक्ने हुन्छ तापनि सहजरूपमा हाम्रा परियत्ति केन्द्रहरूमा अन्य सहायक सामाग्रीहरू उपलब्ध नहुँदा पाठ्य-पुस्तक माथि अत्यधिक निर्भर रहनु परेको छ। परिवर्तित परिप्रेक्ष अनुसार नेपाल बौद्ध परियत्ति शिक्षाको पाठ्यक्रम परिवर्तित र परिवर्द्धित गरिदै लानु पर्ने लक्ष्यतिर ध्यान केन्द्रित गरी नेपाल बौद्ध परियत्ति शिक्षाको प्रवेश स्तरका प्रथम, द्वितीय र तृतीय वर्षका प्रत्येक प्रश्न-पत्रका एउटै सिंगो पुस्तक नेपाली भाषामा उपलब्ध गराउने प्रयास भैरहेछ। यसै अनुरूप प्रस्तुत पाठ्य-पुस्तकलाई सीमित जनशक्ति र श्रोतलाई प्रयोग गरी सकेसम्म स्तरयुक्त बनाई शिक्षक र विद्यार्थीहरूका आवश्यकतालाई अत्यधिक मात्रामा पूरा गर्न सकियोस् भनी केही हदसम्म प्रयास गरिए तापनि भाषा, विषयक्रम, शैली जस्ता पाठ्य-पुस्तकमा हुनुपर्ने विविध पक्षमा अझै कमी/कमजोरीहरू यथेष्ट नै नहोलान् भन्न सकिन्न र तापनि शिक्षक, अभिभावक, विद्यार्थी, बौद्ध-विद्वान् तथा शिक्षाविद् लगायत सम्पूर्ण पाठकहरूको सक्रिय सहयोगको महत्वपूर्ण भूमिका रहने हुँदा सम्बद्ध सबैका लागि रचनात्मक सुझाव, सरसल्लाहका लागि नेपाल बौद्ध प. शि. पाठ्यक्रम विकास समिति सदैव हार्दिक स्वागत गर्दछ।

यस पाठ्य-पुस्तक तयार पार्न प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुऱ्याउनेहरू सबै सम्बन्धित निकाय एवं श्रद्धालु महानुभावहरू तथा प्रकाशन कार्यमा सहयोग गरिदिनु हुने श्रद्धालु दाता प्रति हार्दिक साधुवाद व्यक्त गरिन्छ।

साधुवाद।

नेपाल बौद्ध परियत्ति शिक्षा
पाठ्यक्रम विकास समिति

Downloaded from http://dhamma.digital/

# विषय-सूची

**विषय** **पृष्ठः**

**प्रथम खण्डः**

## चैत्यपूजा

**(अ) चैत्य (१-९)**


चैत्य : के र कसरी ........ १
चैत्य : गोलाकारमा ........ २
चैत्य : बौद्ध वाङ्मयमा ........ २
चैत्य : चार प्रकारमा ........ ३
शारीरिक चैत्य ........ ४
परिभोग चैत्य ........ ६
धर्म चैत्य ........ ७
उद्देश्य चैत्य ........ ७
चैत्य वन्दना ........ ८
चैत्यपूजा–अभ्यास – १ ........ ९


**(आ) पूजा (१०–२०)**


दुई प्रकारको पूजा ........ १०
चार प्रकारका आमिस-पूजा ........ ११
पुष्प र सुगन्ध पूजा ........ १२
पूजाको प्रतीक रूप ........ १३
बुद्धको महापरिनिर्वाणपछि पूजा ........ १४
पूजा वरदानको लागि होइन ........ १४


Downloaded from http://dhamma.digital/

**विषय** **पृष्ठः**

राजा मिलिन्दको प्रश्न ........ १५
अग्निको उपमामा नागसेनको जवाफ ........ १६
पंखाको उपमामा नागसेनको जवाफ ........ १७
प्रतिपत्ति पूजा ........ १८
चैत्यपूजा–अभ्यास – २ ........ २०

## दुतीय खण्डः

# आदर्श बौद्ध महिलाहरू

२३–७६

१) महाप्रजापती गौतमी ........ २३
२) खेमा ........ २७
३) सुजाता ........ ३१
४) काली उपासिका ........ ३६
५) खुज्जुत्तरा ........ ४०
६) उत्तरा नन्दमाता ........ ४३
७) सुप्रिया ........ ४८
८) कात्यायानी ........ ५२
९) संघमित्रा ........ ५५
१०) धम्मदिना ........ ६०
११) भद्रा कुण्डलकेशा ........ ६३
१२) चारूमती ........ ६८
१३) भृकुटी ........ ७१
१४) मेरी फोस्टर ........ ७६

Downloaded from http://dhamma.digital/

# मैत्री-भावना

**(क) भावना (८३-९१)**

द्वेषचरित्र ........................................ ८३
द्वेष उत्पत्तिको कारण ........................................ ८४
मैत्री सम्बन्धमा तथागतको आज्ञा ........................................ ८६
द्वेषको दुष्परिणाम कथा ........................................ ८६
मैत्री भावना : कसरी र किन ? ........................................ ८७
मैत्री आनिशंस ........................................ ८८
मैत्री ब्रह्मविहार ........................................ ९०
मैत्री भावना-अभ्यास - १ ........................................ ९१

**(ख) मैत्रीभावना विधि (९२-१००)**

चार प्रकारका मैत्रीभावना ........................................ ९४
क्षमाशील सहनशीलताको कथा ........................................ ९६
द्वेषको कामना तथा दुष्परिणाम ........................................ ९८
मैत्री भावना-अभ्यास - २ ........................................ १००

**(ग) काय-वची-मनोकर्म भावना (१०१-११७)**

स्वयंलाई उपदेश ........................................ १०४
प्रतिवेक्षणको विधि ........................................ १०६
प्रतिवेक्षण ........................................ १०७
खन्तिवाद जातक कथा ........................................ १०८
चूल धम्मपाल जातक कथा ........................................ ११३
मैत्री भावना-अभ्यास - ३ ........................................ ११७

**(घ) अनादि कालको प्रतिवेक्षण (११८-१२६)**

धातु विभाजन ........................................ ११९
सीमा छेदन (समानताको व्यवहार) ........................................ १२०
मैत्री आनिशंस व्याख्या ........................................ १२२
मैत्री प्रभाव-देवरक्षा एवं अमनुष्य प्रिय (कथा) ........................................ १२३
मैत्री भावना-अभ्यास - ४ ........................................ १२७

Downloaded from http://dhamma.digital/

# परियत्ति तृतीय शिक्षा प्रथम - ३

**चैत्यपूजा -**

- लेखक : भिक्षु सुदर्शन महास्थविर
- अनु. : कोण्डन्य

**आदर्श बौद्ध महिलाहरू -**

- लेखिका : विद्यावती 'मालविका'
- अनु. : सम्यक्सम्बोधि प्राण पुत्र, कोण्डन्य
  (अनु. नेपालभाषा : अनागारिका माधवी)

**मैत्री-भावना -**

- लेखक : भिक्षु विवेकानन्द महास्थविर
- अनु. : भिक्षु संघरक्षित

- सम्पादन, अनुवाद तथा संयोजन : कोण्डन्य

Downloaded from http://dhamma.digital/

# चैत्यपूजा

लेखक

भिक्षु सुदर्शन महास्थविर

अनुवादक

कोण्डन्य

Downloaded from http://dhamma.digital/

Downloaded from http://dhamma.digital/

**प्रथम खण्ड :**

# चैत्यपूजा

बुद्ध-पूजा नै चैत्य-पूजा हो । किनभने बुद्ध-पूजा गर्नको लागि नै बौद्ध चैत्यको श्रृजना भएको हो। यसरी नै बुद्धको पूजा गर्नु नै तथागतको गुणानुस्मरण गर्नु हो । गुणानुस्मरणले हाम्रो मन स्वच्छ-पवित्र हुन्छ, यसले हामीलाई कुशल कार्य गर्न अभिप्रेरित गर्दछ ।

यस कुरालाई बुझ्न 'चैत्य' र 'पूजा' सम्बन्धी हामीमा ज्ञान हुन आवश्यक छ । अब वर्गिकरण रूपमा त्यस्को अध्ययनतर्फ लागौं ।

## (अ) चैत्य

**चैत्य : के र कसरी ?**

'चैत्य' लाई नेपाल भाषामा 'चीभाः' भनिन्छ । पालि शब्द 'चेत्तिय' यस्को समानार्थी शब्द हो भने 'चेतिय' शब्दको गहन अध्ययन र विचारबाट यो स्पष्ट हुन्छ कि कुशल आधार दिने जुनसुकै स्मारकलाई चैत्य भनिन्छ, चीभाः भनिन्छ; र चेतिय भनिन्छ । तर आज व्यावहारिक प्रयोगमा चैत्यको अर्थ बौद्ध स्मारकको रूपमा परिचित भैसकेको छ ।

वस्तुतः चैत्य गोलाकार कै हुनुपर्छ, चतुष्कोणाकार कै हुनुपर्छ अथवा यस्तो आकारको उस्तो प्रकारकै हुनुपर्छ भन्ने अनिवार्यता छैन । यसरी नै ईट्टा, माटो,

Downloaded from http://dhamma.digital/

काठ, शिला (ढुङ्गा) आदि मध्ये निश्चित त्यसैको यसैको प्रयोगले मात्र चैत्यको निर्माण गरिनु पर्छ भन्ने पनि अपरिवर्तित मान्यता छैन। बौद्ध दर्शनको विकासक्रममा कलाको उन्नति र विकास सँगसँगै देश, काल र परिस्थिति अनुसार यस्को कलापक्ष निर्माण हुँदै गए भने निर्माण र विधिविधान पनि थपिंदै गए।

**चैत्य : गोलाकारमा**

बुद्धको जीवनकालमा पनि स्मारक (चेतिय) को प्रथा रहेको देखिन्छ। तर यस्को आकार-प्रकारको विषयमा यस्तो-उस्तो नै छ भनी ठोकुवाकासाथ भन्न सजिलो छैन। मानव श्रृष्टि पूर्व अथवा मानव सभ्यताको पूर्व नै कलात्मक चैत्य वा मूर्तिको आविर्भावलाई मान्न आज कोही तयार छैनन्। त्यसैले वैज्ञानिक पद्धति अनुरूप वा पुरातात्विक विज्ञान अनुसार यसो भन्न सकिन्छ कि ढिस्को स्वरूप गोलाकारमा चुच्चिएको चेतिय वा चैत्य नै आज सम्म पाइएका चैत्यहरूमा प्राचीन् स्वरूप वा पुरानो आकार-प्रकारका चैत्य हुन्। यस्को नमूनाको लागि धम्मिक स्तूप, सांची स्तूप, स्वेदगौं फया, थुपाराम, स्वयम्भू, पाटनको चारवटा थूरहरू अथवा अजंताको गुहा चैत्य र प्राचीन् शिलामा उत्किर्ण गरिएका रेखा र रंगले कुँदिएका चैत्यहरूलाई लिन सकिन्छ।

**चैत्य : बौद्ध वाङ्मयमा**

बौद्ध वाङ्मयमा एकातिर जो कोही इमान्दारी अन्वेषकका लागि धेरै विषय वस्तुहरू छन् भने अर्कोतिर बुद्धप्रति काव्यात्मक श्रद्धालेपूर्ण अभिव्यक्तिहरू अथाह छन्।

श्रद्धाले अति नै विभोर भई आफूलाई तोलाएर हेरिरहेको वक्कलि स्थविरलाई बुद्ध यसो भन्नु हुन्छ– "यसरी मलाई के हेर्दैछौ ? मोघपुरुष (मूर्ख)! हेर, मेरो पेट

Downloaded from http://dhamma.digital/

भित्र पनि तिम्रो पेट भित्र पनि मलमूत्रादि अशुचिले भरिएका छन्। त्यसैले धर्मलाई जान, धर्मलाई बुझ्ने प्रयत्न गर। मलाई मात्र हेरेर आखिर के पाउँछौ र ?"

अर्कोतिर भने पालि र संस्कृतका प्राचीन बौद्ध वाङ्मयहरूमा पूजा गर्न चैत्यको प्रतीकात्मक परिकल्पना उहिलेदेखि नै स्थापना भैसकेको प्रतीत हुन्छ। बुद्धत्व स्वर्गका देवताहरूबाट बुद्धज्ञान प्राप्त गर्न गरिएको प्रार्थना, कुमारले महाभिनिष्क्रमणको बेला अनोमा नदीको तीरमा केश छेदन गरिसकेपछि (काटिएको कपाल) त्यस्लाई ईन्द्रले सश्रद्धा स्वर्गमा लगी पूजा-सत्कार गरेको घटना आदि प्रसंग यस्को लागि यौटा नमूना हो।

माथि उल्लेखित दुबै श्रद्धा-आस्थाका मार्गहरू आ-आफ्नो समयमा खूव उन्नति र प्रचार भए। तर जतिबेला दर्शनले प्रतीकवादको बोझ खप्न सकेनन् त्यतिबेला यो स्वयं बुद्धको मौलिक सत्यमा विप्लववाद सिद्ध हुन पुगे। परिणामतः यस्तो कथन पनि देखिनमा आए– "बुद्ध वा बुद्धत्व प्राप्तिको विषय होइन। त्यो तथ्यता हो, अचल हो। यहाँ पहिले कोही बुद्ध भएको पनि छैन, अहिले कोही पनि छैन भने भविष्यमा बुद्ध हुने भन्ने पनि छैन।" कालान्तरमा गएर, बुद्धवादको प्राचीनता सिद्ध गर्न ध्यानी निर्माणको सोचयुक्त अवधारणा विकास हुन पुग्छ। श्रृष्टिकर्ता ईश्वरको विविध स्वरूप झैं पञ्चतत्वमय बुद्धधारक, पालक र अधिनायक बुद्धहरूको श्रृजना हुन गयो।

### चैत्य : चार प्रकारमा

यस चैत्य-पूजा रचनाको उद्देश्य बौद्ध दर्शन वा संस्कृतिको ऐतिहासिक समीक्षा होइन। ऐतिहासिक तवरमा चैत्य सम्बन्धी सरल रूपमा बुझ्न सक्ने ज्ञान दिनु नै यसको उद्देश्य हो। जसरी चैत्यको चार विभागहरू हुन्छन् त्यसरी नै यसैभित्र राम्रो र सरल चैत्यको विवेचना निहित रहेको छ। जस्तो कि–

Downloaded from http://dhamma.digital/

क) शारीरिक चैत्य,

ख) परिभोग चैत्य,

ग) धर्म चैत्य र

घ) उद्देश्य चैत्य (निमित्त चैत्य)

**शारीरिक चैत्य :**

तथागतको केश आदि वस्तु तथागतको अनुपादिशेष महापरिनिर्वाण पछिका अवशेष अस्थि निधान गरी निर्माण गरिएका स्मारक नै बौद्ध शारीरिक चैत्य हुन् । यस्को शुभारम्भ क्रमलाई बुद्ध जीवनी भित्र खोतल्दै जाँदा बुद्धत्व प्राप्तिको लगत्तै देख्न पाइन्छ। धर्मचक्र प्रवर्तन गर्न अगावै बुद्धत्व प्राप्ति स्थल उरुवेलमा दुईजना व्यापारीहरूले बुद्धलाई भेटेका थिए। यिनीहरूले बुद्धलाई खानेकुरा भेटीको रूपमा चढाई सकेपछि बुद्धलाई सदा स्मरण गरी राख्न केही चिन्ह सश्रद्धाले मागे । त्यसबेला बुद्धले उनीहरूलाई आफ्नो टाउकोबाट सातवटा केश दिनुभयो। तर यस कुरामा पछि बुद्धले आफ्नो केश, नङ्ग आदि केही दिनुभएको कुरा उल्लेख भएको देखिंदैन भने अझ बुद्धको महापरिनिर्वाण पश्चात् सम्पूर्ण जीवनी प्रस्तुत गर्ने संघवादले हो-होइन भन्ने कुरामा विचार गर्न बाध्य तुल्याई दिएको छ। त्यसैले यस्को मूल ध्येय तथागतको ऐतिहासिक यात्रा क्रमको पद चिन्हलाई नहेरी श्रद्धावश आ-आफ्नो राष्ट्रमा बुद्धको आगमनलाई प्रस्तुत गर्ने जस्तो पनि हुन सक्दछ ।

यस उसले चैत्य सम्बन्धमा यथार्थतः केही बुझ्ने जान्ने हो भने हामीले दीघनिकायको "महापरिनिर्वाण सुत्त" लाई साक्षीभावले अध्ययन गरौं, जुन उत्तरीय तथा दक्षिणीय प्राचीन् एवं प्रामाणिक बौद्ध वाङ्मय अन्तर्गत पर्दछ।

आनन्दले सोध्नुभयो– 'भगवन्, तथागतको निर्वाणपछि पार्थिव शरीरलाई के गर्ने ?'

Downloaded from http://dhamma.digital/

बुद्धले भन्नुभयो– "आनन्द, तथागतको शरीरलाई पूजा गर्ने विषयमा तिमीले चिन्तित नहोऔ । आनन्द, तिमी यथार्थ काम गर्ने तर्फ केन्द्रित होऔ, साँच्चै सदुपयोग (सत् अर्थमा) कुरामा उद्योग गर, यथार्थतः मूल्यवान् कुरामा अप्रभावी होऔ उद्योगी र आत्मसंयमी भई जीवन यापन गर । आनन्द, क्षेत्रियपण्डितहरू, ब्राह्मण पण्डितहरू, गृहपति पण्डितहरू छन्, जो तथागत प्रति अत्यन्त प्रसन्न छन् । उनीहरूले नै तथागतको पूजा गर्नेछन् ।"

बुद्धको महापरिनिर्वाण पछि कपडा र कपासले सजिएको सुगन्धित तेल लेपन पश्चात अग्नि संस्कार सम्पन्न भयो । त्यसपछि महाकाश्यप भन्तेको आज्ञा अनुसार एकजना ब्राह्मणले पाथी (द्रोण) ले तौलिएर आठ भागमा बाँडिदियो । राजगृह, वैशाली, कपिलवस्तु, अल्लकप्पक, रामग्राम, वेठदीप, पावा र कुसीनगर गरी आठ क्षेत्रमा अस्थिधातु बाँडिएको थियो । तर पिप्पलीवासीहरूले मात्र गोल र खरानी संकलन गरी लगे । ती अवशेषहरूलाई निधान गरी बुद्ध-स्मारक (चैत्य) निर्माण गरियो । वास्तवमा यही अवस्थालाई नै बौद्ध चैत्य (चीभाः) वा स्तूप निर्माणको प्रारम्भ मान्न सकिन्छ । त्यसपछि सम्राट अशोकले ती चैत्यहरू भित्र निधान गरिएका अस्थि-समूह पुनः निकालेर, व्यापकरूपले चैत्य निर्माण गरी तिनीहरूमा प्रणिधान गर्ने कार्य गरियो । यसरी तथागतको अवशेष अस्थि टाढा-टाढा सम्म फिंजिए, फैलिए । स्वयं अशोकका सुपुत्र र सुपुत्री धर्मदूतको रूपमा लंकामा प्रवेश गरेको घटनाबाट त्यहाँ धेरै अस्थिधातु पुगेको कुरामा आश्चर्यचकित हुनु आवश्यक छैन । ऐतिहासिक यात्रा-विवरण बोकेको बुद्धको दन्त (दाँत) मध्ये एउटा लंकामै रहेको छ । अर्को एउटा धातु भने तक्षशिलाबाट चीनमा पुगेको छ ।

यसरी नै लंकाकै माध्यम्बाट नेपालको आनन्दकुटीमा (चैत्यको गर्भ भित्र), गण महाविरमा, स्वयम्भू विश्वशान्ति गुम्बा र लुम्बिनीमा अस्थिधातु प्राप्त भएका हुन् ।

Downloaded from http://dhamma.digital/

**परिभोग चैत्य**

बुद्धले प्रयोग गरेका पात्र आदि परिष्कार राखी निर्माण गरिएका स्मारकलाई नै परिभोग चैत्य भनिन्छ । तर यस्को ऐतिहासिक विवेचनाको खोजनीति गर्दा विश्वस्त तथ्य प्राप्त गर्न सकिएको छैन । बुद्धले प्रयोग गरिसकेपछिको पुरानो चीवर कुनै पनि भिक्षुले संस्मृतिका लागि संकलन गर्ने मनसायले थुपारेको देखिदैन । त्यसरी नै पात्र पनि कुनै खिइएका वा प्वाल परेर वा साट्दा पुरानो राखेको उल्लेख भएको पनि छैन । यस्को अतिरिक्त साँच्चिकै भन्ने हो भने वास्तवमा बुद्धसित अरु कुनै परिष्कार नै कहाँ हुन्थ्यो र ?

परिभोग चैत्य अनुसार बौद्ध जगतले बोधिवृक्षप्रति ठूलो श्रद्धा र आस्था राख्दछ । त्यसो भनेर बोधिवृक्ष भन्नाले पिपलको वृक्ष जातिलाई इंगित गरेको नभई स्वयं बुद्धले जुन वृक्षको छहारीमा बोधिज्ञान लाभ गर्नु भएको थियो निश्चितरूपमा त्यसै वृक्षलाई बोधिवृक्ष भनिन्छ र त्यसैको वंशज: वृक्षलाई नै बोधिवृक्ष भनिन्छ ।

बोधिवृक्ष वा परिभोग चैत्यको ऐतिहासिक उल्लेख विश्वस्त क्रम अशोकको कालदेखि नै व्याप्त छ । त्यसो त बोधिवृक्षको ऐतिहासिक विवरणलाई उल्लेख गर्दा आयुष्मान् आनन्दले बोधिवृक्षको शाखा श्रावस्तीमा रोपेको विवरण पनि नभएको चाहिं होइन । हो अवश्यपनि, बोधिवृक्षलाई विस्मय र विभोरले हेर्ने वा श्रद्धा राख्ने विधि बुद्धकालीन अवस्थादेखि नै चलि आएको कुरा प्राचीन् वाङ्मयबाट स्पष्ट हुन्छ । बुद्धले बोधिज्ञान प्राप्तिको लगत्तै बोधिवृक्षलाई आँखा एकपल पनि नझिम्काई हेरीरहेको कुरा बहुप्रचलित कुरा हो । अशोकले आफ्ना सुपुत्री भिक्षुणी संघमित्रालाई बोधिवृक्ष पात्रमा राखी श्रीलंकामा बोधिवृक्ष उपहार पठाएको कुरा साहित्यिक प्रमाण मात्र होइन, उत्किर्ण गरी चित्रण गरिएको चित्र पनि यस्को ज्वलन्त प्रमाण हो । यसपछि बौद्ध जगतमा बोधिवृक्षको अगाध रूपमा पूजा-अर्चना निरन्तररूपमा हुँदै गए । श्रीलंकाकै बोधिवृक्षको शाखाले नेपालमा पनि बोधिवृक्ष पदार्पण भयो,

Downloaded from http://dhamma.digital/

जुन पूज्य नारद भन्तेले नेपाल आगमनको समयमा साथमा ल्याउनु भई आनन्दकुटीमा रोप्नु भएको थियो ।

**धर्म चैत्य :**

धर्मचैत्यको अर्थ बुद्ध वचनादि त्रिपिटकसँग सम्बन्धित छ । धर्म-स्कन्धको पनि गौरव राख्ने श्रद्धामा धर्म-चैत्यको निर्माण भयो । तर धर्म-चैत्यलाई अरुहरूलाई जस्तै परिभाषामा सीमित गर्न कठिन छ । त्रिपिटक ग्रन्थलाई अथवा माण्डले (म्यान्मार) र बुद्ध मण्डल (बैंकक्) को सम्पूर्ण त्रिपिटकको शिलाभिलेखलाई सजिलैसित धर्म चैत्य भन्न सकिन्छ ।

तर एउटा धर्म ग्रन्थ अथवा आंशिक धर्म उल्लेखलाई कसरी धर्म चैत्य भन्ने ? जसरी कि– 'धम्मपद' अथवा अशोकको धर्मपरियायको शिलालेख । त्यसो त 'ये धर्मा हेतु प्रभवा' जस्तो प्रसिद्ध गाथा मात्र निधान गरिएका चैत्यलाई हेर्ने हो भने त्यस्ता चैत्यहरूको संख्या अनगिन्ति छन् । यस्को साथै बौद्ध दर्शनको उत्तरीय विकास क्रमले वज्रयानी, तन्त्रयानी र सहजयानीको धर्म दर्शन कलात्मक अभिव्यक्तिमय धर्मधातु वज्रधातु पनि त धेरै छन् नि ? धर्म धातुकै श्रद्धाले चैत्य वा चीभाः भित्र ग्रन्थ निधान गरिने झैं बुद्धलाई सुनको पात्रमा चामल भरी त्यस्को माथि दाम राखी पिण्डपात्र चढाउने जस्तै हो भनी अर्थ्याउन पनि सक्छ ।

**उद्देश्य चैत्य**

उद्देश्य चैत्यलाई निमित्त चैत्य पनि भनिन्छ । यो चौथौं प्रकारको चैत्य उपरोक्त तीनवटै प्रकारका चैत्यभन्दा भिन्नै प्रकारको स्मारक वा चैत्य प्रकारको चैत्य उद्देश्य चैत्य हो । चार प्रकारका चैत्यहरूमा सायद् उद्देश्य चैत्य सबैभन्दा पछि मात्र अस्तित्वमा देखिएको हुनुपर्छ । किनभने शारीरिक, परिभोग र धर्म चैत्यमा जति

Downloaded from http://dhamma.digital/

चाँडो जन-श्रद्धा ओइरिने अवसर प्रशस्त छन् त्यति यस्को छैन। सर्वप्रथम बुद्धलाई संस्मरण तीन प्रकारको चैत्य निर्माण गरी श्रद्धा-आस्था जगाइ सकेपछि मात्र बुद्धको स्मरणको उद्देश्य वा निमित्त मात्रमा केही निर्माण कार्य थालिए। स्वयं बुद्धले प्रातिहार्यमय बुद्ध निर्माण गरिएको उल्लेखबाट अतिरिक्त बुद्धको जीवन कालमा उहाँलाई प्रतिमामा वा चित्रमा प्रतिमूर्ति प्रतिलिपिबद्ध गरेको वर्णन पनि पछि भएको देखिन्छ। आजसम्म प्राप्त बुद्ध प्रतिमाहरूमा भने सबैभन्दा प्रामाणिक प्रतिमा वा इतिहासले यही भन्दछ कि बुद्धको विषयमा सुनेका लक्षण र व्यञ्जनको आधारमा नै सर्वप्रथम बुद्ध-प्रतिमा निर्माण भएको हो। त्यसो त यसरी सर्वप्रथम बुद्ध-मूर्ति निर्माण गर्ने कार्य कनिष्कको समयमा व्यापक रूपमा र सुन्दर ढंगमा शुरु भएको हो। यसपछि शान्ति नायक तथागतको शान्ति-मूर्ति यति संख्यामा निर्माण कार्य भए कि त्यति असंख्य मूर्ति अरु कुनै पनि धर्म-प्रवर्तकको मूर्ति यो विश्वमा निर्माण हुन सकेकै छैन।

**चैत्य वन्दना**

यसरी तथागतको अनन्त गुण स्मरण र पूजन गर्न अनन्त चैत्यहरू बौद्ध श्रद्धाले निर्माण भए। अझ बुद्धसँगै अतीत बुद्ध दीपंकरादिको अधिकाधिक गाथा अभिनन्दन पनि भए, नेपालमा 'कोनागमन' को चैत्य पनि प्रतिष्ठापना गरिएको छ। यसै चैत्यको विशेषतालाई स्वीकार गरी यहाँ अशोकले आफ्नो सश्रद्धा अनुरूप थप्ने कार्य गरी आफ्नो शिलास्तम्भमा अशोकले यस्को पनि उल्लेख गरे।

Downloaded from http://dhamma.digital/

# चैत्य पूजा–अभ्यास – १

१) चैत्य भन्नाले के बुझिन्छ ?

२) चैत्यको उत्पत्ति विषयमा प्रकाश पार्नुहोस् ।

३) बौद्ध वाङ्मयमा चैत्यलाई कसरी उल्लेख गरिएको छ ?

४) शारीरिक चैत्य र परिभोग चैत्यको परिभाषा लेखी तिनीहरू बीच के अन्तर छ ? स्पष्ट पार्नुहोस् ।

५) धर्म चैत्यलाई आफ्नै शब्दमा परिभाषित गर्नुहोस् ।

६) उद्देश्य चैत्यको विषयमा अरुलाई बुझाउनु पर्दा कसरी बुझाउन सकिन्छ ?

७) बोधिवृक्षलाई परिभोग चैत्यको रूपमा आजसम्म पनि पूजिदै आइरहेको छ । यस्को ऐतिहासिकतालाई कोटयाउनु होस् ।

८) नेपालको सन्दर्भमा बोधिवृक्षको विषयमा केही चर्चा गर्नुहोस् ।

९) के भगवान् बुद्ध आफूलाई पूजा गरोस् भन्ने चाहनु हुन्छ ? यसलाई आफ्नै शैलीमा स्पष्ट पार्नुहोस् ।

१०) चैत्य वन्दना भन्नाले के बुझ्नु हुन्छ ?

११) उपत्यकामा रहेका प्राचीन चैत्यहरूका विषयमा प्रकाश पार्नुहोस् ।

१२) चैत्यको प्रकार उल्लेख गरी संक्षिप्तमा विवेचना गर्नुहोस् ।

१३) ‘चैत्य’ को महत्व र विशेषता उल्लेख गरी दुइसय शब्दमा एउटा निबन्ध लेख्नुहोस् ।

Downloaded from http://dhamma.digital/

# (आ) पूजा

हामीले यस भन्दा अगाडि "चैत्य-पूजा" अन्तर्गत 'चैत्य' विषयमा अध्ययन गरिसकेका छौं । अब हामी 'पूजा' को विषय विभिन्न तवरले अध्ययन गर्छौं ।

पूजा भन्ने वित्तिकै विभिन्न पूजा-थाली र फूल, धूप, नैवद्य, अक्षता आदि विविध पूजा सामग्रीको झझल्को अगाडि देखिने हुन्छ । साँचो अर्थमा पूजा भन्ने वित्तिकै यस्तै पूजा-थाली, यस्तै नै पूजा-सामग्री चाहिन्छ नै भन्ने हुँदैन । किनभने हामीले कपडाको चामल-झोली साथमा बोकेर हिंडी सक्यौं, चाँदीको चामल-बट्टा पनि बोकी सकेका छौं । पछि पुनः पूजा गर्न यो भन्दा पनि सजिलो र राम्रो सामग्री देखिंदै जाने हुन्छ । त्यसरी नै पूजामा चामल वा कनिका नै अनिवार्य रूपमा चाहिन्छ भन्दा हाम्रो राष्ट्र नेपाल मात्रै अलग्ग बसे झैं हुन सक्छ । किनभने चामल चढाई पूजा गर्ने हाम्रो देश नेपालमा बाहेक संसारमा अरु कहिं कतै पनि छैन ।

**दुई प्रकारको पूजा**

त्यसैले,

आदरपूर्वक, श्रद्धा राखी मन प्रसन्न हुँदै गए अनुरूप सेवा सत्कार गर्ने तथा केही न केही चढाउने वा अर्पण गर्नु नै पूजा हो ।

हामी मुख धुन्छौं, त्यसैले श्रद्धापूर्वक मुख पनि धोइदिन्छौं । अथवा हामीलाई सुगन्ध प्रीय लाग्छ, त्यसैले हामी फूल चढाउँछौं । त्यसरी नै खाना, लुगा, पहिरण, गहना आदि अर्पण गरी सेवा गर्ने गरिन्छ ।

यसरी को किन महान-प्रतिष्ठित छन्, किन पूजा गर्न योग्य छन् भन्ने कुरा निहित गुणबाट प्रष्टिने हुन्छ । त्यसैले पूजा गर्न योग्य गुण हामीले आफूहरूमा पनि वृद्धि गर्नु त्यो पनि पूजा नै हो । बुद्धोपदेश र सन्देश अनुरूप कुशल वृद्धि गर्नु वास्तविक बुद्धको पूजा गरेको हुन्छ । यस्लाई नै प्रतिपत्ति पूजा भनिन्छ ।

Downloaded from http://dhamma.digital/

## चार प्रकारका आमिस-पूजा

आमिस-पूजा मूलतः चार प्रकारका छन् । यसैलाई नै चार प्रत्यय पूजा वा सेवा पनि भनिन्छ । उपासक-उपासिकाहरूबाट बुद्धलाई चार प्रत्ययको पूजा गरिनु राम्रो पक्ष हो । यसरी नै भिक्षु-भिक्षुणीहरूबाट पनि बहुजन हित र सुखगामी कृयाकलाप हुँदै जानु सबैका लागि सुखद् कुरा हुन् । चार प्रत्यय निम्नानुसार छन्–

१) भोजन (खानपान)

२) परिष्कार (चीवर वस्त्रादि)

३) गिलान प्रत्यय (औषधि)

४) शयनासन (विहार अथवा वासस्थान)

तथागतको जीवनकालमा उहाँलाई सश्रद्धापूर्वक भोजन दान गर्ने गरिन्छ । कहिले निमन्त्रणा गरी आ-आफ्नो घरमै भोजन गराउने पनि गरिन्छ भने कहिले त तथागत घरको मूल ढोकामा उभी भिक्षाटन आउनु हुँदा भिक्षा दान दिने गरिन्छ । उहाँले भिक्षाटनको जातीय उँचनीचतालाई ख्याल गर्नु हुन्न । धनी-गरीब, नारी-पुरुष आदि विषयमा भेद्भाव गर्नु हुन्न । मीठो-नमिठोमा निर्लिप्त, उहाँ वर्षाकालमा बाहेक अरु बेला कुनै पनि स्थानमा लामो अवधिसम्म बस्नु हुन्न । उहाँले सकल श्रद्धालुहरूको श्रद्धामा करुणा राख्नुहुन्छ, पहिले जो-जससँग निमन्त्रणा स्वीकार भैसकेको हुन्छ उहाँ त्यहीं जानुहुन्छ । उहाँले आफ्नो शिष्यहरू सदाभैं भोजनमा मत्तञ्ञुता (मात्रा) सम्बन्धी उपदेश गर्नुहुन्छ । उहाँले सुजाताको भोजन सेवन गरी बुद्धत्व ज्ञान लाभ गर्नुभयो । चुन्दको भोजन नै तथागतको अन्तिम भोजनमा परिणत भयो । यसरी श्रद्धालेपूर्ण एक-एक छाक भोजन अथवा त्यागले प्रवाहित एक-एक गाँस भोजन सेवन गरी बुद्धले पैंतालीस वर्षसम्म अनवरत रूपमा अमृत बाँड्नु भयो ।

भोजनले जस्तै संसारका मानिसहरूलाई उद्धार गर्नुभएका तथागतलाई पनि

Downloaded from http://dhamma.digital/

चीवरादि वस्त्र, गिलान-प्रत्यय (औषधि), शयनासन अथवा वासस्थानको आवश्यकता हुन्छ । यी अवाश्यक कुराहरू श्रद्धालुहरूले बुद्धलाई सश्रद्धा दान गरेका थिए । बुद्धलाई चीवर दान दिएको घट्ना मध्ये प्रजापति गौतमीद्वारा अर्पण गरिएको दान निकै प्रसिद्ध छ । बुद्धलाई जुलाबको ओखती दिने, देवदत्तलाई ढुङ्गाले चोट लागेको घाउमा मलम लगाउने काम श्रद्धालु जीवक कुमार भृत्यले गरेको थियो । यसरी नै घ्यू, कस्ति (मह), तेल, चाकुबाट बन्ने चतुमधु अथवा आठ प्रकार फलका रस दान-प्रदान गरिने कार्यलाई गिलान प्रत्यय पूजा भनिन्छ । तथागत बुद्धले राजदरवार परित्याग गर्नुभयो तर सङ्घको लागि वेलुवन, जेतवन, पूर्वाराम, निग्रोधाराम जस्ता विहारहरू स्वीकार गर्नुभयो ।

संक्षिप्तमा वा सरल भाषामा भन्नुपर्दा खाने, पिउने, लाउने, बस्ने र औषधि यी मानव जीवनका लागि आधारभूत आवश्यक वस्तु हुन्, त्यो बुद्धलाई पनि आवश्यक छ चाहिन्छ, भिक्षु सङ्घलाई पनि आवश्यक हुन्छ । यो प्राप्तिको लागि गृहस्थले जस्तै भिक्षुहरूले सिधै परिश्रम गर्दैनन् । यसको बदलामा उहाँहरूले ब्रह्मचर्य पालन गरी आधारभूत आवश्यकता प्राप्तार्थ सिधै परिश्रम गर्ने गृहस्थहरू बीच विद्यमान दुःख, पीडा, अन्याय, अत्याचार निर्मूल पार्न, शान्त र आनन्दपूर्वक जीविकोपार्जन गर्न उपदेश गर्नु हुन्छ र श्रद्धालुहरूबाट सश्रद्धा सङ्घको आधारभूत आवश्यकता दान-त्यागको रूपमा परिपूर्ति हुने गर्छ ।

## पुष्प र सुगन्ध पूजा

बुद्धलाई फूल-धूप वा पुष्प र सुगन्धले पनि पूजा गर्ने गरिन्छ । तथागतको उपदेश श्रवण गर्न जाँदा श्रद्धालुहरू हातमा सुगन्धित फूल लिएर जाने चलन पनि रहेको देखिन्छ भने बुद्धबाट देशना हुने अमृतमय उपदेश बुझ्न र धारण गर्न यस्ले मगमग वासनायुक्त सुगन्धमय वातावरण श्रृजना गरिदिन्छ ।

Downloaded from http://dhamma.digital/

तथागत स्वयं विराजमान हुने कोठालाई मुलगन्धकुटी भनिन्छ। किनभने यहाँ सधैं सुगन्ध छाइरहेको हुन्छ। उहाँ आवश्यक सफा-सुग्घर गर्ने काम आयुष्मान् आनन्दले गर्नुहुन्छ।

तर बुद्धलाई अनर्थ र अति भन्ने कहिल्यै मन परेन। घाम अस्ताउन अगाडि उपोसथ कर्म (भिक्षुहरूको आचरण सम्बन्धी आलोचना गर्ने विनायनुकुल विधि) गरिंदा सफा-सुग्घर देखिने गरी कुचो लगाउनै पर्छ भने बत्ति बाल्नु नै पर्छ भन्ने छैन। बोधिराजकुमारले निमन्त्रित बुद्धलाई स्वागत गर्न विशेष प्रकारको भूइँमा ओछ्याउने कपडा (Red Carpet) ओछ्याउन लगाए, तर बुद्धले त्यसैलाई उठाउन लगाएर मात्र द्वार भित्र प्रवेश गर्नु भयो।

**पूजाको प्रतीक रूप**

रूपलाई प्रतीक मानी पूजा गर्ने परम्पराको विकासले नै बुद्ध-पूजाको परम्पराको शुरुवात भयो। अनि देव-देवी देखिँदै आएपछि, अस्तित्वमा ल्याइएपछि यस्को परम्परा प्रतीकमय भावमा टाँसिँदै गए।

हाम्रो पूजामा नैवद्य हुन्छ, त्यसैले कसैको विचारमा चामल पुष्पको प्रतीक हो। तर सारभूत साँस्कृतिक अन्वेषकको दृष्टिमा चामलले पूजा गर्नु भोजनकै सरल प्रतीक हो। किनभने केही खानेकुरा प्राप्त हुँदैमा चामल फूलमा परिणत हुँदैन भने अर्कोतिर फूलको फूल अलग विषय हुन्। अझ बुद्धले पिण्डपात्रमा भोजन राखी सेवन गर्ने झैं पिण्डपात (गुलपा:) मा चामल भरी पिण्डपात समेत चढाउने पनि गरिन्छ। यसरी प्रतीकवाद प्रयोग एकपछि अर्को परिवर्तन हुने क्रममा वस्त्रको जजंका (मसिनो धागोले हातमा बाँध्नको लागि बनाइएको एक प्रकारको धागो वा माला) भयो, क्वखा (रातो कपडाको माला) भयो, जसरी अष्टपरिष्कारको जामा लुगा, ओढ्ने खास्तो, पछ्यौरा मात्रै भयो। पूजा भनेको आफ्नो श्रद्धापात्रको

Downloaded from http://dhamma.digital/

आवश्यकता वहन गर्नु नपर्ने गरी परिपूर्ति गरिदिनु हो । तर प्रतीकवादले यो आवश्यक र वान्छनीय सत्यलाई पन्छाई दियो । अनि आफूलाई चाहिए जस्तो, चाहे जस्तो भयो, वरदान प्राप्तिको लागि पूजा गर्ने चलन बस्यो ।

## बुद्धको महापरिनिर्वाणपछि पूजा

बुद्धको जीवन कालमा बुद्धपूजा सम्बन्धी विषय स्पष्ट छ। साँचै भन्ने हो भने आमिस पूजा अनुसार यहाँ बुद्ध पूजा पूर्ण भएको छ। यसपछि प्रतिपत्ति अर्थात् बुद्धद्वारा आज्ञा भए मुताविक आचरण गर्नु वा हृदय परिवर्तन गर्नु नै यथार्थमा पूजा हो ।

तर मानव श्रद्धालाई यसरी ज्ञानमा सीमित गर्न सजिलो छैन । त्यसैले तथागतले महापरिनिर्वाणावस्थामा श्रद्धालाई संवेगमा परिणत गर्न यसरी आज्ञा गर्नुभयो–

'आनन्द, श्रद्धालु कुलपुत्रहरूका लागि यी चार स्थानहरू दर्शनीय हुन्, संवेगनीय वा वैराग्य दायक हुन्– (१) जहाँ तथागतको जन्म भयो– लुम्बिनी, (२) जहाँ तथागतले बुद्धत्व ज्ञान लाभ गर्नुभयो– बुद्धगया, (३) जहाँ तथागतले अनुत्तर धर्मचक्र प्रवतन गर्नुभयो– सारनाथ र (४) जहाँ तथागतले अनुपादिशेष निर्वाण धातुले परिनिर्वाण प्राप्त गर्ने हुन्छ– कुसिनारा ।'

## पूजा वरदानको लागि होइन

गुणानुस्मरण गरी गर्ने बुद्धपूजा कुशल मनोबल उकास्न वा पवित्र संवेजन प्राप्त गर्ने तवरमा हुनुपर्छ। किनभने बुद्ध मार्गप्रदर्शक हुन्, मोक्षदाता वा वरदाता होइन । यौटा प्रसंग उल्लेख गर्नु प्रासांगिक होला–

नन्द र राहुल दुबै प्रव्रजित भैसकेपछि शुद्धोदन महाराजलाई असह्य पीडा

Downloaded from http://dhamma.digital/

हुन्छ । बुद्ध समक्ष विन्ति गर्दै– 'एकाहं भन्ते, भगवन्तं वरं याचामि ।' 'भन्ते भगवन्, म यौटा वरदान माग्दैछु ।' भनी सविनयपूर्वक याचना गर्छन् । प्रतिउत्तर दिनुहुँदै– 'अभिक्कन्तवरा खो जीवन तथागता'ति' अर्थात् 'तथागतको जीवन वरदान (प्रथा) रहित छ ।' भनी बुद्धले आज्ञा गर्नुभयो ।

'होइन भगवान्, जतिबेला हजूरले महाभिनिष्क्रमण गरी राजदरवार त्याग्नु भयो त्यतिबेला मेरो छाला खुइलिएको जस्तो भयो, फेरि जतिबेला नन्द भिक्षु भए त्यतिबेला मेरो मासुको चोक्टा काटे सरी वेदना भयो भने अहिले राहुलको प्रव्रज्याले त मलाई आफ्नो हड्डी नै धूलो-धूलो भएसरी असहच वेदनानुभूति भइरहेको छ । यस उसले अब उप्रान्त आमाबाबुको अनुमति विना कसैलाई पनि प्रव्रजित नगर्नुहोस् ।'

बुद्धले जवाफमा भन्नुभयो– 'यसो त म गर्न सक्छु, अब मबाट यस्तै हुन्छ ।' वास्तवमा यो कुनै वरदान नभई, सकारात्मक सुझाव मात्र हो र त्यसैले यो बुद्धबाट सुझावको लागि स्वीकृत मात्र हो न कि वरदान ।

## राजा मिलिन्दको प्रश्न

यहाँ प्रश्न उठ्न सक्छ कि बुद्ध-पूजा वरदानको लागि होइन भने के को लागि ? बुद्धको नाममा चैत्यादिको पूजा किन ? यस विषयमा केही केही जवाफ माथि पनि चर्चा भइसकेको छ । यसै विषयमा केही जवाफहरू राजा मिलिन्दबाट सोधिइएको प्रश्नलाई भन्ते नागसेनले प्रष्टचाउनु भएको जवाफमा पनि पाउन सकिन्छ ।

राजा मिलिन्दले सोधे,– 'यदि बुद्धले उनी प्रति गरिएको पूजा स्वीकार्दछन् भने उनले अझै निर्वाण पाइनसकेको र उनी अझै यस संसारमा कहीं न कहीं, कुनै न कुनै रूपमा रहिरहेको मानिनु पर्दछ । यस्तो हो भने पनि बुद्ध पनि अरु सरह

Downloaded from http://dhamma.digital/

सामान्य प्राणीमात्रै रहे । तब उनको पूजा गर्नु व्यर्थ छ । यदि बुद्धले निर्वाण पाइसकेका छन् र उनको अस्तित्व यस संसारमा बाँकी छैन भने त्यस अवस्थामा पनि बुद्धको पूजा गर्नु व्यर्थ नै छ। किनभने अस्तित्वमा नै नरहने गरी परिनिर्वाण भइसकेकालाई गरिएको पूजा स्वीकारिँदैन र स्वीकार नै नगरिएको पूजा स्वतः व्यर्थ हुनेछ। पुनः तथागतलाई पूजा गर्नु व्यर्थ हो।'

**अग्निको उपमामा नागसेनको जवाफ**

प्रतिउत्तरमा नागसने भन्तेले भन्नुभयो,– 'एकपल्ट दन्‌दन् बलेको आगो बलिसकेर निभेछ। के त्यसरी आगो बलेर निभिसकेपछि थपिएको सुकेको घाँस या दाउरालाई त्यो निभिसकेको आगोले स्वीकार्छ ?'

मिलिन्द : 'भन्ते नागसेन, बलेर निभिसकेको आगोले घाँस-दाउरा स्वीकार्दैन। वास्तवमा भन्ने हो भने दन्‌दन् बलिरहेको आगोले पनि घाँस-दाउरा स्वीकार गर्ने या नगर्ने भन्ने कुरा हुँदैन।'

नागसेन : 'त्यसो भए के त महाराज एकपल्ट बलेको आगो निभिसकेपछि यो संसार विहिन रहन्छ ?'

मिलिन्द : 'यो संसारमा कहिल्यै पनि आगो विहिन रहँदैन, भन्ते नागसेन। एकपल्ट बलेको आगो निभिएपनि आगो चाहनेले कुनै पनि बेला अरणी मथेर (रगडेर) फेरि आगो बाली आफ्नो काम चलाउन सक्छ।'

नागसेन : 'धेरै आगो बलेपछि आगो निभ्यो । (दाउरा हुँदाहुँदै पनि) त्यो (आफ्सेआफ्) पुनः बल्दैन। तर यसको अर्थ त्यसलाई बाल्नु हुँदैन भनिएको होइन। पुनः अरणी (दाउरा) आपसमा मथेर आगो बाल्न सकिन्छ। जसरी बलेको आगो बलिसकेपछि निभ्छ, त्यसरी नै भगवान् बुद्धले दश हजार लोकहरूसम्म आफ्नो धर्मको प्रभाव छोडेर परिनिर्वाण पाइसकेका छन् । बलेर निभिसकेको आगोले

Downloaded from http://dhamma.digital/

सुकेको घाँस-दाउरा नस्वीकार्ने झैं परिनिर्वाण पाइसकेको बुद्धले उनी प्रति गरिएको पूजा स्वीकार्दैनन् तर बलेको आगो निभेपनि आगो चाहनेले अरणी मथेर फेरि पनि आगो निकाल्न सक्ने झैं देवताहरू र मनुष्यहरू बुद्धको शरीर धातुको पूजा गरेर र बुद्धद्वारा प्रतिपादित ज्ञान मार्गको अनुसरण गरेर मार्ग, फल र निर्वाण पाउन सक्छन् ।'

**पंखाको उपमामा नागसेनको जवाफ**

नागसेन भन्तेले भन्नुभयो, – 'जसरी एकपल्ट बहेको आँधिबेहरी बहेर शान्त भएछ त्यसरी बहेर शान्त भइसकेको आँधिबेहरीमा पुनः दोहोऱ्याएर बहने चाहना हुँदैन ?'

मिलिन्द : 'भन्ते नागसेन, आँधिबेहरीमा पुनः दोहोऱ्याएर बहने चाहना हुँदैन । किनभने आँधिबेहरी भनेको चाहना रहित हुन्छ ।'

नागसेन : 'त्यसोभए एकपल्ट बहेको आँधिबेहरी शान्त भइसकेपछि हावा जति जम्मै समाप्त हुन्छ ?'

मिलिन्द : 'त्यसो हुँदैन, हावा त पंखा या चमर हम्कने वित्तिकै फेरि चल्न थाल्छ । घामको तापले अथवा जरोको तापले गर्मी सहन नसक्ने मान्छेले कुनैपनि बेला कसैलाई पंखा या चमर हम्काउन लगाएर गर्मी हटाउन हावा चलाउन सक्छ ।'

नागसेन : 'आँधिबेहरी बहे झैं भगवान् बुद्धले दश हजार लोकसम्म अति शितल, अति स्वच्छ र अति शान्त प्रकृतिको मैत्री रूपी हावा बहाएका छन् । जसरी एकपल्ट बहेको आँधिबेहरी थामिएपछि सम्पूर्ण वातावरण शान्त हुन्छ, त्यसरी नै अति शितल, अति स्वच्छ र अति शान्त प्रकृतिको मैत्री सर्वत्र फैलाएर भगवान् बुद्धले अनुपादिशेष परिनिर्वाण प्राप्त गरिसकेका छन् । जसरी एकपल्ट बहेर थामिसकेको आँधिबेहरीमा पुनः दोहोऱ्याएर बहने चाहना हुँदैन त्यसरी नै परिनिर्वाण

Downloaded from http://dhamma.digital/

पाइसकेका बुद्ध कसैको पूजा स्वीकार नगर्ने अवस्थाबाट पूर्णतया मुक्त भइसकेका छन् । त्यसो भएपनि आँधिबेहरी बहेर थामिसकेपछि गर्मी हटाउन हावा चाहनेले पंखा या चमर हम्केर हावा पाउन सक्ने झैं राग, द्वेष र मोहरूपी सन्ताप हटाउन चाहने देवताहरूले र मनुष्यहरूले बुद्धको शरीर धातुको पूजा गरेर र बुद्धले प्रतिपादन गरेका धर्मानुसार आचरण गरेर कुशल धर्म उत्पन्न गरी राग, द्वेष र मोह हटाउन सक्छन् ।'

यसबाट स्पष्ट हुन्छ कि बुद्ध-पूजा गर्नु भनेको उहाँको गुणानुस्मरण र गुणानुकरण गर्नु हो । उपरोक्त उल्लेखित कुराहरूबाट अर्को एउटा कुरा यो पनि स्पष्ट हुन्छ कि नागसेन भन्तेले आचरणलाई पूजासँग सम्बन्ध गाँस्नु भएको छ भने राजा मिलिन्दको समयसम्ममा पनि विशेषतः अस्थि अवशेषको पूजा हुने गरेको देखिन्छ । जतिबेलादेखि बुद्धको मूर्ति र चैत्य-पूजाको प्रचूरता देखिए, विस्तारै विस्तारै बुद्धलाई आराध्य देवको रूपमा पूजिने प्रथा प्रारम्भ हुँदै गए । त्यसपछि विस्तारै समय अन्तरालसँगै अनैतिहासिक, काल्पनिक वा प्रतीकमय देव-देवीको क्रममा बुद्धलाई समेत राखिए भने बुद्धलाई श्रेष्ठ मान्ने वा पूजा गरिंदै जाने प्रयास हुँदै गए । यसको प्रमाणका लागि लंकाका राजा पराक्रमबाहुको समकालीन पं. रामचन्द्र भारतीयको 'भक्तिशक्तम', हर्षदेव भूपतिको 'दशबलास्तवस्तोत्र', अझ प्रतीकात्मक रूपको 'जय नम श्री बुद्ध भगवान् लुम्बिनी वनस बिज्यात' आदि स्तोत्रहरू हुन् ।

**प्रतिपत्ति पूजा**

बुद्धको आज्ञानुसार प्रतिपत्ति पूजा नै वास्तविक पूजा हुन् । अर्थात् तथागतद्वारा आज्ञा भए अनुसार कर्म सुधार गरिंदै जानु नै वास्तविक रूपमा बुद्धलाई पूजा गर्नु हो ।

भगवान् बुद्धले भिक्षुहरूका लागि विनयमा आमिस पूजालाई आपत्ति ज्ञापन

Downloaded from http://dhamma.digital/

गर्नु भएको छ। भिक्षुहरू आमिस पूजामा मात्र सीमित नरही त्यस भन्दा अगाडि बढी सम्पूर्ण संस्कारगत अनित्यतालाई मनमा धारण गर्ने, ध्यान-भावनाको निरन्तर अभ्यास गर्ने, सत्यासत्यलाई आत्मसात गर्ने, कलुषित भाव हटाई मनको क्लेशलाई नाश गर्दै चित्तलाई शुद्धितर्फ मोड्ने, मनलाई पवित्र गर्ने कार्यमा लीन हुने कर्म अभिवृद्धि गर्दै जानु पर्छ। यही नै भिक्षुहरूको कर्तव्य पनि हो।

त्यसैले बुंद्ध भन्नुहुन्छ –

'अत्त दीप भिक्खवे, विहरत अत्तसरणा अनञ्ञसरणा, धम्म दीपा धम्मसरणा अनञ्ञ सरणा।'

'भिक्षुहरू आफ्नो दीप (ज्योति) आफै होऔ, आफ्नो शरण आफै होऔ, धर्म-ज्योतिको शरणमा नै जाऔ अन्य शरणमा होइन।'

(बुद्ध सम्बत २५१० मा भिक्षु सुदर्शन महास्थविरद्वारा नेपाल भाषामा रचित यस 'चैत्य पूजा' लाई सक्दो लेखकको भावनालाई समेट्ने प्रयास गरिएको छ। बु. सं. २५४३ मा प्रकाशित 'बहुजन हिताय, बहुजन सुखाय' मा पनि उक्त नेपाल भाषामा रचित रचना संग्रह गरिएको छ। मोतिकाजी शाक्यद्वारा अनुदित मिलिन्द प्रश्नको अग्नि र पंखाको उपमालाई पनि उपयोग गरिएको छ। – अनु. – सं.)

'अस्तु'

Downloaded from http://dhamma.digital/

## चैत्य पूजा–अभ्यास – २

१) 'पूजा' भन्नाले के बुझ्नु हुन्छ ? सरल भाषामा प्रस्तुत गर्नुहोस् ।
२) पूजा कति प्रकारका छन् ? संक्षिप्तमा परिचय दिनुहोस् ।
३) आमिस-पूजा भन्नाले के बुझ्नु हुन्छ ?
४) आमिस-पूजा अन्तर्गत भोजन र चीवरको महत्वलाई प्रस्तुत गर्नुहोस् ।
५) गिलान प्रत्यय भन्नाले के बुझ्नुहुन्छ ?
६) सयनाशन भन्नाले के बुझ्नुहुन्छ ?
७) पुष्प र सुगन्धले किन पूजा गरिन्छ ?
८) पूजाको प्रतीक 'रूप' हो । स्पष्ट पार्नुहोस् ।
९) भगवान् बुद्धले आफूलाई पूजा गर्ने वा नगर्ने विषयमा के उपदेश दिनु भएको छ ?
१०) वास्तवमा वरदानको लागि पूजा गर्नु व्यर्थ हो भन्ने कुरालाई आफ्नै भाषामा स्पष्ट पार्नुहोस् ।
११) बुद्ध-पूजा सम्बन्धी राजा मिलिन्दले भन्ते नागसेनसँग कस्तो जिज्ञासा राखेका थिए ?
१२) भन्ते नागसेनले बुद्ध-पूजा सम्बन्धी जिज्ञासामा आगोको उपमा दिई कसरी स्पष्ट पार्नुभयो ?
१३) पंखाको उपमालाई आफ्नै भाषामा बुझाउनु पर्दा कसरी बुझाउनु हुन्छ ?
१४) 'बुद्ध-पूजा गर्नु भनेको यथार्थतः उहाँको गणानुस्मरण र गुणानुकरण गर्नु हो' भन्ने कुरालाई पुष्टि गर्नुहोस् ।
१५) भगवान् बुद्धले भिक्षुहरूका लागि आमिस पूजा भन्दा प्रतिपत्ति पूजाको बढी महत्वपूर्ण छ भनी किन आज्ञा गर्नु भएको हो ?
१६) 'पूजा' को महत्व र विशेषता उल्लेख गरी दुइसय शब्दमा एउटा निवन्ध लेख्नुहोस् ।

Downloaded from http://dhamma.digital/

# आदर्श बौद्ध महिलाहरू


लेखिका

विद्यावती 'मालविका'

नेपाली अनुवाद

सम्यक्सम्बोधि प्राणपुत्र

(अनु. नेपालभाषा : अनागारिका माधवी)


Downloaded from http://dhamma.digital/

## द्वितीय खण्ड :

# १. महाप्रजापती गौतमी

हिमालयको फेदीमा कोलिय वंशीय राजाको राजधानी देवदह नामक शहर थियो। त्यहाँको यशस्वी राजा सुप्रबुद्धका दुइटी रूपवती छोरीहरू थिए। एउटी महामाया र अर्की प्रजापती। रूप र गुणको सजीव मूर्ति भइरहेका यिनीहरूको यौवनावस्थाको विहानीपखमा नै कपिलवस्तुको राजा सुद्धोदनसँग विवाह भयो । जेठी भएकीले महामाया प्रधान राजमहिषी भइन् र प्रजापती द्वितीय । उसैलाई नै गौतम वंशीय बुहारी भएकीले प्रजापतीलाई "महाप्रजापती गौतमी" भनेर पनि बोलाउन थालियो । प्रधान राजमहिषीबाट, हाल रूपन्देही जिल्ला लुम्बिनीको शालवनमा वैशाख पूर्णिमाको दिन पावन पर्वमा असंख्य उत्तम लक्षणयुक्त भएको सिद्धार्थको जन्म भयो । पुण्यशीला अग्रमहिषी महामायाले भने सिद्धार्थ जन्मेको सातौं दिनमा नै आफ्नो शरीर त्याग्नु पऱ्यो।

महाराज सुद्धोदनलाई अपूर्व गुणयुक्त बच्चा हुर्काउन चिन्ता हुनथाल्यो, किनकि जुन बच्चालाई ज्योतिषि, सामुद्रिक शास्त्री तथा महामुनिहरूले चक्रवर्ति नरेश अथवा प्राणी मात्रको हृदय देवता हुने भन्ने भविष्यवाणी गरेका थिए। त्यसैले उसलाई सुयोग्य व्यक्तिको हातमा सुम्पिनु परिरहेको थियो। देवी प्रजापती गौतमी आफ्नी दिदीप्रति अगाध श्रद्धा र स्नेह राख्दथिन् । महामाया देवी परलोक भएपछि प्रजापती गौतमी प्रधान राजमहिषी भइन्। त्यसै दिन उसको पनि छोरा जन्मियो । जसको नाम नन्द राखियो । तर स्नेहीमयी गौतमीले आफ्नो बच्चा धाईआमाको हातमा सुम्पेर बोधिसत्व सिद्धार्थलाई आफ्नो छोरासमान पालन गर्ने भार सम्हालेर आफुलाई आफैले धन्य सम्झिइन्। आफ्नी दिदीप्रति अर्पण गरिएको अगाध श्रद्धाको फलस्वरूप उनले शान्ति एवं ममतायुक्त भएर सिद्धार्थको पालनपोषण गरिन् । उनको ममतामय मातृप्रेममा कुमार सिद्धार्थले दया, दान कार्यकुशलता एवं अनेक

Downloaded from http://dhamma.digital/

गुणको साथसाथै विद्याभ्यास गऱ्यो। फेरि यशोधरा जस्ती बुहारी पर्न आएकीले देवी गौतमी झन् हर्षले गद्गद् भइन्।

छोरा सिद्धार्थको जुनसुकै काममा उत्साहित भइबस्ने गौतमीको मातृहृदयमा उत्साहित गृहत्यागले अति नै चोट पऱ्यो। तापनि त्यागमयी यशोधराको दुःख देखेर उनले आफ्नो दुःखलाई विर्सेर दिन बिताइन्। सिद्धार्थले धेरै वर्षसम्म कठिन तपश्या गरी मार विजय गरी धर्मचक्र प्रवर्त्तन गरिसकेपछि भगवान् बुद्धले अमृतोपदेश द्वारा प्राणी मात्रलाई तृप्त गर्नु हुँदै कपिलवस्तुतिर पाल्नुहुँदा देवी गौतमीको एक्लो छोरा नन्द पनि भर्खरकी तरुनी युवती र राजसिंहासनलाई त्यागगरी त्रिरत्नको शरणमा गयो। यशोधराको एउटै मात्र छोरा राहुलले पनि प्रव्रज्या ग्रहण गऱ्यो। उसैको कल्याणकारी उपदेशले देवी प्रजापती त झन् नै धेरै प्रभावित भइन्। तब उनले विश्वकल्याणको मार्गमा हिंडेर सर्वस्व त्याग गर्ने आकांक्षा देखाइन् तर भगवान् बुद्धले बन्धनमा मात्र बसिरहने महिलाहरूलाई त्यागमय साधनापथमा आउने आज्ञा दिनुभएन। तापनि उनले निराश नभइकन पाँचसय महिलाहरूलाई यस असल विचारले प्रभावित गरिदिइन्।

एक समय भगवान् वैशालीको उपवनमा धर्मोपदेशको अमृतवृष्टि गर्नुहुँदै प्राणी मात्रलाई मंगल गरिरहनुभएको थियो। त्यस समयमा हृदयमा उत्साह र गम्भीरताले भरिएकी देवी गौतमी पाँचसय शाक्य सुकुमारीहरूसँग कपिलवस्तुदेखि वैशालीसम्म पैदल हिंडिन्। सुकुमारीहरूको अनुहार ओइलाएर जान थाल्यो तापनि हृदयमा उच्च श्रेणीको संकल्प थियो, त्यो थियो भिक्षुणीसंघको स्थापना गर्नु। जब भगवान्को प्रिय हुनुभएको शिष्य आनन्दले ध्यान दिनुभयो तब महाकारूणिक भगवान्सँग सोध्नुभयो "भन्ते! के तपाईको मुक्तिदायक धर्ममा नारी वर्गको कल्याण हुने मार्ग छैन कि ?"

Downloaded from http://dhamma.digital/

भगवान्‌ले आफ्नो मंगलमय वचनले आफ्नो धर्म सबैको लागि पनि हो भन्नुभयो। फेरि आनन्दले निवेदन गर्नुहुंदा उहाँले महिलाहरूको लागि पनि भिक्षुणी हुने त्यो ऐतिहासिक स्वीकृति प्रदान गर्नुभयो। नारीवर्गको लागि त्यस गौरवनीय स्वर्णिम दिन हो। जहिले समान अधिकारकी नेत्री देवी गौतमीको कठिन प्रयासको परिणामस्वरूप सबैभन्दा पहिले भिक्षुणीसंघको स्थापना भयो। पाँचसय शाक्य सुकुमारीहरूले पनि काषायवस्त्र धारण गरे। देवी गौतमी उनीहरूको नायिका बनिन् यी साधिकाहरूले आफ्नो साधनाद्वारा भगवान्‌लाई प्रसन्न गरे। तब उनीहरूलाई पनि उपसम्पदा एवं भिक्षुहरूलाई जस्तै अन्य अधिकारहरू प्राप्त भए।

कतिका जन्मदेखि साधना गर्दै अवतरण भएकी गौतमीको यस जन्म अन्तिम जन्म हो, जसले सिद्धार्थजस्ता दिब्य पुत्ररत्नलाई पालन गरिन् फेरि जसले भगवान्‌को उपदेशद्वारा समाधियोग, एकाग्रचिन्तन र अलोकिक ध्यान गरी अरहन्त पद पनि प्राप्त गरिन्। वैशालीको कुटागारशालाको नगिच रहेको महावनमा पाल्नुभएको समयमा प्रजापती गौतमीले पनि भिक्षुणीसंघसहित त्यहीं नै बसिरहेकी थिइन्। ऐकदिन चारिकापछि उहाँले विचार गर्नुभयो। भगवान्‌को परिनिर्वाण, कुमार नन्द, त्यसै गरी राहुलको निर्वाणलाई उहाँको ममतामयी हृदयले कसरी सहन गर्ला ? त्यसैले स्वयं आफैले पहिला देहत्याग गर्नेछु। यही कारणले उहाँले भगवान्‌सँग विन्ती गर्नुभयो। भगवान्‌ले शान्त एवं गंभीर वचनले उहाँहरूलाई उपदेश दिनुभयो, जसले गर्दा उहाँले समाधिमा बसेर परम शान्तमय निर्वाण लाभ गर्नुभयो।

भगवान्‌प्रति देवी गौतमीको अटूट श्रद्धा थियो। अतः उहाँलाई विश्वकल्याणको हेतुले अवतरण भएको सम्झिने गर्नुहुन्थ्यो। थेरीगाथामा उहाँले कतिसम्म भावुकता र सरसताले भन्नुभएको थियो भन्ने प्रमाण यसप्रकार छ -

Downloaded from http://dhamma.digital/

"सुगत ! म एउटी आमा हुँ र तरपनि हजुर मेरो पिता हुनुहुन्छ।" किनकि उहाँले तथागतको पालन गरिन् तर भगवान् बुद्धले बुबाले जस्तै गरी उहाँहरूलाई ज्ञान एवं अनुपम उपदेशद्वारा अभिनव शान्ति प्रदान गर्नुभयो। अर्को ठाउँमा पनि भनिएको छ -

"अहो ! बहुजन हितको लागि महामायाले गौतमलाई जन्म दिइन्, तब उहाँलाई प्राणीहरूलाई वृद्धत्व, रोग र मरणभयले मुक्त गरिदिनुभयो। आज म पनि दुःख निरोधगामी आर्य अष्टाङ्गिक मार्गमा विचरण गरिरहेकी छु।"

"बुद्धवीर ! मैले हजुरलाई वन्दना गरें। हजुर श्रेष्ठ हुनुहुन्छ। म जस्तै कति नारीहरूलाई दुःखरूपी आगो ज्वालाबाट उद्धार गरेर यहाँले शान्तिको वरदान दिनुभयो। यो मेरो अन्तिम जन्म हो। यहाँ ज्ञानले गरेर ममा अहिले तृष्णा नष्ट भइसक्यो, तिमीले प्राणीहरूको दुःख नाश गरिदिनु भएको छ।"

कतिसम्म श्रद्धा भएकी, कतिसम्म भक्ति भएकी, महाकारुणिक कल्याणकारी उपदेशमाथि। धन्य हो त्यस नारीरत्नलाई जसको ध्येय नै संसारको सारा प्राणीहरूलाई मंगल होस् तथा सारा ज्ञान प्राप्त गरेर जीवन मुक्त होस् भन्ने थियो। त्यस नारी जगतनेत्री महान् हो, जसले महिलाहरूलाई पुरुषहरूको समकक्षमा पुऱ्याएर अमृततत्व प्राप्त गराएर महिलाजातिको कल्याण गरिदियो।

## आदर्श बौद्ध महिलाहरू–अभ्यास – १

१) प्रजापती गौतमीको मातृवात्सल्य कस्तो थियो ?

२) प्रजापती गौतमी किन बुद्ध शासनमा प्रव्रजित हुने इच्छा गरिन् ?

३) प्रजापती गौतमीले कसरी भिक्षुणी दीक्षा प्राप्त गरिन् ?

४) बुद्धशासनमा प्रजापती गौतमीको बारे चर्चा गर्नुहोस् ?

५) 'सुगत ! म एउटी आमा हुँ र तरपनि हजुर मेरो पिता हुनुहुन्छ।' यस कथनलाई स्पष्ट पार्नुहोस्।

---

Downloaded from http://dhamma.digital/

# २. खेमा

आमा-बुबाको प्रीय सागल देशको राजकुमारी क्षेमा (खेमा) मानौं सौन्दर्यको साकार जस्तै थिइन्। उक्त शौभाग्य सालिनी रूपवती खालि बाहिरी रूपले मात्र राम्री देखिएकी होइनन् किन्तु भित्री रूपले पनि त्यत्तिकै राम्री थिइन्।

चम्पाको फूल जस्तो सेतो छाला भएकी सुन्दरी खेमाको जन्म सागल राजाको ठाउँमा भएको हो। आमा-बुबाले आफ्नी प्रीय पुत्रीलाई शिक्षा दीक्षा दिलाउने प्रबन्ध गरिदिनु भयो। उमेर चढ्दै आइसकेपछि खेमाको सौन्दर्य सँगसँगै गुण पनि धेरै नै बृद्धि भएर गए। यस्ती रूपवती र गुणवतीसँग विवाह गर्न अनेक राजकुमारहरूले सागलको अधिपतिसँग अनुरोध गर्न आए, ती मध्ये मगधका यशस्वी नरेश बिम्बिसार पनि एक हुन्। सागल राजा र महारानी यस्ता योग्य वरको हातमा आफ्नो स्नेहमयी, गुणवती छोरी दिन पाएकोमा धेरै खुशी थिए। त्यस्तै राजनन्दिनी खेमाले मगधका राजमहिषीहरूको समूहमा अग्रस्थान प्राप्त गरिन्। उनको प्रिय बिम्बिसारको सबै प्रेम आफ्नो योग्य पत्नीलाई प्राप्त भयो।

मगध नरेश बिम्बिसारको भगवान् बुद्धमाथि अपार श्रद्धा थियो। जुनबेला देखि सिद्धार्थ राजवैभव त्यस्तै ममतामयी परिवारको स्नेहलाई त्याग गरी ज्ञान खोज्नको निम्ति बाहिरिनु भयो त्यति बेलादेखी मगधराजाले उनलाई वैभव त्याग नगरी पुनर्गमनको निम्ति निवेदन गरे किन्तु आफ्ना दृढ निश्चयको कुरा मगधराजालाई बताई राजकुमार सिद्धार्थले सांसारिक बन्धनमा बाँध्न स्वीकार गर्नुभएन। अनि मगध नरेशले निवेदन गर्नुभयो– **"जहिले तपाईं मुक्ति मार्गलाई जानी लिनुहुन्छ त्यसबेला मलाई पनि ज्ञान दानले तृप्त पार्नुहोस्।"**

ऋषिपतन मृगदावनमा धर्मचक्र प्रवर्तन गरी अमूल्य र राम्रो उपदेशलाई बताई भगवान् बुद्ध राजगृहमा जानुभयो। त्यस्तै महाराज बिम्बिसारको निमन्त्रणालाई

Downloaded from http://dhamma.digital/

स्वीकार गरी मगध जानुभयो । महाराजाले आफ्नो भाग्य माथि धन्य सम्झनु भयो । साथै वेणुवन भन्ने अति राम्रो उपवन तथा विहार भगवान् र भिक्षु सङ्घलाई अर्पण गरिदिनुभयो । उहाँले दिनहुँ भगवान्कहाँ जानु भई उपदेश ग्रहण गर्नेतिर उनको रूप लावण्यले परिपूर्णजहानप्रिय प्रधान महिषी सधै नै भगवान्को दर्शनबाट पछि हट्ने मात्र प्रयत्न गर्नेगर्थ्यो । यद्यपि गुणवती खेमा शास्ताप्रति श्रद्धा भएकी नारी थिइन् । परन्तु उनलाई भय थियो कि भगवान् सुगतले भने सौन्दर्यलाई तुच्छ पारी दिने गर्नुहुन्थ्यो । तर उनी आफ्नो रूपमाथि अभिमान भएकोले कसैले पनि रूपलाई तुच्छ नगरिदेऊन् भन्ने आफ्नो चाहना राख्दथिइन् ।

यसप्रकारले स्वयं आफ्नो इच्छाले महारानी नगएकोले उनको हृदयश्वर महाराजले काव्य र संगीतले महारानीलाई वेणुवनको प्रशंसा गरी गीत सुनाउनु भयो । कला प्रिय नारीको मन वेणुवनमाथि आकर्षित भयो । साथै विहारमा जाने इच्छा जागृट हुन्छ । पंक्षीहरूको शब्द, फूलहरूको शोभा त्यस्तै रमाइलो प्राकृतिक वातावरणमा रानी रमाउन थालिन् । तर ऊ दरबारमा फर्कन लागेको बेलामा उसलाई त्यहीं बाटोबाट ल्याएको थियो, जहाँबाट महाकारुणिक हरियो रूखको छहारीमा बसी अपूर्व शान्ति सुधा वर्षा गरी बस्ने हो । महाकारुणीकले आफ्नो करुणा दृष्टिले हेर्दा रानीलाई ज्ञान दिन योग्य हुने सम्झेर शास्ताले आफ्नो अलौकिक योग बलले एउटा अति नै राम्री अप्सरा प्रकट गर्नुभयो, जसले आफ्नो सुन्दर हातले पंखाले उहाँलाई हम्काइरहेको थियो ।

मगधका सौन्दर्यमयी राजमहिषीले उक्त दिव्यउपदेश शास्तालाई अलौकिक रूप भएको अप्सराले पंखाले हम्काइ रहेको देखेपछि उनी श्रद्धाले झुकिन् र विचार गरिन्– म पनि कस्तो मान्छे : यस्ता देवता मेरो घरमा पाल्नु भएर पनि म दर्शन

Downloaded from http://dhamma.digital/

गर्नबाट टाढा भै राखें। एकछिन पछि उसले देख्यो– "उक्त तरुणीको रूप परिवर्तन हुँदै गएर छाला चाउरिएको भयो, साथै बुढी भएर गयो। उसको रूप नष्ट भएर गयो, दाँत झरेर गयो, कम्मर बाङ्गिदै गयो, फेरी तेज बिलाएर गयो।" राजमहिषी खेमा रूप भन्ने तुरुन्त परिवर्तन भएर जाने भनेर देखी झस्ल्याङ्ग भयो। उनको मन भयभीत हुन्छ। अनि भगवान्को शरण गई आफ्नो भूललाई स्वीकार्दछिन्। शास्ताले उसलाई सम्झाई धर्मको उपदेश दिनुभयो र त्यसपछि बुद्धिमती खेमाको अभिमान चूर्ण भएर गयो।

शास्ताको दर्शन गरी रानी राजप्रासादमा फर्किनुभयो र प्रव्रज्याको निम्ति आफ्नो पति मगधराजसँग अनुमति माग्नुभयो। आफ्नो प्रियपत्नीबाट वियोग हुने कुरा सुनी राजाको मन खल्बलियो तैपनि आफ्नो पत्नीको मङ्गलमय बाटोमा उनी बाधक नभई आफ्नो मनलाई दहो बनाई सहर्ष प्रव्रज्या हुने अनुमति दिनुभयो।

सुनको पालकीमा बसी मगध राजमहिषी भिक्षुणी संघको निवासमा प्रवेश गरिन्। त्यहाँ गई विधिवत् प्रव्रजित भई काषायवस्त्र धारण गर्नुभयो। साथै कठिन साधना गरी अर्हत्व प्राप्त गर्नुभयो। शास्ताले पनि उनलाई महाप्रज्ञावतीको दर्जा प्रदान गर्नुभयो।

अति नै राम्री भएकी कारण साधिका खेमालाई पथ-विचलित गर्नलाई मार र कामुक पुरुषहरूबाट धेरै नै कोशिस भए किन्तु शास्ताको शरणमा गई त्रिरत्नप्रति धेरै नै श्रद्धा राखेर बसेका प्रज्ञावती भिक्षुणीले सबैलाई जिती अर्हत हुनु भयो।

मारसँग वादविवाद भएको र सुन्दर गाथा आजपर्यन्त पनि उनको ज्ञान र श्रद्धाको स्मृति भइराखेको छ।

मारले स्वयं एक तरुण भई भन्यो– "**खेमा तिमी असाध्यै राम्री युवती हौ; त्यस्तै म पनि एक युवक हुँ ; तसर्थ हामीले विषय सुखको (कामवासनापूर्ण) आनन्द लिऔं।**" शास्ताको उपदेश पालन गरिराख्ने सुविज्ञा खेमाले "**मैले जुन कामतृष्णा**

Downloaded from http://dhamma.digital/

**भाला जस्तै रोपीने हो भनेर भनें तिमीले त्यसलाई आनन्द दिने भनेर भनी राखेको र ? मैले भगवान् सम्यक्सम्बुद्धलाई पूजा गरिराखेको छु, शास्ताको शासनलाई पालन गरी म सबै दु:खबाट मुक्त भइसकें"** भनेर जवाफ दियो ।

## आदर्श बौद्ध महिलाहरू–अभ्यास – २

१) बुद्धिमत्ती खेमाको अभिमान कसरी चूर्ण भयो ?

२) खेमाको सौन्दर्यका विषयमा चर्चा गर्नुहोस् ।

३) खेमाको हृदय कसरी परिवर्तन भयो ? प्रव्रज्याको लागि उनले कसरी अनुमति पाइन् ?

४) खेमाको मारसँग के-कस्तो वादविवाद भएको थियो ?

५) खेमा महारानीको जीवनीलाई आफ्नै शब्दमा प्रस्तुत गर्नुहोस् ।

Downloaded from http://dhamma.digital/

# ३. सुजाता

निरञ्जना नदीलाई आजकाल फलगु नदी भनिन्छ। यो नदीको एकातिर बुद्धगया अर्कोतिर सेनानी वन थियो। भनाई छ, सेनानी नामको सरदारको नामले त्यो वन र गाउँको नाम सेनानी भएको हो। सेनानीको दायाँबायाँ धेरै खेतबारी र गाइबस्तु छन्। यो सेनानी गाउँ त्यही उरुवेलको पवित्र प्रदेशमा समावेश छ जहाँ कुमार सिद्धार्थले ज्ञान प्राप्तिको लागि अति गाह्रो तपस्या गरी बुद्धत्व प्राप्त गर्नुभएको थियो। फेरि प्राणीमात्रको कल्याण गर्नुभयो। आज पनि त्यहाँ पिपल बोट, वरको बोट, तित्रीको बोट, आँपको बोट र जामुनको बोटको शोभाले मानिसहरूलाई मुग्ध गरिरहेको छ। साँच्चै नै त्यहाँको धूलो धूलोमा पवित्रताको वासना देखिन्छ।

त्यही सेनानीको गुण व रूपले युक्त भएकी कन्यारत्नको नाम हो सुजाता। आफ्नो सौन्दर्यको उसलाई अलिकता पनि अभिमान छैन। उसले मुसुमुसु हाँस्दै आफ्ना बाबाका गाई वस्तुहरूलाई खुवाउने पिलाउने र हेर-विचार गर्दथिन्। कहिलेकाहीं मुग्धजस्तै गाइहरूलाई टाटेपाटे गोरुहरूलाई स्नेहपूर्वक हेरिरहन्थिन्। सुशीलता र नम्रताले उसको निर्विकार अनुहार संधै राम्रो हुनुको साथै नरम कलिलो देखिन्थ्यो। जसले उसलाई भेट्दछ ऊ नरमाइकन बस्न सक्दैनथ्यो। विनयशील सुजाताको गाउँनजिक रहेको वरको बोटमा वृक्षदेवता छ भनी अति श्रद्धा राख्दथिन्। त्यस समय साँच्चैकै हृदयदेखि केही कुनै वस्तुको कामना गरेमा अवश्य पनि पूर्ण हुन्छ भन्ने किंवदन्ति प्रचलित थियो। श्रद्धामयी सुजाताले पनि वरको बोटमा वृक्षदेवतासँग वर मागिराखिन् - "मनले सोचेभैं लोग्ने पाइयोस् फेरि पहिलो जन्मिने छोरा नै होस्। मैले पानी एक थोपा नराखेको दूधको खीर पकाएर नैबैद्य चढाएर पूजा गर्ने छु।

Downloaded from http://dhamma.digital/

असल-असल गुणले अति नै राम्री त्यस महिलाको ढोकामा यौवनले पाइला सार्‍यो । फेरि एकजना राम्रो र त्यसै गरी अशलअशल गुणले युक्त भएको सज्जन कुलको एकजना तन्नेरीसँग उसको विवाह भयो । उसको मन परेकी आफ्नी विवाहिता स्वास्नीलाई अति नै हेरविचार गर्दथ्यो । साथै उसको प्रसन्न अनुहार हेरेर मक्ख फ्रुल्लित भएर बस्थ्यो । नरम हृदय भएकी सुजाताले पनि आफ्नो लोग्नेको सुखमा नै आफ्नो सुख सम्झिने गर्दथी । जहिले पनि उसप्रति आफ्नो कर्तव्यको ध्यान राखी बस्दथिन् । केही समयपछि प्रसन्नले युक्त सुजाताको एउटा बच्चा भयो त्यो पनि छोरा नै । सुजाताको कामना पूर्ण भयो । दुई दम्पतिको पनि प्रसन्नताको सीमा नै रहेन । श्रद्धामयी सुजाताको मनमा वृक्षदेवताप्रति कृतज्ञताले चुलि भरियो । उसलाई मनले सोचेझैं लोग्ने साथै राम्रो छोरा दुबै प्राप्त भयो ।

पूजा गर्न आफ्नो लोग्ने र बच्चा लिएर त्यसैले ! ऊ माइति आइन् । वैशाख पूर्णिमाजस्तो अशल दिनमा उसले आफ्नो वृक्षदेवताको पूजा गर्ने दिन तोकिन् । हरेक वर्ष त्यस वृक्षदेवताको सम्मानमा पूजा गर्दै आइन् । यसमा पनि त्यसरी नै उत्साहपूर्वक पूजाको तयारी गरिन् । नैवैद्य बनाउन दूधको आवश्यकता भएकोले दूधको लागि राम्रो प्रबन्ध गरिन् । हजारवटा गाईको दूध दुहेर पाँचसय गाईलाई पिलाएर फेरि त्यही पाँचसय गाईको दूध दुहेर दुईसय पचास गाईलाई पिलाएर, यसरी गर्दै गाईको दूध गाईलाई मात्र पिलाउँदै पुष्ट गर्दै आफूलाई मन परेको आठवटा गाईको दूधले उसले वैशाख पूर्णिमाको दिन खीर पकाइन् । तब एउटी दासीलाई बरको बोट वरीपरी सफा गर्न पठाइन् र आफैले श्रद्धापूर्वक पूजा सामाग्री ठीक पारिन् ।

दासीले बरको बोटनजिकै एकजना दिब्यपुरुष साधनामा लिन भएको देखिन् । दासीले उसलाई साँच्चैकै वृक्षदेवता सम्झेर ऊ रमाइन् र तुरून्त नै ऊ

Downloaded from http://dhamma.digital/

रुखमुनि सफासुघर गरी प्रसन्न हुँदै आफ्नी मालिक्नीकहाँ गएर एउटै श्वासले त्यस दिव्य देवताको वर्णन गरिन् ।

"साक्षत वृक्षदेवता !" सुजाताको मन नाच्न थाल्यो । लुगा गहना लगाएर सुनको थालीमा त्यस पानीरहित खीर राखेर कल्याणी सुजाता बरको बोट भएको ठाउँमा पुगिन् । फेरि कतिबेरसम्म त्यो तेजश्वी महान साधकलाई आँखा झिमिक्क नै नपारी हेरिरहिन् । उसले विचार गरिन् कि उसको पुण्यले उसलाई साक्षत देवताको दर्शन दियो । ऊ श्रद्धाले निहुरिइन् । फूल र धूप बत्तीले पूजा गरी वन्दना गरिन् । तब पानीरहित वास्नादार खीर समर्पित गर्न आफूपनि देवताजस्तै एक डेक नचलिकन बसेर ध्यान समाप्त हुने प्रतिक्षा गर्दै बसिन् । दासी त प्रसन्न हुँदै नाच्दै उसको गुणगान नै गर्दैरहिन् । वर्षौवर्ष साधनामा तल्लीन हुनुभएको भगवान्को ध्यान पूर्ण भयो, आँखा खुल्यो ।

खुशीले भरिएको श्रद्धाले सुजाताले प्रार्थना गरिन्- "देव ! मेरो मनोकामना पूर्ण भयो । तपाईलाई यो खीर अर्पण गर्न आइरहेकी छु । देव ! मैले सोचेझै लोग्ने पाइयो । पहिलो बच्चा छोरा नै जन्मियो । देव ! म सन्तुष्ट भएँ । त्यसैले यो खीर पनि ग्रहण गरेर मलाई कृतार्थ गर्नुहोस ।"

भगवान्ले निरञ्जनाको पानीमा नुहाउनुभयो, निरञ्जना धन्य भयो । वर्षौवर्ष कठोर तपस्या र उपवासपछि उहाँले त्यो खीर खानुभएर नयाँ बलको अनुभव गर्नुभयो । तब गम्भीर वचन भन्नुभयो- "शुभे ! मैले तिम्रो छोरालाई यशस्वी होस् भनी आशीर्वाद दिन्छु । तिमीले धर्म भनेकोलाई के भनेर बुझिराखेकी छौ ?"

सोझी सुजाताले भनिन्- "देव ! राम्रो कामले मनलाई शान्ति दिन्छ । साथै नराम्रो कामले अशान्ति हुन्छ । धैर्य, सेवा र ममताले युक्त भएर राम्रो काम गर्नु नै मैले देख्दा धर्मजस्तो लाग्छ ।"

Downloaded from http://dhamma.digital/

उसको जवाफबाट भगवान् प्रसन्न हुनुभयो। उहाँले उसको श्रद्धा र बुद्धिको सराहना गर्नुभयो- “कल्याणी ! तिमीले पनि मलाई आशीर्वाद देऊ, जसरी तिम्रा कामना पूर्ण भयो त्यसै गरी मेरो विश्व कल्याणको कामना पूर्ण हुनेछ।”

सुजाताले अति नै कृतज्ञ भइन्। उसले मौन भएर आशीर्वाद दिइरहिन्- “हृदयको कामना हो, देव ! प्राणी मात्रको कल्याण हुने तपाईंको पावन लक्षपूर्ण होस्।”

पानीरहित खीर ग्रहण गर्नुभएर सुजातासंग बिदा लिनुभएर त्यहाँबाट जानुभई पिपल बोटको शितल छायामा वज्रासन मुद्रामा बस्नुभयो। मारको मुटु थर थर काँप्यो। ऊ शैन्य जम्मा गरेर अगाडि आयो। राम्री कामवासनाले उत्तेजित गराउन सक्ने तरुनी महिलाहरूको विलाषिताले पूर्ण नाच र गानले त्यस देवपुरुषलाई कुनै प्रभावित गर्न सकेनन्। तब उसले शस्त्र अस्त्र प्रयोग गऱ्यो। पानी आँधीबेरी वर्षा गराएर उहाँको मनोरथ सिद्ध हुनमा बिघ्न गर्न खोज्यो। तर सारा नै व्यर्थ। मारलाई भगवान्ले जित्नुभयो। उहाँलाई बुद्धत्व लाभ भयो। देवताहरूले फूल वर्षा गराउन थाले।

उहाँ भगवान् बुद्ध हुनुभएर धर्मचक्र प्रवर्त्तन गर्नको लागि ऋषिपतन मृगदावनतिर प्रस्थान गर्नुभयो। सुजाताले यो कुरा थाहापाएर कति खुशि भइन् होली ? जुन नारीरत्नलाई उसको नरम हातले पकाएको खीर भगवान्ले ग्रहण गर्नुभयो साथै उहाँको शरीरको शिथिलतामा बल दिने सौभाग्य प्राप्त भयो। त्यही खीर भोजन ग्रहण गर्नुभएर उहाँ वज्रासनमा बस्नुभएर विश्व कल्याण हुने बोधिज्ञान प्राप्त गर्नुभई बुद्ध हुनुभयो। फेरि प्राणी मात्रको लागि विपत्ति हरण गर्नुभयो। त्यसैले त्यस नारीले आफूलाई कतिसम्म धन्य सम्झिन् होली ? त्यसैले जबसम्म बौद्ध साहित्य रहन्छ तबसम्म श्रद्धामयी सुजाताको गाथा वा पवित्र कथा पनि कहिले पनि बिर्सिने छैन। आजपनि निरञ्जनाको उत्तरतिरको भव्य प्रासाद खण्डहरुले त्यस युगको सम्झना गराइराखेको नै छ। वनवृक्षको शितल छायाँले देखाइरहेको त्यस

Downloaded from http://dhamma.digital/

सुजाता कुटीको भग्नावशेष, आकाशमा छुनेझैं भएको पवित्र मन्दिर साथै झ्याम्मिएको तरुराज बोधिवृक्षले सुजाताको श्रद्धापूर्ण खीर दानले भगवान्‌को बुद्धत्व प्राप्तिको पुण्य समयको सम्झना बिस्तारै उम्लिन दिइरहेको छ । फेरि बैशाख पूर्णिमाको पवित्र समयको श्रद्धाले भरिएको मनले नभनी पुग्दैन "कल्याणी सुजाता तिमी धन्य हौ; साथै धन्य छ तिम्रो श्रद्धा ।"

## आदर्श बौद्ध महिलाहरू–अभ्यास – घ

१) सुजाताले वृक्ष देवतासँग के वर मागेकी थिइन् ?

२) सुजाताको मनोकामना कसरी सम्पन्न भयो ?

३) साक्षात वृक्ष देवताको विषयमा दासीबाट केही कुरा सुनेर सुजाताको मन किन प्रफुल्लित भयो र त्यसपछि उनले के गरिन् ?

४) सुजाताको खीर दानसँग बुद्धत्व ज्ञान प्राप्तिको के सम्बन्ध रहेको छ ?

५) 'कल्याणी सुजाता तिमी धन्य हौ, साथै धन्य छ तिम्रो श्रद्धा' यसलाई आफ्नै शब्दमा प्रष्ट पार्नुहोस् ।

६) सुजाताको खीर-दान प्रसंगलाई आफ्नै शैलीमा चित्रण गर्नुहोस् ।

Downloaded from http://dhamma.digital/

# ४. काली उपासिका

जसले आफ्नो छोरालाई जन्मदेखि नै त्रिरत्नको मंगलमय उपदेशतिर पाइला सराइन्, फेरि उसलाई एउटा स्थविरको रूपमा देखेर आफ्नो हृदय हर्षले भरिन् त्यस भाग्यशाली आमाको नाम हो काली उपासिका ।

काली राजगृहको धनी कूलघरमा जन्म लिनआइन् । केटाकेटीदेखि नै हंसिलो अनुहार भएकी र गाह्रो काममा पनि सजिलै आरामसाथ गर्ने उसको बानि थियो । शिक्षको साथसाथै घरकाममा पनि राम्ररी सिकेर यौवन चढ्दै आएपछि अवन्ति जनपदको एकजना धनी युवकसँग विवाह भयो । विवाहपछि काली आफ्नो स्वामीसँग अवन्ति जनपदको कुररघर नामक शहरमा बस्ने गरिन् । त्यहाँ उसले एकजना श्रद्धालु महिला कात्यायानी भेटिन्, जो गुण, स्वभाव र उमेर पनि आफूजस्तै थिइन् । उसले कात्यायानीलाई त्रिशरणको विषयमा कुरा सुनाउने र कात्यायानीले त्यसलाई श्रद्धापूर्वक सुन्ने गर्थिन् ।

उत्तम शीलमय जीवन बिताउदै साथै घरको आवश्यक सेवा गर्दै जाँदा केही दिनपछि गर्भवती भइन् । आफ्नो कुलको रीतिथितिअनुसार पहिलो बच्चा जन्माउन आफ्नो आमाबाबाको घर राजगृहमा गईन् ।

एकदिन राती आफूसुत्ने कोठामा झ्यालमा बसी उसले झकझकिएको राजगृहको सुन्दरता हेरिरहेकी थिइन् । एक प्रहर रात बितिसकेको थियो र अन्धकारको पछिपछि सुनसान पनि भइसकेको थियो । झकर्झकिएको बत्तीको प्रकाश झयालबाट निस्किरहेको थियो । त्यसै नीरवतामा हराएर गएको झैं भएकी त्यस काली उपासिकाले सातागिरि र हेमवत यक्षहरूले त्रिरत्नको गुणगान गरेको सुनिन् । ऊ मुग्ध भएर सुनिरहिन् । उसको मन बुद्ध गुण सुनेर साह्रै प्रसन्न भयो । हुन त उसलाई भगवान् महाकारूणिकको दर्शन गर्ने अवसर प्राप्त भएको थिएन तापनि ऊ श्रद्धा विभोर भएकी उपासिकाको गुणगान सुन्दै नै श्रोतापन्न भइन् ।

Downloaded from http://dhamma.digital/

पेटमा भएको बच्चालाई पनि आमाको राम्रो विचारको प्रभाव पर्न गयो । काली सुन्दर बच्चा जन्माएर अवन्ति जनपदमा फर्किन् । तर उसको समय घरकाममा भन्दा शील एवं उपदेश पालन गर्नुमा नै बित्ने गर्थ्यो । सानैदेखि उसमा आमा चाहिंको अशल प्रभाव पर्न गयो । पछि ठूलो भएदेखिन् बच्चाले प्रव्रज्या ग्रहण गरेर साधनामय जीवनलाई नै अशल सम्झेर अपनाउन थाल्यो ।

कालान्तरमा त्यही बच्चा धर्मदान लाभ गरी कुटिकण्ण सोण स्थविर भनी प्रख्यात भयो । जेतवन विहारमा भगवान् शास्ताको दर्शन गरी जब आफ्नो जन्म भएको ठाउँ कुररघर आउनुभयो तब उहाँको जननी काली र आमाजस्ती कात्यायानीले हृदयदेखि स्वागत गरे । उनीहरूले धर्मकथा सुन्ने इच्छा गरे ।

रात्रीको नीरवतामा चोरहरूले विचार गरे, मानिस त भएकै होइन, किन चोर्न नजाने ? अत: कति चोरहरूले नगरको एक छेउदेखिन् संघ खन्न थाले । उनीहरूलाई काम लगाएर प्रधान सरदार सारा जनसमुदाय भेला भएको स्थानमा किन भेला भएको रहेछ भनी बुझ्न गयो । ऊ जनसमूहको बीचमा सबैभन्दा प्रधान भएकी काली र कात्यायानीको पछाडि उभिन गयो । उतातिर ध्यान नदिइकन उपासिका कात्यायानीले आफ्नी शिष्यलाई भनिन्- "सेविका ! घरमा गएर घीउबत्ती आदि लिएर आऊ । म पनि सखीहरूसँग प्रार्थना गर्दै पुण्यफलको भागी हुनेछु ।" काली आफ्नी सखीलाई तेलको बत्ती लिनको लागि भन्नुमात्र भयो तर श्रद्धाशील कात्यायानीले दासीलाई घर पठाइदिइन् । दासीले घरमा के के आवाज सुनिन् । उसले प्वालबाट लुकेर हेर्दा घरको दायाँबायाँ भागमा प्वाल पारेर चोरहरू पसिरहेको देखिन् । उनीहरूले धन आभरणहरू चोरिलान जम्मा गर्दै थिए । दासी डराएर थरथर काँपिन् । पछि त्यही पाइलाले गएर उसले कुरा सुनाइन् । चोरको सरदारले विचार गर्दै बस्यो कि यदि कात्यायानी घर जान खोजेमा यही नै दुईटुक्रा पारिदिनेछु ।

धर्मोपदेश शुरू भइसक्यो, कात्यायानी श्रद्धापूर्वक उपदेश सुन्दै रहिन् । उसले दासीलाई भनिन् "लान देऊ । उपदेश सुनिरहेको बेला बाधा दिन नआऊ । चोरहरूले

Downloaded from http://dhamma.digital/

भौतिक धन लगिरहेको छ, लान देऊ । आज मैले अमूल्य उपदेशरूपी धन जम्मा गर्दैछु । यसमा विघ्न दिन नआऊ ।" श्रद्धायुक्त कात्यायानीको गम्भीर स्वर सुनेर सरदारको कडा हृदय पग्लिएर गयो । उसको मनले आफूलाई धिक्कार गऱ्यो कि के ऊ, एउटी महिलाभन्दा पनि मूल्यहीन छ कि जुन धनलाइ उसले एकरति पनि चित्त नदुँखाई त्याग गऱ्यो, त्यो पनि उसले चोर्ने आँटेको । यो कस्तो पाप ? त्यस्तो पुण्यवतीको धन चोरेर लाँदा ऊ पृथ्वीमा धसेर जानेछ ।

उसको विचार बदलियो । पछि आफ्ना चोर साथीहरूलाई सारा कुरा भनेर धन त्यही नै छाडी मण्डली सबै नै धर्मोपदेश सुन्न थाले ।

रात बित्यो, उज्यालो भएर आउदा मानो अमृत वर्षाएझै भएको उपदेश सुनेर हर्षपूर्वक मंगल सुमंगल छर्न थाले । सारा नरनारीहरूको हृदय प्रसन्नताले छचल्किदै दौडिदै गए ।

कात्यायानी, पनि आफ्नो घर आईन् । केही समयपछि चोरको सरदारले कात्यायानीको खुट्टा ढोकेर क्षमा माग्यो । तब पश्चाताप गरी भन्यो- "आर्य ! क्षमा गरि दिनु होस् । कात्यायानीले उसलाई नचिनेर भनिन्- "भाई ! तपाईहरूले मेरो उपर के अपराध गर्नुभएको छ ? मसँग किन क्षमा माग्नुभएको ?"

चोरहरूले राती भएको सारा कुरामा बताए । उनीहरूको विचार बदलिएको कुरा सुनेर कात्यायानी साह्रै खुशि भइन् अनि भनिन्- "मैले सबैलाई क्षमा दिन्छु ।"

यो कुरा सुनेर चोरहरूले "हामीलाई शान्ति कहाँ पाइन्छ देवी ? हाम्रो नराम्रो कर्मलाई त्याग गरी अशल जीवन बिताउन इच्छा भयो । तब मात्र शान्ति प्राप्त हुनेछ । तपाइको कारणले हामीलाई नयाँ मार्ग प्राप्त भयो । नयाँ किरण पायौं । तपाइले हामीलाई प्रव्रजित गराई दिनुहोस् देवी ।

उनीहरूको त्रशित भावयुक्त कुरा सुनेर दया भएकी उपासिका कात्यायानीले उनीहरूलाई स्थविर कुटिकण्ण सोणको अगाडि लगिन् । उनीहरू सबैले प्रव्रज्या ग्रहण गरी भिक्षु भए । सबैले पनि कठिन साधना गरी ज्ञान लाभ गरी अर्हत पद प्राप्त गरिलिए ।

Downloaded from http://dhamma.digital/

काली उपासिकाको हृदय हर्षले भरियो किनकि उसको छोराले त्यतिका चोरहरूलाई चोर्नुबाट अलग गरेर साधनामय जीवन बिताउन टेवा दियो जसले गर्दा उनीहरूको जीवन सुधार भयो ।

प्रसन्नतापूर्वक धर्मकथा सुनेर दानमय जीवन बिताइन । कालि उपासिकाको श्रद्धाले प्रसन्न भएर भगवान् तथागतले जेतवनमा विहार गर्नुहुँदा कालि उपासिकालाई प्रशंसा गर्नुहुँदै उसलाई अनुश्रुतिद्वारा प्रसन्न हुने उपासिकाहरूमध्ये श्रेष्ठ पद दिनुभएर कृतार्थ गर्नुभयो ।

**

## आदर्श बौद्ध महिलाहरू–अभ्यास – ४

१) काली उपासिकाको विवाह अघिको संक्षिप्त जानकारी दिनुहोस् ।

२) काली उपासिका कसरी श्रोतापन्न भए ?

३) पेटमा भएको बच्चालाई कस्तो राम्रो विचारको प्रभाव पऱ्यो ?

४) त्यो बच्चाको जीवन कसरी अगाडि बढ्यो ?

५) चोरहरूको हृदय कसरी परिवर्तन भए ? उनीहरू पछि के भए ?

६) 'काली उपासिकाको हृदय हर्षले भरियो ।' पुष्टी गर्नुहोस् ।

Downloaded from http://dhamma.digital/

# ५. खुज्जुत्तरा

खुज्जुत्तरा एउटी तल्लो जातकी महिला थिइन्, जसको लागि त्यसबेलाको समाजमा कठिन परिश्रमपूर्वक जीविका गरिबस्नु नै उसकी कर्तव्य थिइन्। उसकी नाम हो उत्तरा। तर लङ्गडी भएकीले उसको नाम खुज्जुत्तरा भनी बोलाइने गरियो। ऊ कौशाम्बी नरेश उदयनको पटरानी श्यामावतीको सेवामा बसेर परिचारिका काम गर्दथिन्। रानीले उसलाई सधै आठ कार्षापण (रूपैया) को फूल लिनपठाउंथिन्। खुज्जुत्तराले चार कार्षापणको मात्र फूल किनेर आफ्नी मालिक्नी रानी श्यामावतीकाहाँ लाने गर्थिन्।

एकदिन खुज्जुत्तरा रानीको लागि फूल किन्न गइरहेको बेला बाटोमा नै उसले देखिन् उपवनको नगिच राम्रो झ्वाम्म परेको रूखको शितल छहारीमा एकजना देवतुल्य तेजस्वी श्रमणले आफ्नो मंगलमय उपदेश दिई रहनुभएको छ। फेरि सारा श्रोताहरू मन्त्रमुग्धजस्तै गरी उपदेश सुनिरहेका छन्। ऊ पनि नगिचै गएर उभिन गईन्। उसलाई त्यस उपदेशले केही न केही शान्ति प्राप्त भयो। त्यसैले उसले पनि एक ठाउँमा बसेर सुन्न थालिन्। असल उपदेश थियो- "गृहपतिहरू ! जब व्यक्तिले दुराचरणलाई थाहा पाउँछ फेरि त्यसको मूल कारण थाहा पाउँदछ। अशललाई असल भनी जान्दछ फेरि त्यसको पनि यथार्थ कारण जान्दछ तब उसको दृष्टि सम्यक्दृष्टि हुन्छ। त्यसैले आ-आफैले छुट्र्याएर लिन श्रेयस्कर हुन्छ। यही नै सम्यक्दृष्टिको रहश्य हो।"

खुज्जुत्तराले सुनिन्। उसले एउटा नयाँ प्रसन्नताको अनुभव गरिन्। उसले उहाँको मंगलमय उपदेशलाई हृदयमा राखेर फूल किन्न गइन्। उसले बुझेर लिइन् अनित्ययुक्त विनाश भएर जाने जीवनमा पनि उसले चोरी काम गरिरहिन्। के चोरी गर्नु उचित हुन्छ होला ? उसको मालिकले उसप्रति विश्वास गरिराखेको साथै

Downloaded from http://dhamma.digital/

उसले पनि उसैसंग कृतघ्न व्यवहार गरिरहिन् । विचारवान भएकी खुज्जुत्तराको मनमा क्षोभले भरिएर आयो। अब के हुन्छ ? उसको मनले भन्यो। खुज्जुत्तराले दृढ निश्चय गरिन् जुन भइसकेको थियो त्यस अपराधलाई समय हेरी आफ्नी स्वामीनीलाई भन्ने छु, तब पछि म भगवान् तथागतको उपदेशलाई पालन गर्नेछु ।

खुज्जुत्तराले आफ्नो निश्चयानुसार आठ कार्षापणको फूल किनेर आफ्नी स्वामीनीलाई दिइन्। केही दिनसम्म रानी श्यामावती चुप नै बसिन्। एकदिन उसले सोधी नै हालिन्- "खुज्जुत्तरा, पहिलेपहिले तिमीले फूल ल्याएको फूलभन्दा केही दिनदेखि धेरै ल्याउन थाल्यौ ?" खुज्जुत्तरालाई परीक्षा गर्ने समय आयो। उसले सधैजस्तो भगवान्को उपदेश सुन्ने गर्थिन् साथै त्यसलाई पालन गर्ने पनि प्रयत्न गर्थिन्। त्यसैले ऊ सत्यमा दृढ भइन्। उसले आफ्नी स्वामीनीलाई केही पनि लुकाएर राखिनन् सारा बताइन्-"स्वामीनी क्षमा गर्नुहोस्। पहिले मैले चार कार्षापण चोरेर राख्थें। एकदिन भगवान्को मंगलमय उपदेश सुनेर पछि चार कार्षापण चोरेर लिएको अपराधलाई सम्झिन थालें। त्यसदिनदेखि आठै कार्षापणको फूल तपाईलाई ल्याउन थालेकी हुँ।"

बुद्धिमती रानी श्यामावतीले नोकर्नीको कुरा सुनेर विचार गरिन् कि यस्ती साधारण दासीले नै जसको उपदेश सुनेर त्यति परिवर्तन भइन् भने उहाँको उपदेश कति कल्याणकारी हुन्छ होला ? उसले दासीबाट त्यो उपदेश सुनिन् जुन उसले सुनेर आइसकेकी थिइन्। भगवान् तथागतप्रति उसको श्रद्धा बढ्न थाल्यो। उसले छिटै खुज्जुत्तरालाई दासीपदबाट मुक्त गरेर राजमहिलाको स्थान दिइन्। त्यस बेलादेखि खुज्जुत्तराको काम भगवान्को उपदेश सुनेर आउने र पछि रानी श्यामावती र उसकी सखीहरूलाई, सेविकाहरूलाई सुनाउने भयो। उपदेशलाई पालन गर्ने रानी श्यामावतीको भगवान् तथागतको दर्शन गर्ने अति नै इच्छा भयो। तापनि उसले श्रीचरणको अगाडि जाने कुनै उपाय नदेखेपछि उसले झ्यालबाट मात्र दर्शन गरी मनमनले वन्दना गरिरहिन्। साथै आफूले त्यस पुण्यको श्रेय खुज्जुत्तरालाई दिइन्।

Downloaded from http://dhamma.digital/

विस्तारविस्तार खुज्जुत्तरा धर्ममार्गमा बढ्न थालिन् । उसले जुन उपदेश सुन्थिन्, त्यसलाई सम्झना गर्थिन् फेरि त्यसलाई पालन गर्ने पूर्ण प्रयत्न गर्थिन् । त्यसरी नै उसले बुद्ध शासनलाई पूर्ण गरिलिइन् । उसले त्यागमयी जीवन बिताउन खोजिन् । त्रिरत्नको शरणमा गइन् । मन आनन्द शितल पारिन् । तापनि उसले काषायवस्त्र ग्रहण गरिनन् । जीवनभर आफ्नी मालिक्नी रानी श्यामावतीको केही न केही काम गरिरहिन् । उदारताले गर्दा उसले भगवान्को मंगलमय उपदेश सुन्न पाइन् साथै तथागतको दर्शन गर्न सौभाग्य पाइन् । त्यसैले रानी श्यामावतीप्रति उसले आफ्नो कर्तव्यलाई मान्दैरहिन् ।

महाकारुणिक भगवान्ले उसको साधना सदाचार साथै कर्तव्यशीलले प्रसन्न हुनुभएर उसलाई बहुश्रुता उपासिकाहरूमध्ये सर्वश्रेष्ठ घोषित गर्नुभएर कृतार्थ गरिदिनुभयो । खुज्जुत्तरा धन्य भइन्, जसले भगवान्को उपदेश सुनेर सुन्नुको साथै त्यसको अनुरूत्तर जीवनलाई सुधार गरी धर्मलाई साक्षात्कार गरिलिइन् । ऊ उपेक्षित श्रेणीको महिला भएर पनि उच्च कोटिको स्थान प्राप्त गरिन् । उसले शास्ताले दिनुभएको ज्ञानदर्शन आफ्नो जीवनमा समाहित गरिन् ।

## आदर्श बौद्ध महिलाहरू–अभ्यास – ५

१) उत्तराको पारिवारिक अवस्था कस्तो थियो र उही उत्तरालाई किन खुज्जुत्तरा भनियो ?
२) देवतुल्य तेजस्वी श्रमणको कस्तो मंगलमय उपदेश सुनेर श्रोताहरू मन्त्रमुग्ध भए ?
३) खुज्जुत्तरालाई स्वयम् आफ्नो चोरी कामप्रति किन हीनताबोध उत्पन्न भयो ?
४) रानी श्यामावतीसँग खुज्जुत्तराले आफ्नो अपराध कसरी स्वीकार गरिन् ?
५) खुज्जुत्तराको हृदय परिवर्तनले रानी श्यामावतीमा कस्तो प्रभाव पऱ्यो ?
६) खुज्जुत्तरालाई बहुश्रुता उपासिकाहरूमध्ये सर्वश्रेष्ठ किन घोषित गरियो ?
७) उपेक्षित श्रेणीको महिला भएपनि खुज्जुत्तराको जीवन सफल हुनाका कारण प्रस्तुत गर्नुहोस् ।
८) खुज्जुत्तराको जीवनीलाई आकर्षक ढंगले आफ्नै भाषामा लेख्नुहोस् ।

Downloaded from http://dhamma.digital/

# ६. उत्तरा नन्दमाता

महाकारूणिक भगवान्‌को मंगलमय उपदेश पृथ्वीदेखि आकाशसम्म घन्किरहेको थियो । घरघरपिच्छै दरबारपिच्छै उहाँको उपदेश पालन गर्दै ल्याए । निलो रँगिएको सागरको लहरले त्यस शब्दलाई प्रतिध्वनित गरेर आफूलाई धन्य सम्झिए जसलेगर्दा प्राणी मात्रलाई विपत्तिबाट तारिदियो । भगवान्‌को जीवमान कालमा राजगृहमा सुमन श्रेष्ठी नामक एकजना महाजन थियो । उसको दासको नाम हो पूर्ण दास । निर्धन भएको पूर्णले आफ्नो स्वामीको आज्ञा पालन गर्दै भगवान्‌को दिब्य उपदेशअनुसार हिड्ने कोशिस गरिरह्‌यो । एकसमय राजगृहमा एउटा ठूलो उत्सव मनाइयो । श्रेष्ठी सुमन पनि त्यस परिषदमा सपरिवार भाग लिन जान लाग्यो । तब उसले पूर्णलाई बोलाएर भन्यो- “पूर्ण गरीबहरूको लागि के उत्सव मनाउने ? त्यसैले खेतमा जोत्न र मल छर्न जाऊ । यसको सट्टामा तिमीलाई मैले केही न केही बढी ज्याला दिनेछु ।” पूर्णले आफ्नो मालिकको आज्ञा आफ्नी जहानलाई भन्यो । विचरा महिलाले पनि प्रसन्न भएको मनले आफ्नो लोग्नेलाई खेतमा पठाउन विदा दिइन् । आफ्नो लोग्ने गएको केही क्षण बितेपछि पूर्णको जहानले दिउंसोको लागि केही न केही खाना तयार गर्न थालिन् ।

राजगृहको धनीहरू सारा उत्सवमा डुबिरहेका थिए । त्यसरी नै पूर्णजस्तै गरीबहरू किसानी काम गर्न शहर बाहिर खेततिर लागेका थिए । केही समय खेत जोतिसकेपछि उसले आराम गर्ने विचार गऱ्यो । त्यसैबेला उसको आँखा अग्रश्रावक सारिपुत्रकाहाँ पुग्यो । किनकि महास्थविर सारिपुत्रले त्यसदिन निरोध समापत्तिबाट उठ्नुभएर विचार गर्नुभएको थियो कि उहाँले कोही दुःखीलाई उपकार गर्नुहुनेछ । त्यसैले उहाँ पूर्णकाहाँ जानु भयो । आउनासाथ नै उहाँलाई वन्दना गर्दै पूर्णले पानी र दतिवन अर्पित गऱ्यो । हातमुख धुइसकेपछि उहाँ अग्रश्रावक नगरतिर प्रस्थान

Downloaded from http://dhamma.digital/

गर्नुभयो। श्रद्धावन्त विचरा पूर्णले विचार गऱ्यो यदि मेरी जहानले भोजन ल्याएकी भए उहाँलाई भोजन चढाएमा म कति खुशि हुने थिएँ।

दिउँसो पूर्णको जहानले भएअनुसारको भोजन व्यवस्था गरेर छिट्टै नै लोग्नेकहाँ गइन्। बीच बाटोमा नै उसले अग्रश्रावक सारिपुत्रलाई देखिन्। उहाँको दर्शन पाउनासाथ श्रद्धामयी महिलाले अति नै प्रसन्न भएर लोग्नेलाई सम्झाउने छु भनेर विचार गर्दै महास्थवीरलाई वन्दना गरिन्। साथै आफूसँग भएको भोजन उहाँलाई चढाइन्। उहाँले यस श्रद्धाले भरिएको दानलाई आफ्नो पात्रमा थाप्नुभयो। फेरि "इच्छा पूर्णहोस्" भनी आशीर्वाद दिनुभएर आफ्नो बाटो लाग्नुभयो।

उसले फेरि घरमा गएर छिटछिटो अर्को खाना पकाएर लोग्नेकाहाँ गइन्। लोग्नेले पर्खिबसेको देखेर क्षमा माग्दै भनिन् "मेरो सर्वस्व आज मैले बाटोमा अग्रश्रावकसंग भेट भयो। मैले विचार गरें त्यस्तो समय फेरिफेरि आउँदैन। मैले भोजन दान गरे। त्यसैले तपाईको लागि फेरि अर्को भोजन पकाएर ल्याएकीले ढिलो भएको हो।" दास पूर्णले स्वास्नीको कुरा सुनेर धेरै खुशि भयो र भन्यो- "मेरो पनि यही नै इच्छा हो, प्रिय।" उसले खाने पिउने सकेर आफ्नो जहानको काखमा टाउको बिसाएर निदायो। उठेर हेर्दा उसले देख्यो कि जोतिराखेको खेत सारा सुन ढिक्काले भरिएको छ। पहिला त उसले केही पनि निश्चय गर्न सकेन। तर परीक्षा गरिहेर्दा सत्य नै भइरहचो। लोभ नभएको पूर्णले आफ्नो जहानलाई त्यहीं नै बस्ने आदेश दिएर मट्टीभर सुन लिएर राजाकाहाँ गएर उसले सम्पूर्ण घटना सुनाएर सुन राजालाई दियो। राजाले सारा सुन ओसार्न लगायो। साथसाथै पूर्ण देखी खुशि भएर उसलाई धनधान्य दिएर धनी श्रेष्ठीको स्थान दियो।

पूर्णको त्रिरत्नप्रति धेरै नै श्रद्धा छ। अतः उसले यही नै उपलक्ष्य लिएर भगवान् तथागत साथै भिक्षुसंघहरूलाई सातदिनसम्म दान दियो। अन्तिम दिनमा आफ्नी एक्ली लक्षँणयुक्त छोरी उत्तरा, आफू र आफ्नी जहानसहित भगवान्को मंगलमय

Downloaded from http://dhamma.digital/

उपदेश सुन्यो। जसले गर्दा तीनैजना श्रद्धायुक्त उपासक उपासिकाहरूले श्रोतापत्ति फल प्राप्त गरिलिए ।

सुमन श्रेष्ठीले गुणसम्पन्न राम्री उत्तरालाई छोराबुहारी बनाउने कुरा प्रस्ताव गऱ्यो । पछि सुबेलामा हर्ष उत्सव गर्दै उत्तराको विवाह सुमन श्रेष्ठीको छोरासंग भयो । तर केही दिनसम्म नयाँ दुलही भएकीले दानधर्मदेखि टाढिएर बसिन्। एकदिन उनले आफ्नो स्वामीलाई प्रार्थना गरिन्- उनको महिनाको आठ आठ दिन उपोसथ व्रत बस्ने इच्छा छ। तर उसको स्वामीले स्वीकार गरेन। विवश भएर उनले फेरि अनुरोध गरिन् वर्षावास तीन महिनासम्म उपोसथ बस्ने। उसले त्यो पनि स्वीकार गरेन। तब उनले एक महिनाको लागि भनिन्। पन्ध्र दिनको लागि भनिन् तर उसको लोग्नेले कडा शब्दमा भन्यो- "एकदिनको लागि पनि व्रत बस्ने आज्ञा पाउने छैनौ ।"

व्यथित भएकी उत्तरालाई उसको जीवन बन्दी जीवनभन्दा पनि अति नै दयनीय लाग्यो, किनकि व्रत बस्नको लागि वचन पाइनन् । विवश भएर उसले आफ्नो बाबालाई चिठ्ठी लेखिपठाइन् । "उसले क्षणिक भए पनि पुण्य गर्न पाएको छैन, केवल बन्धनमा जस्तै जीवन बितारहेकी छिन्। त्यसैले पन्ध्र हजार कार्षापण पठाइदिनुहोस् ।

आफ्नी एक्ली छोरीलाई पूर्णले तुरुन्त नै पैसा पठाइदियो । उसलाई त्यो पैसा हात पर्नासाथ शहरमा प्रसिद्ध सिरिमा नामकी गणिका बोलाएर ल्याइन्- "बहिनी ! म पन्ध्र दिनको लागी उपोसथ व्रत बस्न गइरहेकी छु। तिमीले मेरो स्वामीकहाँ परिचर्या गरिदिनुपऱ्यो । त्यसैले पन्ध्र दिनको लागि मेरो स्वामीकहाँ बसिराख । मैले तिमीलाई पन्ध्र हजार दिनेछु ।" गणिकाले स्वीकार गरेपछि उसले आफ्नो लोग्नेलाई विन्ती गरिन्- "तपाइले सिरिमालाई सँगै राख्नुहोस्। मलाई व्रत गर्न दिनुहोस् ।" उसको लोग्नेले उसले भनेको कुरा मान्यो। श्रद्धाले विभोर भएर बसेकी

Downloaded from http://dhamma.digital/

उत्तराले सधैं भगवान्कहाँ गएर उपदेश सुनेर व्रत बसेर सुखी जीवन बिताइरहिन्। व्रत बस्दै पन्ध्र दिन बित्यो। समाप्तिको दिन हुन आयो। उत्तराले दान गर्नको लागि जलपान र पूजाको प्रबन्ध गरी पवित्रवस्त्र धारण गरी सुशोभित भएर दान दिन तयार भई बसिन्। तब अचानक उसको आँखा झ्यालमा पुग्यो। उसले देखिन्- कोठामा सिरिमासँगै उसको लोग्ने उठेर उनीतिर हेरिरहेको छ। उत्तरा देख्नासाथ उसको लोग्ने मुसुक्क हाँस्यौं। उत्तराको ओठबाट पनि मुस्कानको चिन्ह विजुली चम्केझै भयो। तब उनी लाज मानेर निहुरिइन्। सिरिमाले उसको प्रेमी आफ्नी महिलातिर आकृष्ट भएको देखिन्। उसले ईर्ष्याले भरिएर रिसाउँदै आवाज निकाल्दै हिंडेर उत्तराकहाँ पुगिन्। ऊ टाढादेखि उफ्रँदै आएको देखेर उत्तराले मैत्री भावनामा निमग्न भई बसिन्। सिरिमाले चूल्होमा तताइराखेको तेलको कराहि उचालेर उत्तरा माथि खनाइदिइन्। मैत्रीबलको प्रभावले उत्तरालाई त्यो तातो तेल शीतल जल जस्तै भइदियो। दोषरहित मालिक्नीलाई त्यसरी गरेको देखेर दासीहरूले दौडिएर गएर सिरिमालाई वेस्सरी गालि गरे- "पैसाले किनिएकी वेश्या! तिमीले मालिक्नीलाई यस्तो कठोर अपराध गरिस् पापीनी!"

सिरिमाले आफ्नो अपराधलाई बुझिन्। तब उसले उत्तराको खुट्टामा ढोक्दै रूँदै भनिन्) "आर्या! क्षमा गरिदिनुहोस्।"

उत्तराले शान्त मधुर स्वरले भनिन- "अहिले तुरून्तै होइन, भगवान्को अगाडि क्षमा गर्नेछु।"

भगवान् भिक्षु संघसहित निमंत्रित भएर उत्तराको घरमा पाल्नुभयो। उसले आदरपूर्वक योग्य आसनमा बसाएर भोजन दान गरिन्। तब सिरिमा त्यहाँ आएर भगवान्को चरणसमिपमा ढोकेर क्षमा मागिन्। यहाँ कारुणिकको उपदेश सुनेर उत्तराले सिरिमालाई क्षमा गरेर आफूसंगै उपदेश सुन्नको लागि बसाइन्। मंगलमय उपदेश निम्न गाथा सुनेर ती गणिका पनि श्रोतापन्न भइन्।

Downloaded from http://dhamma.digital/

अक्कोधेन जिने कोधं, असाधुं साधुना जिने ।
जिने कदरियं दानेन, सच्चेन अलिक वादिनं ॥

(अक्रोधले क्रोधलाई जित्नु, असाधुलाई साधुभएर जित्नु, असत्यवादीलाई सत्यवादी भएर जित्नु ।)

श्रद्धामयी उत्तराको प्रेरणाले सिरिमालाई उपदेश सुन्ने मंगलमय अवसर प्राप्त भयो । साथै उसको जीवन सुधार भयो । ध्यानी उत्तरा उपासिकाको पनि आफ्नो उपोसथ व्रत समाप्त गरेर इच्छापूर्ण भएकोले आफैले आफैलाई धन्य सम्झिन् ।

जेतवनमा भिक्षुगणहरूसहित विहार गर्नुहुँदा महाकारूणिक भगवान् बुद्धले उत्तरालाई ध्यानी उपासिकाहरूमध्ये अग्रस्थान दिनुभएर उत्तरालाई कृतार्थ गरिदिनुभयो ।

❋

## आदर्श बौद्ध महिलाहरू–अभ्यास – ६

१) उत्सवको समयमा सुमन श्रेष्ठीले पूर्णलाई के भनेको थिए ?
२) "इच्छा पूर्णहोस्" भनी कुन अवस्थामा कस्ले कसलाई भनेका थिए ? स्पष्ट पार्नुहोस् ।
३) पूर्णको जहानले आफ्नो स्वामीलाई भनी पकाई ल्याएको भोजन अग्रश्रावकलाई दान दिइसकेको कुरा थाहा पाएर कस्तो प्रतिक्रिया व्यक्त गरे ?
४) आफ्नो जहानको काखमा निदाइरहेको पूर्ण ब्यूँझेपछि किन राजाकहाँ तुरुन्त गइहाले ?
५) उत्तराको मैत्रीबल कस्तो थियो ? सिरिमाले उनीप्रति गरेको दुर्व्यवहारप्रति कस्तो प्रतिक्रिया जनाइन् ?
६) उत्तरानन्द माताको जीवनी संक्षिप्तमा प्रस्तुत गर्नुहोस् ?

Downloaded from http://dhamma.digital/

# ७. सुप्रिया

जसले त्रिरत्नप्रति अगाध श्रद्धा राखिराखिन्, श्रद्धा र सेवाको बलले सेवा टहल गर्ने उपासिकाहरूले श्रेष्ठपद प्राप्त गरिलिइन्, वाराणसीमा बस्ने ती नारीरत्नको नाम हो सुप्रिया ।

पद्मोत्तर बुद्धको पालामा नै ऊ हंसावती नगरको एक सम्पन्न घरमा जन्म भइन् । उसले शील पालन र दान धर्म गर्दै जीवन बिताइन् । धर्म सुन्ने र पालन गर्नुमा उसको मन संधै प्रसन्न हुन्थ्यो । एकदिन उसले शास्ता पदमोत्तर बुद्धको धर्मोपदेश सुनिरहिन् । उपदेश सकिनासाथ शास्ताले एउटी राम्री उपासिकाको उत्कृष्ट सेवाको प्रशंसा गर्नुभएर उसलाई रोगीसेवा गर्नेहरू उपासिकाहरूमध्ये श्रेष्ठपद प्रदान गर्नुभयो । त्यस गम्भीर उपासिकाको शीर श्रद्धाले निहुरियो । उसले भगवान्को श्रीचरणमा झुकेर वन्दना गरिन् । त्यसबेला अन्य उपासिकाहरूले पनि सेवाको महत्वलाई बुझे । यी सब श्रद्धामयी सुप्रियाले पनि देखिन्, बुझिन् मनमा राखिन्, साथै उसको हृदयदेखि नै कामना गरिन्- “यदि मैले पनि यसरी नै श्रेष्ठपद प्राप्त गर्नसकेमा कति अहो भाग्य हुनेछ ।” उसले त्यस महानपदको अभिलाषा गरी पदमोत्तर बुद्धलाई वन्दना गरी साधनापथतिर अग्रसर भईन् ।

जन्ममरणको चक्र एक लाख कल्पसम्म घुम्दैघुम्दै त्यही सुप्रिया भगवान् बुद्धको पालामा वाराणसी देशमा जन्म लिनआइन् । केटाकेटीदेखि नै धर्ममा निपूर्ण भएकी, घरको लागि आवश्यक शिक्षा समाप्त गरेर वाराणसी देशको एकजना गृहस्थसँग उसको विवाह भयो । पूर्वजन्मको असल कर्मको कारणले सुप्रियाको मन धर्म सुन्नेमा बढी श्रद्धा रहन्थ्यो । उसले कहिले पनि झूठ कुरा गरिनन् । न हिंसा द्वेष नै गरिन् । शुद्ध सात्वीक जीवन बिताएर जनताको सेवा गर्नु नै त्यस उपासिकाको ध्येय थियो ।

Downloaded from http://dhamma.digital/

जब भगवान् बुद्ध भिक्षुसंघसहित वाराणसी पाल्नुभयो, तब उहाँको मंगलमय उपदेश सुनेर जीवन सफल गर्नको लागि धेरै नरनारीहरू उहाँको शरणमा गए। शीलवती सुप्रिया पनि भगवान्‌को दर्शन गर्न गईन्। वन्दना गरी उहाँको कल्याणकारी उपदेश सुनिन् जसले गर्दा ऊ श्रोतापति फलमा प्रतिष्ठित भइन्।

ऊ सँधै विहारमा गएर धर्म सुनेर मन धीत मानेर बस्थिन्। दान र सेवा गर्नु त उसको जीवनका मुख्य कर्तव्य नै भइरह्यो। एकदिन ऊ घुम्दै एउटा विहार बाट अर्को विहारमा पुगिन्। अर्को विहारमा उसले एकजना भिक्षु रोगले पीडित भइरहेको देखिन्। दयावान भएकी उपासिकाले त्यस भिक्षुलाई वन्दना गरी कोमल शब्दले सोधिन् "अहिले मलाई कुनै न कुनै सेवा गर्न अवसर पाइन्छ कि ? भन्नुहोस् तपाईलाई के चाहियो ?"

भिक्षुले भन्यो) "उपासिका, मलाई मासुको रस चाहियो।"

सुप्रियाले सहर्ष स्वीकार गरी आफ्नो ठाउँमा फर्किएर आइन्। भोलिपल्ट सबेरै आफ्नी दासीलाई पैसा दिएर मासु किन्न पठाइन्। दासीले शहरमा जताततै मासु खोजे तापनि कतै पनि पाइएन। किनकि त्यसदिन चारैतिर हिंसा गर्न बन्द गरिएको थियो। उसले यो कुरा आफ्नी मालिक्नी सुप्रियालाई भनिन्। यो वचन सुनेर उसलाई चिन्ता भयो। किनकि उसले वचन दिइसकेको छ। साथै अति नै रोगले ग्रस्त भएको भिक्षुलाई चाहिएको पनि छ। उसले निश्चय गरिन्- रस अवश्य दिएर पठाउने छु चाहे जस्तोसुकै होस्। रस प्राप्त भएन भने आर्यको मन दुँखी हुनेछ। यसरी विचार गरेर उसले धारिलो छुराले आफ्नो नरम तिघ्राको मासु सहस्रपूर्वक काटिन्। पछि केही नभएझैं गरेर दासीलाई बोलाएर मासु दिएर भनिन्) "त्यसको जतिसक्दो त्यति मीठो रस बनाएर ल्याऊ।" उनीले आफै विहारसम्म जानलाई पनि असमर्थ भइन्। रस तयार हुनासाथ उसले दासीलाई भनिन्- "सेविका ! यो रस विहारमा गएर आर्यलाई दिन लैजाऊ। उहाँले सोध्नुभयो भने भनिदिनु कि म रोगी भएकी छु।"

Downloaded from http://dhamma.digital/

दासीले एक्लै आएर केही न केही दिएर गएकोले शास्ताले पनि सुप्रियाको सेवा बुझ्नुभयो। महाकारूणिकको करूणा पनि उसको सेवा र श्रद्धा देखेर रसित भयो। शास्ता करूणापूर्वक स्वयं भिक्षुहरूसँग भिक्षाटन गर्नुहुँदै सुप्रियाको ढोकामुनि पुग्नुभयो। सुप्रियाले यो कुरा सुनेर हर्षले गद्‌गद् भइन्। उसले आफ्नो स्वामीलाई भनिन्- "आर्यपुत्र ! शास्ता हाम्रो ढोकामा पाल्नुभएको छ। उहाँलाई गौरवपूर्वक बसाउनुहोस्। म उहाँकहाँ जान सक्दिन।

उसको स्वामीले नमस्कार गर्दै भगवान्सहित भिक्षुसँघलाई योग्यस्थानमा बसायो। शास्ताले पनि शान्त स्वरले भन्नुभयो- "सुप्रिया कहाँ छिन् ?

उसको स्वामीले नम्र स्वरले भन्यो- "भगवान् ! उनी रोगी भएकी छिन्। शास्ताले फेरी त्यही ममतामयी शब्दले आज्ञा गर्नुभयो- "गृहपति ! उसलाई बोलाए।" भगवान्ले आफैले नै उसप्रति कुशल समाचार सोध्नु भएको सुप्रियाले सुनिन्। उसको श्रद्धा छचल्किन थाल्यो। उसले विचार गरिन् सारा लोकलाई अशल गर्ने भगवान्ले विनाकारण बोलाउन हुन्न। उनी उठिन्, उसले देखिन् उसको पाउमा मासु भरिएर आएर उसको तीघ्रा पहिलाभन्दा पनि अझ राम्रो भएको छ। बुद्धानुभावले उसको स्वास्थ्य ठीक भयो। पछि उनी खुशी भएको सीमा रहेन। उसले हर्षित मन गर्दै भगवान् सहित भिक्षुसँघलाई श्रीचरणमा निहुरिएर प्रणाम गरिन्। वन्दना गरिसकेपछि एक छेउ बसेर शान्त भई बसिन्। भगवान्ले सोध्नुभयो-"उपासिका ! केही भन्नु बाँकि छ कि ?"

भाव विभोर भएकी सुप्रिया ममताले युक्त वचन सुनेर केही न केही भनिन्। उसको तर्फबाट समर्पित गरेकौ भोजन दान स्वीकार गर्नुभएर आशीर्वाद दिनुभएर शास्ता भिक्षुसँघसँगै विहार फर्कनुभयो। त्यसपछि सँघहरूलाई भेला गराउनुभएर त्यस्तो कष्ट दिने निन्दित हुने काम अह्राउनु हुँदैन भनी आज्ञा गर्नुभयो।

Downloaded from http://dhamma.digital/

केही दिनपछि भगवान् जेतवनमा देशना गरिसक्नुभएपछि रोगी सेवा गर्नेहरूमध्ये अग्र भएकी सुप्रिया उपासिकालाई श्रेष्ठपद दिनुभयो। सुप्रियाको जन्म जन्मानन्तरको लालसा पूर्ण भयो।

आजकाल सुप्रिया रहेन। तापनि उसको सेवा भावना तथा सद्गुण पाली साहित्यले सम्झना गरिराखेको छ, फेरि गरिराख्ने पनि छ।

✿✿✿

## आदर्श बौद्ध महिलाहरू–अभ्यास – ७

१) सुप्रियालाई रोगी सेवा गर्ने उपासिकाहरू मध्ये किन श्रेष्ठ मानिन्छ ?

२) 'सुप्रिया कहाँ छिन् ?' भनी भगवान् बुद्धले सोध्नुहुँदा रोगी सुप्रियाको जीवनमा कस्तो परिवर्तन देखियो ?

३) सुप्रियाको सेवा-भाव तथा सद्गुणलाई पालि साहित्यले सदा स्मरण गरिरहनेछ ? प्रष्ट गर्नुहोस्।

४) सुप्रियाको कहानी पढेर के शिक्षा पाउनुभयो ? लेख्नुहोस्।

Downloaded from http://dhamma.digital/

# ८. कात्यायानी

अवन्ती जनपदको कुरर घर नामको स्थानमा एउटा सम्पन्नशाली परिवारमा कात्यायानीको जन्म भयो । कात्यायानी केटाकेटीदेखि नै हँसिलो अनुहार भएकी थिइन् । साथसाथै ऊ उदार हृदयको पनि थिइन् ।

कोही न कोही याचक ढोकामा उभिन आउनासाथ केही न केही नदिइकन पठाउन्न थिइन् । दु:खीहरूको सेवा गर्नुमा ऊ सदा प्रसन्न चित्तकी थिइन् । तरुनी भएदेखि आफ्नो उदारताले गर्दा ऊ साह्रै प्रख्यात भइन् ।

राजगृहको काली नामकी एक कुलीन युवतीको विवाह कुररघरमा भयो । आफ्नो स्वभावसँग मिलेकोले ऊसँग कात्यायानीले तुरुन्त मित्रता गांस्यो । उनीहरू दुबैसंगै बस्दा भगवान्को उपदेश छलफल गर्दै गुणगान गर्दथे । साथै उत्तम उपदेशको विषयमा कुरा गरी बस्दथे । त्यस मंगलमय उपदेशको पालन गर्ने कोशिस गर्दथे । केही समयपछि कालीको सुपुत्र कुटिकण्ण सोण स्थविर जेतवन विहारबाट भगवान्को दर्शन गरेर फर्किनुभयो । उहाँलाई माया गरिराखेकी काली र आमाजस्तै भएकी कात्यायानीले कुररघरमा उहाँलाई स्वागत गरी भित्र्याए ।

आमाको आग्रहद्वारा उहाँ सजाइको मण्डपमा अत्तर तथा फूलले सुगन्धित परिएको मञ्चमा पाल्नुभयो । नगरको असंख्य मानिसहरूले आफ्नो भाग्यलाई तारिफ गर्दै भगवान् बुद्धको पवित्रमय उपदेश सुन्नको लागि त्यहाँ भेला हुन आए । त्रिरत्न वन्दना गरिसकेपछि उपदेश सुन्ने योजना बनाइएको थियो । कात्यायानीको साथी काली उपासिकाले धूपदीप आदि पूजाको सामान जोरजाम गरिन् ।

रात्रीको नीरवतामा चोरहरूले विचार गरे, मानिस त भएकै होइन, किन चोर्न नजाने ? अत: कति चोरहरूले नगरको एक छेउ देखिन् संघ खन्न थाले ।

Downloaded from http://dhamma.digital/

उनीहरूलाई काम लगाएर प्रधान सरदार सारा जनसमुदाय भेला भएको स्थानमा किन भेला भएको रहेछ भनी बुझ्न गयो। ऊ जनसमूहको वीचमा सबैभन्दा प्रधान भएकी काली र कात्यायानीको पछाडि उभिन गयो। उतातिर ध्यान नदिइकन उपासिका कात्यायानीले आफ्नी शिष्यलाई भनिन्- "सेविका ! घरमा गएर घीउबत्ती आदि लिएर आऊ। म पनि सखीहरूसँग प्रार्थना गर्दै पुण्यफलको भागी हुनेछु।" काली आफ्नी सखीलाई तेलको बत्ती लिनको लागि भन्नुमात्र भयो तर श्रद्धाशील कात्यायानीले दासीलाई घर पठाइदिइन्। दासीले घरमा के के आवाज सुनिन्। उसले प्वालबाट लुकेर हेर्दा घरको दायाँबायाँ भागमा प्वाल पारेर चोरहरू पसिरहेको देखिन्। उनीहरूले धन आभरणहरू चोरिलान जम्मा गर्दै थिए। दासी डराएर थर थर काँपिन्। पछि त्यही पाइलाले गएर उसले कुरा सुनाइन। चोरको सरदारले विचार गर्दै बस्यो कि यदि कात्यायानी घर जान खोजेमा यही नै दुईटुक्रा पारिदिनेछु।

धर्मोपदेश शुरू भइसक्यो, कात्यायानी श्रद्धापूर्वक उपदेश सुन्दैरहिन्। उसले दासीलाई भनिन् "लान देऊ। उपदेश सुनिरहेको बेला बाधा दिन नआऊ। चोर हरूले भौतिक धन लगिरहेको छ, लान देऊ। आज मैले अमूल्य उपदेशरूपी धन जम्मा गर्दैछु। यसमा विघ्न दिन नआऊ।" श्रद्धायुक्त कात्यायानीको गम्भीर स्वर सुनेर सरदारको कडा हृदय पग्लिएर गयो। उसको मनले आफूलाई धिक्कार गऱ्यो कि के ऊ, एउटी महिलाभन्दा पनि मूल्यहीन छ कि जुन धनलाई उसले एकरति पनि चित्त नदुखाई त्याग गऱ्यो, त्यो पनि उसले चोर्ने आँटेको। यो कस्तो पाप ? त्यस्तो पुण्यवतीको धन चोरेर लाँदा ऊ पृथ्वीमा धसेर जानेछ।

उसको विचार बदलियो। पछि आफ्ना चोर साथीहरूलाई सारा कुरा भनेर धन त्यही नै छाडी मण्डली सबै नै धर्मोपदेश सुन्न थाले।

रात बित्यो, उज्यालो भएर आउंदा मानो अमृत वर्षाएझैं भएको उपदेश सुनेर हर्षपूर्वक मंगल सुमंगल छर्न थाले। सारा नरनारीहरूको हृदय प्रसन्नताले छचल्किदै दौडिदै गए।

Downloaded from http://dhamma.digital/

कात्यायानी, पनि आफ्नो घर आईन्। केही समयपछि चोरको सरदारले कात्यायानीको खुट्टा ढोकेर क्षमा माग्यो । तब पश्चाताप गरी भन्यो- “आर्य ! क्षमा गरिदिनु होस् । कात्यायानीले उसलाई नचिनेर भनिन्- “भाई ! तपाईहरूले मेरो उपर के अपराध गर्नुभएको छ ? मसँग किन क्षमा माग्नु भएको ?”

चोरहरूले राती भएको सारा कुरामा बताए । उनीहरूको विचार बदलिएको कुरा सुनेर कात्यायानी साह्रै खुशी भइन् अनि भनिन्- “मैले सबैलाई क्षमा दिन्छु ।”

यो कुरा सुनेर चोरहरूले “हामीलाई शान्ति कहाँ पाइन्छ देवी ? नराम्रो कर्मलाई त्याग गरी असल जीवन बिताउन इच्छा भयो । तब मात्र शान्ति प्राप्त हुनेछ । तपाईको कारणले हामीलाई नयां मार्ग प्राप्त भयो । नयाँ किरण पायौ । तपाईले हामीलाई प्रव्रजित गराईदिनुहोस् देवी ।

उनीहरूको त्रशित भावयुक्त कुरा सुनेर दया भएकी उपासिका कात्यायानीले उनीहरूलाई स्थविर कुटिकण्ण सोणको अगाडि लगिन् । उनीहरू सबैले प्रव्रज्या ग्रहण गरी भिक्षुभए । सबैले पनि कठिन साधना गरी ज्ञान लाभ गरी अर्हत पद प्राप्त गरिलिए ।

आफ्नो त्यागभाव र अधिक श्रद्धाले चोरहरूको जीवन बदलिएर कात्यायानीको त्याग र श्रद्धा साथै उपदेश सुनेर पालन गरेकोमा महाकारूणिक भगवान् तथागत अति नै खुशि हुनुभयो । फेरि जेतवन महाविहारमा निवास गर्नुभएको बेला उहाँले उपासिकाहरूलाई स्थान दिनुहुँदै कात्यायानीलाई अति नै प्रसन्न भएर बस्ने उपासिकामध्ये अग्रस्थान दिनुभएर कृतार्थ गर्नुभयो । ❋

Downloaded from http://dhamma.digital/

## आदर्श बौद्ध महिलाहरू–अभ्यास – ८

१) युवती अवस्थामा नै कात्यायानी किन प्रख्यात भइन् ?

२) कात्यायानीलाई अति नै प्रसन्न भएर बस्ने उपासिकाहरूमध्ये अग्र किन मानिन्छ ?

३) आफ्नो घरमा चोरले चोर्ने काम गरिरहेको कुरा थाहा पाउँदा समेत 'अमूल्य उपदेशरूपी धन जम्मा गरिरहेको छु' भनी कात्यायनीले किन भनिन् ?

४) चोरहरूको हृदय कसरी परिवर्तन भयो ? उनीहरूले बाँकी जीवन कसरी बिताए ?

Downloaded from http://dhamma.digital/

# ९. संघमित्रा

कलिंग विजय त भयो तर भारत सम्राट अशोकलाई त्यसको मूल्य उकास्न धेरै नै हानि सहनुपर्‍यो। उनको हृदयमा हाहाकार मच्चियो। त्यो चित्कार करूण पुकार कलिङ्ग युद्धको परिणाम हो। त्यसैले उनलाई आँखा झिमिक्क पारूञ्जेलसम्म पनि शान्ति भएन। महाकारूणिक भगवान् तथागत अमृतमय उपदेशले उनलाई शान्ति भयो। तब उनको हृदय तनमन सारा त्रिरत्नको शरणमा श्रद्धाले झुक्यो।

विहानको बतास चल्यो। बगैंचाको रूख विरुवाहरू हल्लिन थाले। त्यसमा जम्मा भएको शीत थोपा हीराको कणजस्तै भरखरै उदाएको सूर्यको किरणले चम्किन थाले। त्यही नै शान्त वातावरणमा भारत सम्राट अशोकले शान्तिपथ प्रेरक महास्थविर मोग्गलिपुत्तको चरणमा वन्दना गर्‍यो। उहाँको शुभ आशीर्वादले उनको मन उच्च दृढ भावनामा विभोर भए। सम्राट देवनांप्रिय अशोकले हृदय नरम पारेर भने- "भन्ते! धर्मको उत्तरा- धिकारी हुने सौभाग्य मलाई प्राप्त हुन्छ कि?" उनको दृष्टि उत्सुकता र हृदयमा हलचल भइरह्यो। त्यसबेला कल्याणकारी स्थविरले गम्भीर स्वरले भन्नुभयो- "हुन सक्दैन।" "किन भन्ते?" उनको हृदय कम्पित भयो। स्थविरले अनुभवपूर्ण नयनले सम्राटलाई हेरेर भन्नुभयो- "मात्र एउटा यत्न हो, त्यो हो आफ्नो सन्तानलाई त्रिरत्नको शरणमा समर्पित गर्नु।"

यो कुरा सुनेर सम्राट स्तब्ध भए। उनले स्नेहपूर्ण आँखाले वैभवमा हुर्किएका स्नेहका सजीव प्रतिमाजस्तै भएका छोराछोरीहरूलाई देखे। सम्राटको आँखामा मानौं उनीहरूलाई वैभवलाई त्याग गर्ने मौन प्रस्ताव राखिरहेको जस्तै थियो।

षोडशी सुकुमारी राजनन्दिनी र गुणयुक्त सुकोमल राजकुमारले आफ्नो बाबाको स्नेह र उद्देश्यलाई थाहा पाएर विचार गरे- "धर्मको निम्ति जीवन अर्पण

Downloaded from http://dhamma.digital/

गरी उनीहरू धन्य हुनेछन् ।" उनीहरूको राम्रो सुन्दर शरीरमा प्रसन्नताको किरण प्रस्फुल्लित हुन थाल्यो । पछि नरम स्वरले भन्यो- "धर्मको अर्चना जीवनको महान सौभाग्य हो। त्यसैले विलम्ब गर्नु हुदैन ।" सम्राटलाई सबै प्राप्त भयो। उनको इच्छा पूर्ण हुनेझै लाग्यो । तब उनको रौंरौंको प्वालबाट आफ्नाहरूलाई आशीर्वाद दिइरह्यो। राजकुमार महेन्द्र र उनकी बहिनी संघमित्रालाई पनि उनीहरूका आमाले पनि सुदुर विदिशा नगरदेखि उनीहरूलाई आशीर्वाद दिएझैं लागे ।

बाबाको इच्छा र धर्म अर्चनाको निम्ति सर्वस्व त्याग गरेकी संघमित्रा सम्राट देवानांप्रिय अशोकको गुणवती सौन्दर्यशीला छोरी थिइन् । सम्राट अशोक युवराज हुंदाखेरि र शासक भएर उज्जेनमा जानुपर्दा श्रेष्ठी कन्या विदिसा कुमारी देवीसँग उनको विवाह भएर विवाहिताको रूपमा संगै उज्जैनमा बसिरहेको थिए । त्यहीं नै महेन्द्र र संघमित्रा जन्मिएका थिए । दुबै बच्चाहरूले पनि त्यहीं नै बाल्यकाल बिताएर ठूलो भएपछि आफ्नो बाबासंग मगधमा आएका थिए। यी दुई छोराछोरीहरूसंग सम्राट अशोकको अति नै स्नेह छ। उनको ममताको छायाँमा उनीहरूको शिक्षाको प्रबन्ध पनि राम्ररी नै भयो। फेरि रूपको साथसाथै गुण पनि अद्वितीय भयो ।

तरूनी हुनासाथ नै संघमित्राको विवाह भयो । राजरानन्दिनी संघमित्रा वैभवको बीच बस्नुपर्ने भए तापनि दया, ममता र शील पालन गर्नमा आदर्श लिने गर्थिन् ।

संघमित्रा सम्राटको प्रस्ताव र आफ्नो धार्मिक भावनाले गर्दा यौवनको ढोकामा प्रवेश गर्नासाथ समस्त वैभवलाई त्यागेर प्रव्रज्या ग्रहण गरेर भिक्षुणी भइन्।

धर्म संगायनापछि सम्राट देवनांप्रियले भगवान्‌को मंगलमय उपदेशलाई विश्वमा प्रचार गर्नको लागि धेरै स्तम्भ स्तूप र विहारहरू निर्माण गराए । फेरि

Downloaded from http://dhamma.digital/

सुदुर देशसम्ममा धर्मप्रचार गराउन विद्वान भिक्षुहरू पठायो। नीलो समुद्रको बीचमा रहेको श्रीलंकामा पनि धर्मदान प्राप्त गर्न धेरै समयदेखि तृष्णा थियो। त्यहाँको राजा तिष्यको निमन्त्रणामा भिक्षु महामहेन्द्र जान तयार हुनुभयो। स्वागत र शुभकामना साथसाथै मगधवासीसँग विदा लिनुभएर आफ्नी आमाको दर्शन गर्न महेन्द्र विदिशा जानुभयो। उहाँको सौभाग्यशाली आमा र बहिनी संघमित्राले गौरवशाली महामहेन्द्र स्थविरलाई विदा दिए। जनसमूहले हर्ष, वियोग र गर्वले उहाँलाई फूल वर्षाए। वियोगको आँसूलाई स्मृतिको आवरणमा लुकाएर धर्मशीलादेवीले आफ्नो छोरालाई आशीर्वाद दिइन्। स्नेहमयी बहिनी संघमित्राले कल्याण कामना गरी आफ्नो छोरा सुमनलाई आफ्नो दाजुको हातमा सुम्पिइन्। उसले शान्त मधुर र रूवाई स्वरले भनिन् "जानुहोस्! भरखरै उदाएको सूर्यको लालिमाजस्तै भएका यो धर्मको ज्योतिले विश्वलाई शान्ति र अहिंसाको जलले शितल पारिदिनोस्, हाम्रो यही कामना छ।"

उसको दाजु महामहेन्द्र सुमनसहित चारजना भिक्षुहरूसंगै सिंहल जानुभयो। भरखरै उदाएको सूर्यको किरणमा गौरवमयी आमा र बहिनीको अनुहार उज्यालो भएर आयो। बुद्धं सरणं गच्छामि! धम्मं सरणं गच्छामि!! संघं सरणं गच्छामि!!! को आवाज टाढादेखि सानो हुँदै गए।

दाजु सिंहल गइसकेपछि भिक्षुणी संघमित्राले साधनामय जीवन बिताइन्। प्राणीमात्रको सेवा गर्न उसको जीवनको लक्ष्य हुन गयो। सिंहलको राजा तिष्य, भाइबुहारी अनुलादेवी र प्रजाहरूले महामहेन्द्रलाई हृदयदेखि स्वागत गरे। बाटो बाटोमा श्रद्धाको फूल फूले। जनसमूह हर्षले विभोर भए। महामहेन्द्रको उपदेशले सिंहलमा धर्मको ज्योति जग्मगाउन, झकझकाउन थाल्यो। अनगन्ति नरनारीहरूले त्रिरत्नको शरणमा आएर नयाँ शान्ति प्राप्त गरिलिए।

सिंहलका महिलाहरूले त्यागमय मार्ग अपनाउने आकाँक्षा व्यक्त गरे। दयाले भरिएको महामहेन्द्रलाई यो कुरा विन्ती गरे। उहाँले पनि उनीहरूको

Downloaded from http://dhamma.digital/

धर्मानुरागलाई बुझेर उहाँले आफ्नो बाबा सम्राट अशोकलाई सन्देश पठाउनुभयो- "तपाइले सिंहलको महिलाहरूको लागि ज्ञानको प्यास मेटाउन पुण्यमयी थेरी संघमित्रालाई पठाईदिनुहोस् ।"

संघमित्रा थेरीले आफ्नो दाजुको आव्हान सुनेर त्यो पनि धर्मको लागि भएकोले आनन्द विभोर हुनुभयो । तपस्विनी राजकन्या भिक्षुणीको भेषले पावन बोधि बृक्षको हाँगा लिएर सिंहलतर्फ प्रस्थान गर्नुभयो । समुद्रको किनारसम्म हर्ष र गर्वले महिला पुरुषहरूले श्रद्धाको फूल फुलाए । एकलाखभन्दा बढी मानिसहरूले हृदयदेखिको शुभकामना लिएर सुनील सागरको तरंगमा संघमित्राको डुंगा त्यागमयी भिक्षुणीहरू र बोधिबृक्ष रक्षा गर्न श्रेष्ठिहरूसहित सिंहलतर्फ प्रस्थान गरे । बाटो हेर्दै गरेका सिंहल निवासीहरूले उनीहरूको स्वागत गरे । उनीहरूको तेजस्वी अनुहारको भाव र अपूर्व त्याग व्यवहारले उहाँहरूलाई श्रद्धाले झुकाए । उनीहरूको हृदयमा असर गर्ने उपदेश सुनेर राघबधू अनुला पाँचसय सुकुमारीहरूसहित साथै राजमहिलाहरुसहित संघमित्राको शिष्य भएर आफूलाई धन्य सम्झिदै प्रव्रज्या ग्रहण गरे ।

पूर्ण ज्ञानमयी संघमित्रा सिंहलको भिक्षुणी विहारमा निवास गर्नुभएर समस्त जीवन धर्मप्रचारमा समाप्त गर्नुभयो । उहाँले विदेश जानुभई प्रथम धर्म प्रचार गर्ने भिक्षुणीले एकासी वर्षको उमेरमा निर्वाण प्राप्त गर्नुभयो ।

सागरको तरंग चुम्बन गरिराखेको सिंहलमा अत्यन्त सम्मानपूर्वक उहाँको अन्तिम संस्कार भयो । आज सम्राट देवनांप्रियकी गुणवती पुत्री, श्रेष्ठ भिक्षुणी र धर्मप्रचारको लागि सर्वस्व त्याग गर्नुभएकी नारीरत्न संघमित्रा रहनुभएन तर उहाँको गाथा आज पनि नारी जातिको लागि गर्वको वस्तु भइरहेको छ । विशेषरूपले धर्मचक्र(अशोकचक्र) अंकित तिरंगी झण्डाको छायाँमा भारतीय महिलाहरूको लागि गौरवको विषय भइरहेको छ । सिंहलको विशाल बोधिबृक्षले उहाँको गौरवमयी कथा र अनुपम त्यागको सम्झना दिलाएर सदा हरियो भएर साकार गरिराख्ने छ ।

Downloaded from http://dhamma.digital/

## आदर्श बौद्ध महिलाहरू–अभ्यास – ९

१) महेन्द्र र संघमित्राको प्रारम्भिक जीवन चित्रण गर्नुहोस् ।

२) 'भन्ते ! धर्मको उत्तराधिकारी हुने सौभाग्य मलाई प्राप्त हुन्छ कि ?' यस वाक्यलाई कसरी पुष्टी गर्नु हुन्छ ?

३) सिंहल देशमा महेन्द्र किन गए ? चर्चा गर्नुहोस् ।

४) संघमित्राको प्रव्रजित जीवनको घडी उल्लेख गर्दै उनको परिनिर्वाण सम्म क्रमबद्ध कुरा लेख्नुहोस् ।

५) श्रीलंकाको बुद्धशासनमा महेन्द्र र संघमित्राको उल्लेखनीय सम्बन्धका बारे आफूलाई थाहा भएको कुरा प्रकाश पार्नुहोस् ।

Downloaded from http://dhamma.digital/

# १०. धम्मदिना

त्यस श्रेष्ठीकी छोरीले स्वामीलाई सर्वस्व सम्झिइन्। लोग्नेको जस्तो इच्छा उनको पनि त्यस्तै इच्छा। पतिको धर्म उनको कर्तव्य हुन गयो। जबसम्म उनी घरमा बसिरहिन् उनले आफूलाई आफ्नो हृदयको देवतासँग एक जीउजस्तै भएकी विचार गरिन्। उनको स्वामीले जब संसारको झंझटलाई पन्छायो तब उनी साँच्चै कै आफ्नो पतीसँग हिंडने महिलाले पनि वैभवलाई त्यागेर त्रिरत्नको शरणमा गएर आकिञ्चन एवं अर्हतरूपी महानपद प्राप्त गरिलिइन्।

यस पुरुषार्थी महिला धम्मदिनाको जन्म राजगृहको एक धनी श्रेष्ठिको कुलमा भयो। राम्री भएकी र गुण सम्पन्न भएकी यस सजीव प्रतिमालाई विवाहित रूपमा प्राप्त गरेर श्रेष्ठ विशाख हर्षले गद्गद भयो। यद्यपि धम्मदिन्ना भगवान्को भक्तितर्फ आकर्षित भएकी थिइनन् तापनि भगवान्को श्रद्धालु उपासक विशाखले कहिले पनि आफ्नी प्रियपत्नीको स्वतन्त्रतामा बाधा दिएन। विशाख सेंठ मगध नरेश बिम्बिसारको मन परेको मित्र हुनुको साथै भगवान् बुद्धको पूर्ण कुशल भक्त थियो।

ऊ उहाँ महाकारूणिक भगवान्को उपदेश अति नै ध्यान दिएर सुन्ने साथै पालन पनि गर्ने गर्दथ्यो। ऊ आध्यात्मिक उन्नतितिर तिब्रगतिले दौडिदै अगाडि बढिरहेको थियो। धम्मदिन्नाले आफ्नो स्वामीको सेवा गरी आफूलाई धन्य सम्झिने गर्दथिइन् भने उनको स्वामी पनि उनको सुखमा पूर्ण ध्यान राख्ने गर्दथ्यो। संधै जस्तो ऊ घरमा फर्किंदा दर्शन गर्ने आशा लिएर सुन्दरी धम्मदिन्ना आफ्नो हृदय देवतालाई पर्खिरहन्थिन्। फेरि नानाप्रकारको स्वादिष्ट भोजन बनाएर सेवा गरी आनन्दित हुने गरी हंसिलो अनुहार पारी प्रेमले विभोर पारिदिने गर्दथिन्।

Downloaded from http://dhamma.digital/

एकदिन मयी धम्मदिन्नाले आँखा झिमिक्क नै नपारी हेर्दै बसिन्। विशाख आयो तर केही पनि बोलेन। त्यस सुन्दरीले केही पनि बुझ्न सकिनन्। पतिको निरसताले आँधीबेरी ल्याएको दुःखलाई छोपेर बाहिरबाहिर मात्र मुस्काएर उसले नम्र व्यवहार गर्दै भोजन गराइन्। तर, उसको स्वामीले त्यो पनि ग्रहण गरेन। आफ्नो सर्वस्व आफ्नो स्वामीको यस व्यवहारले उसको हृदय आशंकाले गर्दा अति नै धडकिन थाल्यो। तर साहस गर्दै उनले नरम स्वरमा सोधिन् "आर्यपुत्र ! के दासीको तर्कबाट केही बिगार भयो कि ? तपाईंले किन यतिका रिसाउनुभयो ?"

विशाखले भन्यो "शुभे तिम्रो कुनै गल्ति भएको छैन। मैले शीलमय नयाँ एउटा बाटो ग्रहण गरें। जसमा स्त्री स्पर्श, भोग विलास, त्यसै गरी मीठोमीठो खाने काम गर्नु हुँदैन। यो घर तिम्रै हो। शुभे, तिमीलाई इच्छा भएमा यहाँ राजारानीजस्तै भएर बस अथवा तिमीलाई मन पर्ने सबै रत्नाभरण लिएर माइती जाऊ।"

यो गम्भीर जवाफ सुनेर धम्मदिनाको नारी हृदय रूयो। आँसू बहन थाल्यो। तब केही क्षणपछि मन केही हलुंगो भएजस्तो भयो। उनले स्थीर बुद्धिले विचार गरिन् कि पुण्यमय बाटोमा आफ्नो हृदयदेवतालाई बाधा दिन प्रयत्न गर्नु पतिव्रता पतिपरायण महिलालाई सुहाउँदैन। फेरि आफ्नो स्वामीको आफू पनि अनुगामिनी नै हो। परिणीताको प्रणय रत्नाभरणको मुलले परिवर्तन गर्न सकिन्छ कि ? उनको निश्चय हो, सकिदैन।

उसले आफ्नो स्वामीलाई विन्ती गरिन्, मलाई रत्नाभरण चाहिएको छैन। जहाँ आफ्नो स्वामी आराध्य नै त्यागको मार्गमा गयो भने आफू पनि शास्ताको शरणमा नै गएर प्रव्रज्या लिन जाने इच्छा भयो। विशाख आफ्नी पत्नी देखेर खुशि भयो। पछि उनलाई बिदा दिएर शुभकामनासहित सुनको पाताले मोडेर पालकीमा राखेर भिक्षुणीसंघको निवासस्थानमा पुऱ्याइदियो। त्यहाँदेखि एकान्तमा बसेर साधनाद्वारा धर्मज्ञान प्राप्त गर्दै गइन्। फेरि त्रिरत्नको शरण गएर भएभरको

Downloaded from http://dhamma.digital/

बन्धनलाई चुँडाएर अर्हत्व प्राप्त गरिलिइन् । अर्हत्व प्राप्त गरिसकेपछि उहाँलाई प्रेरणा प्राप्त भयो। उहाँले शहरमा शान्तिमय उपदेशले पीडित भएका महिलाहरूलाई सुखी बनाउन उहाँ राजगृहमा फर्किएर आउनुभयो । त्यसबेला उहाँको पूर्वस्वामी विशाखाको मनमा यस्तो लाग्छ -महलमा बसेर जीवन बिताएकोले साधनामय जीवनमा बस्नुपर्दा उराठ त लागेन ?

यो कुरा जान्नको लागि धम्मदिनालाई भेट्न गएर धेरै धार्मिक प्रश्न गऱ्यो । धम्मदिनाले त्यस धार्मिक प्रश्नको राम्ररी सन्तोषपूर्वक जवाफ दिनुभयो । तर कुनै प्रश्नको लागि भने भन्नुभयो- "यो भगवान्सँग नै सोध्न जाऊ ।" विशाखले यो कुरा भगवान्कहाँ गएर सोध्न गयो । यसबाट भगवान् धम्मदिना देखेर अत्यन्त प्रसन्न हुनुभयो ।

एक समय भगवान् जेतवन विहारमा निवास गर्नुहुँदै प्राणीमात्रको कल्याण हुने उपदेश दिँदै हुनुहुन्थ्यो । त्यसैबेला त्यही दिनमा उहाँले भिक्षुणीहरूलाई योग्यता अनुरूप पद दिनुभयो। महाबुद्धिमती त्यस नारीलाई उहाँले भिक्षुणीसंघमा धर्मकथिकमध्ये श्रेष्ठ स्थानमा प्रतिष्ठित गर्नुभयो ।

परम साधिका थेरी धम्मदिन्नाले धर्मकथाद्वारा अशल उपदेश दिनुहुँदै साथै धेरै दुःखी महिलाहरूलाई त्रिरत्नको शरणमा लगेर शान्ति प्रदान गर्नुभयो।

आफूले साधना गर्नुहुँदा उहाँले स्वयं नै गाथाको रूपमा भन्नुभएको थियो- "जसले अन्तस्करणको सम्पूर्ण वृतितर्फ परम शान्तिको इच्छा गर्दछ फेरि भोग तृष्णाको आकर्षणमा अल्झिएर बस्दैन उसलाई नै संसाररूपी श्रोतको माथि हिंडने भनिन्छ ।"

उहाँले आफ्नो सारा जीवन साधना एवं धर्मोपदेश गर्दै जीवन बिताउनुभयो। साथै कल्याणको लागि आफूलाई नै विस्मृत गर्नुभयो। तर पालि साहित्यमा आजकाल पनि उहाँको स्मृति आदरको वस्तु भइरहेको छ। ❋

Downloaded from http://dhamma.digital/

## आदर्श बौद्ध महिलाहरू–अभ्यास – १०

१) धम्मदिन्नाको पारिवारिक परिचय प्रस्तुत गर्नुहोस् ।

२) धम्मदिन्नाको नारी हृदय किन रोयो ?

३) धम्मदिन्नाको वैवाहिक जीवन कसरी बित्यो ?

४) धम्मदिन्नादेखि भगवान् बुद्ध किन प्रसन्न हुनुभयो ?

५) धम्मदिन्नाको जीवनी प्रस्तुत गर्नुहोस् ।

Downloaded from http://dhamma.digital/

# ११. भद्रा कुण्डलकेशा

गायकहरूको गीत सानो स्वर हुँदै गए । श्रावस्तीको वैभवशाली एउटा प्रासादको कोठामा एउटी राम्री भरखरकी तरुनी खाटमा बसिरहेकी थिइन् । उसले कंकण र हीरा जडिएको हार आदि अमूल्य गहना लगाएकी थिइन् तापनि वाराणसीको गहनापसलले उसको कमलफूलजस्तो नरम छबीको सुन्दरतालाई लुकाउन सकेन । फूल र धूपको मगमगाउँदो सुगन्ध भरिएको कोठामा बसेर बार बार ढोकातिर हेरिरहेकी थिइन् । उसको गाजल कोरिएको मानौं आँखामा कोही एकजना पर्खिरहेको जस्तो छ । अकस्मात ढोका खुल्यो । तब उसको सर्वस्व मानिएको एकजना तन्नेरी भित्र आयो । पछ्यौरा ओढेकी त्यस नारीको आँखा लाजले झुक्यो । तन्नेरी अर्को छेउमा आएर चुपचाप बस्यो । पछि बिस्तारै भन्यो- "किन अपराधी सम्झेर मलाई जीवन दिने हृदयश्वरीले मलाई उपेक्षा गरिराखेकी ?"

वैंशको दुलही भद्रा राजगृहको धनी श्रेष्ठको राम्री र गुणवती छोरी थिइन् । केही दिनअघि उसले आफ्नो प्रासादमा झ्यालको नगिच उभिएर बाटोतर्फ हेरिरहेकी थिइन् । अकस्मात उसको आँखा होहल्ला गरिरहेको मानिसहरूको हुलमा पुग्यो । ती मानिसहरूको हुल त्यही प्रासादको नगिचको बाटो भएर आइरहेको थियो । हुलको अगाडि एकजना तन्नेरी सुन्दर तर राजगृहको राजपुरोहितको छोरा सुत्थक बन्दी अवस्थामा थियो । उसले चोरी काम गर्‍यो । त्यही अपराधमा उसलाई सैनिकहरूले राजाज्ञा लिएर प्राणदण्ड दिने स्थानमा लगिरहेको थियो । भद्राले उसलाई देखेर नराम्ररी नै आशक्त भइन् र ऊसँग भेट नभएसम्म, खाने पिउने छाडिदिइन् । उसकै चिन्तामा आफूलाई बिर्सिदिइन् । साथीहरूले कति सम्झाए तर सारा व्यर्थ भए । दिक्क भएर, कायल भएर उनीहरूले उसको आमाबुबाहरूलाई बताए । उनीहरूले आफ्नो मन परेकी छोरीलाई अनेकतरहले फकाए तर भद्राले त्यस युवकलाई आफ्नो

Downloaded from http://dhamma.digital/

सर्वस्व सम्झिसकेकीले भुलाउन सकेन। विवश भएर श्रावस्तीको कोषाध्यक्ष भएको उसको बुबाले धेरै पैसा र सुन गुप्तरूपले राजकर्मचारीलाई दिएर सुत्थकलाई छोडाइलियो। तब अनेक रत्नाभरणले सजाएर उनीहरूले भद्राको विवाह त्यही उसको मन परेको सुत्थकसँग गरिदियो।

नयाँ विवाह भएको भद्राले यही कुरा सम्झिरहेकी थिइन्। त्यही पुरुष उसको लोग्ने, उसको आराध्य अगाडि नै थियो तर लाजले गर्दा बोल्न सकिनन्। तब सुत्थकले सोध्यो- "भन प्रिय ! मलाई अपराधीजस्तै नठानेको भए किन यस्तो रिस ?"

साहस बटुलेर दुलही भद्राले सानो स्वरले भनिन्- "होइन, जीवन, धन तपाई नै मेरो सर्वस्व हो, म त तपाईको सेविका मात्रै हुँ।"

श्रेष्ठपुत्री भद्रा र सुत्थकको जीवन आरामसाथ आनन्दित तवरले बित्दै गयो। सुत्थकले जति पनि इच्छा गर्छ ती सारा पुऱ्याएर पतिपरायण भद्रा खुशि थिइन्। उसले लोग्नेको इच्छालाई आफ्नो इच्छा सम्झेर उसको सेवा गर्दै मक्ख थिइन्।

एकदिन भद्राको लोग्नेले भन्यो- "शुभे, मैले पर्वतमा अवस्थित देवतालाई भाकल गरेको छु। यदि म मुक्त भएँ भने उसको पूजा गर्ने छु। म मुक्त भएको धेरै भइसक्यो, त्यसैले पूजा गर्नु नै पऱ्यो। तिमीले पूजालाई चाहिने सामान तयार गर।"

सोझी भद्राले खुशि हुँदै पूजा सामाग्री तयार गरिन् साथै धेरै मूल्य पर्ने वस्त्राभरणले सजिएर आफ्नी सखि नन्दासँगै लोग्नेको पछिपछि हिंडिन्। पर्वतमुनि पुग्नासाथ उसको लोग्नेले भन्यो- "भद्रा ! यी सेविकाहरू र आफ्नी सखिलाई घर पठाइदेऊ। सुनको पूजाथाल तिमी आफैले लिएर मसँग आऊ, किनकि मैले एकान्तमा बसेर पूजा गर्नुपर्छ।"

Downloaded from http://dhamma.digital/

भद्रालाई केहीकेही अप्ठ्यारो भएझैं त भयो । तापनि प्रिय स्वामीको वचनलाई अस्वीकार गर्न सकिनन्। उसले आफैले नै पूजा सामाग्री लिएर लोग्नेसँगै पर्वतको टुप्पामा पुगिन्। तब लोग्नेलाई पूजाको लागि अनुरोध गरिन्। तर सुत्थकले डरलाग्दो अनुहार गरेर भन्यो- "सबै गहना फुकाल ।" भद्राले तर्सिएर भन्यो- "देव ! किन, मैले के अपराध गरेको छु ?" उनको स्वामीले क्रूर अट्टहास गर्दै भन्यो- "तिमीलाई थाहा नै थियो कि म चोर हुँ। तापनि तिमीले मसँग प्रेम गऱ्यो । मलाई छोडाइदियौं । मैले तिमीलाई मलाई छोडाइदिनु भनेको थिइनं । त्यसैले सारा गहना फुकालेर मर्न तयार होऊ ।"

भद्रा थरथर काँपिन्। अनुनय विनय गरिन् तर सारा बेकार । विवश भएर भद्राले डरलाई हंसिलो अनुहारले छोपेर भनिन्- "आर्यपुत्र, त्यसो हो भने मेरो अन्तिम इच्छा पूर्ण गर्न दिनोस् । म त संधैको लागि तपाइसँग विछोडिने नै भएँ। त्यसैले केवल एकपल्ट मात्र नै आलिङ्गन गर्दछु ।" सुत्थकले उपेक्षापूर्वक स्वीकार गऱ्यो। भद्राले आलिङ्गनको बहाना बनाएर छलेर उसलाई जोडले घचेटिदिइन्। त्यो धूर्त पहाडमुनि खस्यो र मऱ्यो ।

भद्रालाई मर्नु त परेन तर त्यस्तो जंगलमा एक्ली भइन् । उनको संसार चकनाचुर भयो। उनको हृदयमा पनि भुईचालो आयो। केही क्षणपछि उनले टाढाको एउटा देश राजगृह देखिन्। उनले घर फर्किने विचार एकपल्ट भूलले मात्र ल्याउन सकिन्। त्यसैबेला उसले बिचार गरिन्- जुन राजगृहबाट सिंउदो लगाएर श्रृङ्गार गरिआएको थिएँ त्यहाँ फेरि विधवाजस्तै भएर जाने ? उसले आफूलाई कसैले मन नपराउने गरी सुत्थकको स्वास्नी भइन्। तर त्यही सुत्थक नै धूर्त भएर निस्कियो। उसको धूर्ततालाई आफैले नै दिएको दुःखदायी परिणामलाई कसरी कसैलाई बताउन सक्छिन् ? कसलाई बताउन मिल्छ ? उनको मन वैराग्य भयो र यताउता घुम्दाघुम्दै निग्रन्थ साधुको आश्रममा पुगिन् । त्यहाँ उनी साध्वी भएर तर्कशास्त्रमा

Downloaded from http://dhamma.digital/

बाँधिन पुगिन् । उनलाई त्यहाँ दीक्षा दिएर कालो केश सबै उखेलिदियो । त्यसपछि उनको जुन केश लामो भएर आएको हो त्यो घुंघुरिएर रह्यो । त्यसैले त्यहाँबाट उसको नाम कुण्डलकेशा हुन गयो ।

उनले राम्ररी शिक्षा लिइसकेपछि गाउँगाउँमा प्रचार गर्न गईन् । साथसाथै शास्त्रार्थ पनि गर्दै गइन् । उनको शास्त्रार्थमा जोडिएको एउटा कथा प्रचलित भयो । उनी जहाँ गइन् त्यहाँ गाउँको अगाडि बालुवा बिछ्याएर सानो हाँगा गाडिदिन्थिन् र भन्थिन- "जसले यसलाई केटाकेटीहरूबाट बिगार्न लगाउँछ उसले मसँग शास्त्रार्थ गर्नुपर्नेछ ।" सात दिनसम्म यसरी भनेर शास्त्रार्थ गरेर गाउँको सिमानामा फर्केर आएर आफूले गाडेको हाँगालाई हेर्न आउँथिन् । यदि हाँगा सोझै भएमा केही कुरा छैन, होइन भने उखाल्न लगाएको वा बिगार्न लगाएकोसँग शास्त्रार्थ गर्थिन् । अनेक विद्वानहरूलाई हराई सकिन् । तब एकदिन अग्रश्रावक भेटिन् । उहाँले भद्रालाई भन्नुभयो- "यहाँले नै पहिले सोध्नुहोस् ।" भद्राले अनेकन प्रश्न सोधिन् । अग्रश्रावकले सबैको सन्तोषपूर्वक जवाफ दिनुभयो । तब भद्राले भनिन्- "अब तपाईंले सोध्नुहोस् भन्ते । "धर्मसेनापति सारिपुत्रले सोध्नुभयो- "एक नाम किं ?"

भद्राले कुनै जवाफ दिन सकिनन् । उसले उहाँको खुट्टामा ढोकेर विन्ती गरिन् । तपाईंले नै बुझाइदिनुहोस्, दया गर्नुहोस् । उहाँले बुझाई दिनुभयो । ज्ञानले अतृप्त भएकी भद्रा तृप्त भइन् । उनलाई नयाँ तरिकाले शान्ति भयो । तब उनले श्रद्धापूर्वक भनिन्- "भन्ते ! म तपाइको शरणमा आएँ ।"

धर्मसेनापतिले गम्भीर स्वरमा भन्नुभयो- "शुभे ! मेरो शरण नलेऊ । यो सबै महाकारूणिक भगवान् तथागतको मंगलमय उपदेश हो । त्यसैले उहाँ शास्ताको शरण नै लेऊ । तिमीलाई उहाँको कल्याणकारी उपदेशले अनुपम शान्ति हुनेछ ।"

Downloaded from http://dhamma.digital/

उहाँको कुरा सुनेर भद्रा गृहकुट पर्वतको शिरानमा पुगिन्। त्यहाँ करूणानिधि भगवान् बुद्धले भिक्षुहरूलाई धर्मदेशना गरिरहनुभएको समयमा भद्राले दर्शन गरिन् र प्रशन्न भइन्। उहाँलाई वन्दना गरिन्।

भगवान्ले आश्वासनयुक्त नरम स्वरले आज्ञा गर्नुभयो- "भद्रे ! आऊ।" उहाँको श्रीचरण नगिच पुगेर त्यहीं नै उनको उपसम्पदा भयो। प्रव्रजित भएर साधना र धर्मप्रचार गर्दै उनी मगध, कोशल, काशी, वज्जी र अंग प्रदेशमा चारिका गर्दै हिंडिन्।

दानी उपासकहरूले उसलाई चीवर दान दिए। भद्राले साधना गर्दै अर्हत्व लाभ गरिन्।

उहाँको जीवन धन्य भयो। उहाँ मुक्त हुनुभयो। उहाँले विश्वशान्तिको लागि जुन त्रिरत्न शरणको पवित्र मार्ग देखाएर हिंडनुभयो, त्यो चीरकालसम्म सदाको लागि नयाँ जस्तै भइरहने हुन्छ। ❋

## आदर्श बौद्ध महिलाहरू–अभ्यास – ११

१) भद्रा कुण्डलकेशा कुन अवस्थामा अपराधी सुत्थक प्रति आशक्त भइन् ?
२) अपराधी सुत्थकसँग भद्राको कसरी विवाह सम्भव भयो ?
३) सुत्थकले भद्रालाई पर्वततिर जान किन प्रस्ताव राखे ?
४) 'सबै गहना फुकाल' भन्ने सुत्थकको हिंस्रक व्यवहारपछि भद्राले कस्तो अक्कलपूर्ण व्यवहार प्रदर्शन गरिन् ?
५) धूर्त सुत्थकलाई आलिंगनको बहानामा पहाडबाट घचेटेपछि भद्राको चिन्तनमा के परिवर्तन आयो ?
६) भद्रा कसरी कुण्डलकेशामा परिणत भइन् ?
७) भद्रा कुण्डलकेशाको प्रव्रजित जीवन कसरी अगाडि बढ्यो ?
८) अन्धो प्रेममा आशक्त भई अपराधीलाई समेत प्रेममा आलिंगन गर्न सक्ने भद्राले अन्ततः आफ्नै प्रेमीलाई जिउँदै पहाडबाट धकेलिएको त्यो अवस्थालाई तपाईं कसरी मूल्यांकन गर्नु हुन्छ ? आफ्नै शब्दमा विवेचना गर्नुहोस्।

Downloaded from http://dhamma.digital/

# १२. चारूमती

सम्राट अशोकले विश्व विजयको महात्वाकाँक्षाले कलिंगमा हमला गऱ्यो। तलवारको चमक, हाहाकार र चित्कारले कलिंग घन्कियो। रगतको नदी बग्यो। सम्राटको कडा हृदयमा भुइचालो आयो। अशान्तिको आगो दन्कियो। त्यसैले शितल पारी बस्न उसले त्रिरत्नको शरण लियो। तब उसलाई उसको महत्वाकाँक्षा पूर्ण भयो। मनले सोचेको भन्दा पनि धेरै उसले मानव मात्रको मात्र होइन प्राणी मात्रको हृदय जित्यो। त्यस उपदेश सुधा जनजन पिच्छै बाँड्नका लागि उसले धेरै स्तूप, विहार र स्तम्भ बनाउन लगाए। विभिन्न देशहरूमा धर्म प्रचारकहरू पठाए।

ऊनै सम्राटको छोरीको नाम हो चारूमती। धार्मिक वातावरण तथा सम्राटको देवानांप्रिय अशोकको ममतामा हुर्किएकी चारूमतीको मन केटाकेटीदेखि नै धर्मतिर झुक्दथ्यो। विद्वान स्थविरहरूको शिक्षाले उसले छिटै आफ्नी दिदी संघमित्राजस्तै धार्मिक सिद्धान्तलाई बुझिलिइन्। गुणको साथसाथै श्रद्धाले गर्दा चारूमतीको सौन्दर्य अझ बढी विकसित भयो। तरुनी हुनासाथ राजनन्दिनी चारूमतीको विवाह रूप र गुणले पूर्ण भएको श्रद्धालु देवपालसँग भयो। देवपालले पनि आफ्नी अर्धाङ्गिनी यस्ती सुलक्षण जुर्न आएकीले आफ्नो भाग्यलाई धन्य सम्झिइन्। चारूमतीले भगवान्‌को पूजा र दान धर्ममा धेरै समय बिताउने गर्दथिन्। देवपालले पनि आफ्नी जहानको काममा तारिफ गर्दै आफूले पनि सहयोग गर्ने गर्दथ्यो। उनीहरू दुबै धेरैजसो सम्राटको नगिच पाटलिपुत्रमा नै बस्ने गर्दथे। महामहेन्द्र र संघमित्रा टाढिएको कारणले चारूमतीको मन राजनिकेतनमा अलिअलि मात्र जान थाल्यो। साथसाथै सम्राट अशोकको रानी सानीआमा महारानी तिष्यरक्षितको भीषण राजनैतिक षड्यन्त्रले गर्दा उसलाई विरक्त जस्तै गरिदिने गर्दथ्यो। जब सम्राट अशोकले बौद्धतीर्थ भ्रमण गर्न राजभवन छाड्ने विचार गऱ्यो

Downloaded from http://dhamma.digital/

तब चारूमती पनि आफ्नो वृद्ध बाबासँगै जान तयारी भइन्। राजाले यात्रामा जाँदा कष्ट हुन्छ भनेर सुकुमारी छोरीलाई रोक्यो। तर राजकन्या चारूमतीले विनयपूर्वक भनिन् "तात ! दिदी संघमित्रा धर्मप्रचार गरी जीवन सार्थक गरिरहनुभएको छ। म पनि उत्तम स्थानको धूलो शीरमा राखेर कृतार्थ हुनेछु। मेरो यही नै मनसुवा छ।"

सम्राटले उसलाई रोक्न सकेन। पछि मनपेरकी छोरी चारूमती र ज्वाँई देवपालसंग भगवान्को जन्मभूमि लुम्बिनी र उत्तराखण्डको पुण्यस्थान दर्शन गर्न नेपालतर्फ प्रस्थान गरे। पवित्र तीर्थस्थल दर्शन गरेर चारूमतीको चित्त अति नै खुशि भयो। त्यहाँ उसले धूप बत्ती आदि पूजा प्रार्थना गरी दीनदुःखीहरूलाई भोजन वस्त्रले तृप्त गराउने गर्थिन्। यात्रा गर्दै उनीहरू ललितपुर, नेपालमा पुगे। गिरिराज हिमालयको फेदिमा अवस्थित उपत्यकाले चारूमतीको मनलाई मुग्ध पाऱ्यो। उसको जहानलाई पनि यो ठाऊँ रमाइलो लाग्यो। उनीहरूले त्यही बस्ने मनसुवा गरे। छोरीको जुनसुकै मनसुवा पुरा गरिदिने स्नेही बाबा सम्राट देवनांप्रिय अशोकले त्यहाँ एउटा राम्रो नगर स्थापना गरिदिए। जुन नगर राम्राराम्रा दरबार र झकिझकाऊ भएको विहारले गर्दा वैभवशाली हुनगयो। सम्राटले त्यहाँ पाँचवटा स्तूप पनि बनाउन लगाए। जुन आजसम्म उसको स्मरण दिई नै रहेको छ। यी स्तूपहरूलाई थूर भनिने गर्दछ।

जीवनको बाँकि दिन बिताएर चारूमती आफ्नो स्वामी देवपालसहित अशोक महलमा नै बसिन्। केही समयपछि एउटा नयाँ नगर उनीहरूले बनाएर त्यसलाई देवपालको नामबाट देवपट्टन भनी भनियो। त्यहाँ चारूमतीले भव्य हुने गरी विहार निर्माण गराइन् जसमा आजसम्म पनि उसको धर्म भावनाको वर्णन गरी नै रहेको छ।

सम्राटको नेपाल यात्रापछि यहाँ धर्मप्रचारकहरू, विद्वानहरू र भिक्षुहरू आउने गर्न थाले। रानी चारूमतीले नयाँ नयाँ संघाराम विहार निर्माण गराई भिक्षु

Downloaded from http://dhamma.digital/

भिक्षु भिक्षुणीहरू बस्नको लागि र पूजा गर्न राम्रा राम्रा विहार बनाइन् । नेपाल सारा नै अमृतमय उपदेश पावन सूत्र सुनेर प्रसन्न भए । त्रिरत्नको शरणमा नेपाल निवासीहरू नयाँ जीवन पाए, जसमा शान्ति र सुख थियो ।

देवानांप्रिय अशोकको प्रिय छोरीहरूले सुदुर उत्तरदेखि सुदुर दक्षिणसम्म धर्मको तेजले प्रकाशित गरिदिए । चारूमती पनि संघमित्राजस्तै प्रव्रज्या ग्रहण गरी बाँकि जीवन धर्म प्रचारमा बिताइन् । समस्त नेपालको स्वर्णीम युगको दर्शन भयो । स्तूप, विहार, चैत्यले नेपाल झकझकायो । ललितपुरको सोह्रसय जति चैत्यहरू त्यस्तै असंख्य स्तूप विहारले त्यसबेलाको धर्म प्रचारको चिन्ह भएकोले श्रद्धामयी चारूमतीको धर्मप्रचार र त्यागपूर्ण प्रव्रजित जीवनको यशगान गरिरहन्छ। जसरी श्रेष्ठ भिक्षुणी संघमित्राले सुदुर दक्षिणमा सुनील सागरको बीचमा धर्मको ज्योति बाल्नुभयो। त्यसरी नै उहाँकी बहिनी राजकन्या भिक्षुणी चारूमती उत्तर हिमालयको फेदिमा शोभायमान भइरहेको नेपाललाई धर्मको ज्योति जगमगाउँदै प्रज्वलित गराइदिनुभयो । ❋

## आदर्श बौद्ध महिलाहरू–अभ्यास – १२

१) सम्राट अशोक किन अशान्त भए र शान्तिको लागि उनले के अभियानको थालनी गरे ?

२) चारुमतीको यौवनावस्थालाई चित्रण गर्नुहोस् ।

३) चारुमतीले किन बुबासँग पछि लागी प्रव्रजित हुने चाहना गरिन् ?

४) चारुमतीको लुम्बिनी दर्शन र उपत्यका प्रवेश बारे प्रकाश पार्नुहोस् ।

५) नेपालको इतिहासमा चारुमतीको प्रवेशले के-कस्ता परिवर्तनहरू आए ?

६) जसरी सिंहलमा संघमित्राको स्वर्ण इतिहास छ त्यसरी नै नेपालमा पनि चारुमतीको स्वर्णमय इतिहास रहेको छ भन्ने कुरालाई यहाँले कसरी पुष्टि गर्नुहुन्छ ?

Downloaded from http://dhamma.digital/

# १३. भृकुटी

भारतवर्षमा सम्राट हर्षवर्धनले राज्य गरिराखेको थियो। उसको उदारताको अगाडि प्रत्येक जनताको शीर निहुरिने गर्दथ्यो। सम्राटको बहिनी राज्यश्री राज्यको मात्र होइन सम्पूर्ण भारतको लक्ष्मी र सुख सौभाग्यको निर्मल श्रोतजस्तै थिइन्। उसको अशल प्रेरणाले नै सम्राट त्रिरत्नको शरणतर्फ तानेर ल्याइन्। त्यसैबेला नै नेपालमा अंशुवर्माले राज्य गरिराखेको थियो। उनको समयमा नेपाल पनि बौद्ध धर्मको केन्द्र भइरहेको थियो। सम्राट हर्षवर्धन र अंशुवर्मा दुबैजनामा अति नै गाढा मैत्री पनि थियो।

यही अंशुवर्माको छोरीको नाम हो भृकुटी। सौन्दर्यले युक्त भएकी राजकन्यालाई शिक्षाको राम्रो प्रबन्ध गरी अंशुवर्मा राजा अति नै प्रसन्न भए। उसले सधैं नै त्रिरत्न वन्दना गर्ने र विहारमा गएर दान र पूजा गरी सन्तोष अनुभव गर्ने गर्थिन्। कोपिला विस्तारै विस्तारै फर्किएर सुवास छरेझैं उसको रूपको वर्णन टाढा टाढासम्म फैलिन थाल्यो। नेपालको छिमेकी राज्य भोटको राजा स्रोङचङ गंम्पो त्यसबेला आफ्नो पराक्रमले अति नै प्रख्यात भयो। उसले नै सभ्यताले गर्दा टाढिएर बसेको आफ्नो देशमा, शिक्षाको प्रसार गर्न र यही कुरा सुनेर विचार गऱ्यो यदि नेपालकी ती सुन्दर फूलले भोटदेशको दरबार उसको सुन्दर र सुगन्धले सजाउन सकेमा भोटदेश साँच्चै कै भाग्यमानी हुनेथियो।

राजा गम्पोले नेपालमा आक्रमण गरे। वीर नेपाली सैन्यहरूले पनि सामाना गरे। तर पराक्रमी गम्पोको अगाडि उनीहरू हार्नुपऱ्यो। छर-छिमेकीसँग वैरभाव राख्नु दुरदर्शी राजा अंशुवर्मालाई राम्रो र सुहाउँदो लागेन। उनले सन्धिको सन्देश पठाए। सम्राट स्रोङचङ गम्पोले पनि एउटा शर्तमा सन्धि स्वीकार गरे। त्यो शर्त हो भृकुटीलाई उनको राजरानी बनाउने।

Downloaded from http://dhamma.digital/

सौन्दर्यको आराधिका राजकन्या भृकुटीले यो कुरा सुनिन् । उनको वीरता सुनिसकेपछि मुग्ध भएर उनी खुशी भइन् । संधिको शर्त स्वीकृत भइसकेको र टाउकोदेखि खुट्टासम्म राजाभरणले र बहुमूल्य गहनाले सजाएर राखिएकी राजनन्दिनीको विवाह सम्राट गम्पोसँग मंगल बाद्य बजाएर सम्पन्न भयो । असंख्य दाइजो दिएर आँशुलाइ रोकेर नरेश अंशुवर्माले आफ्नी छोरीलाई बिदा दिए ।

भोट देशको दरबार रानी भृकुटीको रूप ज्योतिले झक्झकायो । उसलाई पटरानी पद दिइयो । गम्पो राजाले आफ्नी रानीको सुखमा धेरै विचार राख्दथे । रानी पनि तथागतको साँच्चैकै आराधिका थिइन् । उसको धार्मिक भावनालाई देखेर उसको बाबाले उसलाई भगवान् शाक्यमुनि, मैत्रेय एवं ताराको श्रीखण्डको पावन प्रतिमा दाइजोको रूपमा दिएको थिए ।

पटरानी सँधै नै ती देवमूर्तिमा धूप, दीप, पुष्पले पूजा गरी मग्न हुन्थिन् । आफ्नो धार्मिकता र मंमतामय जीवनमा उसले आफ्नो स्वामी गम्पोप्रति गर्नुपर्ने कर्तव्य कुनै पनि कमि भनेको हुन दिइनन् । रमाइलो दरबारमा नयाँ विवाह गरेको गहना वस्त्रको झिलिकमिलिक र सराकसुरुक, आवाज प्रियको अभिनन्दनमा हुने संगीतले कल्पनातीत वैभवले दंग हुने गर्दथ्यो । यसप्रकार ऊ आफ्नो स्वामी तिब्बत नरेश गम्पोको साँच्चै कै मन परेकी जीवन संगिनी भइन् ।

विहानको पूजापछि अग्लाअग्ला पर्वत बार्दलीमा बसेर नै हेर्थिन् । हिउँले ढाकिएको ठूलठूला पर्वतको टुप्पा टाढा सेतो चाँदीको शीरपेच लगाएर राजपुरुषहरू सभा बसिरहेको झैं लाग्दथ्यो । धूपको धुँवाले सुगन्धित वातावरणमा उसको कोमल हृदयमा अनेक अनेक प्रकारका भावले जन्मलियो । त्यसबेला राजा संधै काहाँकाहाँ जान्थ्यो थाहा थिएन । कहिले चीसो भएको शीतमा, कहिले विहान, कहिले साँझको समयमा । उसले विचार गरिरहेको थियो, त्यसैबेला उसले विस्तारै आएर उसको प्रणयिनीलाई आँखा छोपिदियो । रानी भृकुटीले नरम स्वरले भनिन्- "मैले चिने ।" तब दुबै हाँसे । यो हाँसोको आवाजको जवाफ विशाल प्रासादले प्रतिध्वनित गरिदियो ।

Downloaded from http://dhamma.digital/

राजा गम्भीर शब्दले भन्यो- "मैले तिम्रो लागि एउटा विशेष वस्तु निर्माण गर्न लागेको छु। यदि त्यो मेरी भृकुटीलाई मन पर्‍यो भने मैले आफूलाई धेरै नै भाग्यशाली सम्झिने छु।"

नवनिर्मित देवालय (विहार) मा पुष्पवृष्टि भई नै रह्यो । असंख्य नरनारीहरूले आफूमा भएको सर्वश्रेष्ठ रत्नाभूषणले सजिएर पूजा गर्नको लागि सुनको पात्र लिएर उभिरहेका थिए । धार्मिकता र सौन्दर्यकी रानी भृकटीले ढोगिन् । सूत्र ध्वनि घन्किरहेको विहारमा उसको आराध्य देवताको मूर्ति स्थापना भईसकेको छ। उसले आफ्नो दाहिने उभिरहेको प्रियतमालाई हेरिन्, तब महाकारूणिक शाक्यमुनि, मैत्रेय एवं तारांको दिव्य प्रतिमाको अगाडि श्रद्धाले निहुरिइन् । उसले विधिपूर्वक पूजापाठ गरी दानादिले सबैलाई पनि सन्तुष्ट गरिदिइन्। साथै आशीर्वाद थाप्दै दरबारतर्फ लागिन्। उसको हृदय हर्षले भरिन थाल्यो। विजेता भोटदेशमा यो नेपालको धर्मविजय हुनगयो। बुद्धधर्मको कल्याणकारी आलोकले भोटदेशको अज्ञान अन्धकार पन्छिदै गयो । भोटदेशमा यो पहिलो विहार बनाउन गम्पोलाई धेरै नै परिश्रम गर्नुपर्‍यो। कारूणिक विहार बनाउन राजाले भूमि छान्ने विषयमा आफ्नी दोस्रो रानी चीनी राजकन्यासँग सल्लाह लियो। ज्योतिष शास्त्रमा पारंगत रानी कोजोले आफ्नी सौतेनी भृकुटीप्रति ईष्र्या राखी राजमहलदेखि टाढा रहेको सरोवर नै हुन्छ भनी भनेको थिइन्। राजा गम्पोको दृढनिश्चयको कारणले धेरै ठूलो दृढ कोशिसले त्यस सरोवरलाई ढुङ्गा ईंटा भरेर विहार बनाउन योग्य बनाइदियो। त्यस स्थानमा देवस्थान (भोट भाषामा ल्हा) विहार (भोट भाषामा सा) निर्माण गरायो । यसरी वर्तमान ल्हासा बन्न पुग्यो। तब ल्हासामा देवमूर्ति स्थापना भयो। रानी कोजोले यो विहार निर्माण गर्दा अनेक विघ्न गरिन्। तर सफल भइनन्। त्यही नै ल्हासाको नामले आजकालको तिब्बतको राजधानी ल्हासा प्रसिद्ध हुन गयो।

Downloaded from http://dhamma.digital/

रानी भृकुटीले उसको मातृभूमि नेपालमा भारतीय विद्वान् कुमार पाल्नुभएको छ भनी सुनेर उसले श्रद्धापूर्वक उहाँलाई निमन्त्रणा गरिन्। उहाँलाई स्वागत गरी उहाँसँग भगवान्को मंगलमय उपदेश सुनेर आफूलाई धन्य सम्झिन्।

कालान्तरमा नेपालमा पाल्नुभएको भारतीय भिक्षु मञ्जुशीललाई उसले भोट देशमा आमन्त्रित गरिन्। धर्मप्रचारक भिक्षुसँग राजा र रानीले प्रार्थना गरिन्- "तपाईंले भोट देशलाई तथागतको विमल उपदेशले तृप्त गरिदिनोस्।" भिक्षुमञ्जुशीलले यस कुरालाई स्वीकार गरी अनेक धर्म ग्रन्थलाई भोटे भाषामा अनुवाद गरिदिनुभयो। धर्मशीला रानी भृकटीको सुप्रयत्नले भोट देश धन्य भयो। त्रिरत्नको मंगलमय उपदेश सुधाले जनजनको जीवनप्रति कृतार्थ भयो।

आज रानी भृकुटी छैनन्, न उसको प्रिय सम्राट गम्पो नै छ। तर ल्हासाको त्यो विहार आजसम्म पनि उसको धार्मिक भावनाको सम्झना बचाएर श्रद्धाविभोर गरिरहेको नै छ।

त्यस विहारमा एउटा विचित्रता छ। त्यहाँ जोसुकै व्यक्ति भए तापनि जुत्ता फुकालेर जाँदैन। त्यहाँ जुत्ता लाएर नै जानुपर्छ। लाएर गएन कि अनर्थ हुन्छ भन्ने विश्वास छ। जेसुकै होस् तिब्बतको राजधानी ल्हासा नामको पछि रानी भृकुटीको धर्म भावना कहिले पनि विर्सने छैन।

❋

Downloaded from http://dhamma.digital/

# आदर्श बौद्ध महिलाहरू–अभ्यास – १३

१) भृकुटीको सामान्य परिचय दिनुहोस् ।

२) भृकुटीको सौन्दर्यबारे आफूलाई थाहाभएको कुरा प्रकाश पार्नुहोस् ।

३) भृकुटी स्रङ्चङ गम्पोको विवाह कसरी सम्पन्न भए ?

४) भृकुटीलाई के दाइजो सँगै पठाइयो ?

५) भृकुटीको विवाहित जीवन कस्तो थियो ?

६) 'मैले तिम्रो लागि यौटा विशेष वस्तु निर्माण गर्न लागेको छु। यदि त्यो मेरी भृकुटीलाई मन पऱ्यो भने मैले आफूलाई धेरै नै भाग्यशाली सम्झिने छु।' यस वाक्यलाई खुलस्त पारी आशय समेत प्रस्तुत गर्नुहोस् ।

७) गम्पोले ल्हासामा कारुणिक विहार निर्माणमा के-कस्ता समस्या झेल्नुपरेको थियो ?

८) भृकुटीको जीवनले ल्हासामा बुद्धधर्म प्रचार गर्न ठूलो योगदान पुगेको थियो। यस भनाइलाई पुष्टी कसरी गर्नुहुन्छ ?

९) आज रानी भृकटी छैनन्, न उसको प्रिय सम्राट गम्पो नै छ। तर ल्हासाको त्यो विहार आजसम्म पनि उसको धार्मिक भावनाको सम्झना बचाएर श्रद्धाविभोर गरिरहेको नै छ। यस भनाईलाई आफ्नै भाषा र शैलीमा प्रष्ट हुनेगरी लेख्नुहोस् ।

Downloaded from http://dhamma.digital/

# १४. मेरी फोस्टर

नीलो सागरको पानीको छालसँगै तैरिंदै गएको जहाज जापानतिर बढ्दै गयो । साधारण लुगा लगाएको एकजना सिंहली तेजश्वी युवक शिकागोको धर्म सम्मेलनको विषयमा कोही एकजनासित कुरा गरिरहेको थियो । नजिक नै बसिरहेकी गहना, वस्त्र, रहनसहनले धनी र घरानिया देखिने एउटी महिलाले ध्यान दिएर ती कुरा सुनिरहेकी थिइन् । कुराकानी सकिनासाथ उसले त्यस युवकलाई भन्यो- "म हवाईद्वीप जानु छ, तपाईंको कुरा सुनेर मलाई धेरै हर्ष लागेको छ ।"

युवकले गम्भीर स्वरमा भन्यो- "म शिकागोको सर्वधर्म सम्मेलनमा सम्मिलित भएर आइरहको छु । अहिले सिंहल फर्किरहेको छु ।"

परिचयपछि त्यस महिलाले भनिन्- "मलाई आफ्नो घरको सेवक सेविकाहरू देखेर ससाना कुरामा पनि अति नै रिश उठ्छ । उनीहरूलाई गालि गरेपछि फेरि आफुलाई दुःख लाग्छ । यदि हुन्छ भने यस्तो कुनै यत्न बताइदिनोस् जसले क्रोध मार्न सकिन्छ ।" युवकले मैत्री भावना गर्ने सल्लाह दियो । पछि ती महिला बौद्ध धर्ममा अति नै प्रभावित भईन् । मैत्री भावनाले उसलाई पूर्णलाभ पनि भयो । तब केही बर्षपछि उसले त्रिशरण पनि ग्रहण गरिन् ।

त्यस महिलाको नाम हो मेरी एलीजावेथ फोस्टर । ऊ हवाइद्वीपको राजधानीको धनी जेम्स रेबेका रोविन्सनकी छोरी थिइन् । उसको जन्म २१ सितम्बर १८४४ मा हवाइद्वीपको राजधानी होनोलुलुमा भएको थियो । धनी बाबाकी छोरी मेरीको विवाह उत्तरी अमेरिकाको एकजना धनी व्यक्ति बेंकर श्री टी. आर. फोस्टर सँग भयो । तब मेरी एलिजावेथ फोस्टर नामले विख्यात भइन् । होनोलुलु जांदा जो प्रभावशाली युवक भेट भएकोमा उसलाई अति नै खुशिभएको थियो । उसले उसलाई

Downloaded from http://dhamma.digital/

आफ्नो घर बोलाउन आमन्त्रित गरिन् । पछि त्यस पहिलो मिलनले मेरीको हृदयमा धर्मको किरण उदायो । उसको प्रेरक उही नै २९ वर्षीय युवक बौद्धधर्मको विख्यात पुनरुद्धारक "अनगारिक धर्ममाल" थियो ।

सम्राट अशोकले बनाएको मूलगन्ध कुटी विहार, ऋषिपतन मृगदायको बाक्लो झारले छोपिएर विर्सिसकेको थियो । कल्याण संघ र धर्मचक्र प्रवर्तनको पावन भूमि ऋषिपतन फेरि खोजी पत्ता लगाउन र त्यसलाई सुरक्षित गर्न अनगारिक धर्मपालले कठिन कोशिस गर्ने शुभारम्भ गऱ्यो । श्रद्धामयी मेरी फोस्टरले धर्मपालको धार्मिक आव्हान सुनेर प्रसन्न भइन् । चिट्ठी पुग्नासाथ नै सार नाथ ऋषिपतनको पुनरुद्धार कामा उसले सन् १९०२ मा ५०० डलर दान दिइन् । त्यसबेलादेखि उसको श्रद्धाले टेवा दिने काम हुँदै गयो । अर्को वर्ष उसको तर्फबाट २०० डलरको सहायता अनगारिक धर्मपालकहाँ पुग्यो । सारनाथको झार काटेर नाश गरिपठायो । ध्वंशावशेषको रूपमा मूलगन्ध कुटी विहार र काशीको बौद्ध महारानी कुमार देवीको श्रद्धाको चिन्ह धर्मचक्र जिन विहार परिवण, स्तूप आदि देखिन थाले । सन् १९१३ सम्मको १०वर्षभित्र धर्मानुरागी श्रीमती मेरी फोस्टरले धर्मपालको तर्फबाट बनाएको महाबोधि सोसाइटिलाई धर्मकार्यको लागि ३०,००० रूपैया दान दिइन् ।

सन् १९१३ मा श्रद्धामयी उपासिका मेरी फोस्टरलाई धन्यवाद दिने हेतुले अनगारिक धर्मपाल हवाइ द्वीप गयो । आफूलाई मार्ग देखाउने व्यक्तिको स्वागत श्रीमती मेरीले अति नै श्रद्धापूर्वक गरिन् । पछि उसले सुदुर सिंहलमा निःशुल्क अस्पताल बनाउने आफ्नो मनसुवा पोखिन् । यसको लागि उसले आफ्नो पूज्य बाबा रोबिन्सनको नाममा ६०,००० को दान दिइन् । श्रीलंकाको कोलम्बो शहरमा बनाइएको फोस्टर रोबिन्सन निःशुल्क अस्पताल अहिले पनि उसको दानशीलताको चिन्ह भएर उभिरहेको छ ।

Downloaded from http://dhamma.digital/

भारत र श्रीलंकामा बुद्ध धर्मको पुनरुत्थानको लागि धर्मपालले विचार गर्दै योजना बनाउने र काममा ल्याउन उसले प्रसन्नतापूर्वक सदा कोशिस गर्ने र मेरी फोस्टरले पनि. उसको काम सुन्दै उसको सुखद कल्पनालाई साकार गर्न सहायता दिने गर्थिन् । धर्मपालले पनि श्रीमती फोस्टरलाई आमाजस्ती आदर गर्दथ्यो । उसले पनि धर्मपाललाई भाई सम्भिन्थिन् । धर्मपालको अथक प्रयत्नले गर्दा आज सारनाथको पावन प्राङ्गणमा नयाँ बनाइएको मूलगन्ध कुटी विहारले शान्तिको भरोसा दिइरहेको छ । यो निर्माण गर्नुमा श्रीमती मेरी फोस्टरको पनि धेरै धन खर्च भएको छ । श्रद्धामयी उपासिका मेरी जहिलेदेखि त्रिशरणमा आइन् तबदेखि आफ्नो जीवन र धन सबै भनेभ्कैधर्मको पुनरुत्थानको लागि त्याग गरिन् ।

महाबोधि सभाको सहायता गर्नु नै उसको जीवनको मूल कार्य हुनगयो । किनकि छोपिएर बिर्सिएर गइसकेको पावनस्थल फेरि अगाडि खडा भएर बाँचेर आउंछ र धर्मप्रसारले विश्वमा शान्तिको पवित्र धारा बग्दछ भन्ने उसलाई खुब मनपर्छ । तथागतको पवित्र कल्याणकारी उपदेश प्रचार गर्नको लागि सोसाइटिले यी सब काम अभ्कैं गरिरहेकै छ । दानशीला श्रीमती फोस्टर महाबोधि सभाको लागि ममतामयी आमाजस्ती नै हुन् । उसले सभालाई भरखरैको उत्थान हुंदा सम्हालेर गईन् । विश्व कल्याणकारी बुद्धधर्मको पुनरुत्थान होस् भन्ने उसको हार्दिक कामना हो । यसको लागि उसले सन् १९१८ र सन् १९२३ मा ५०,००० र १,००,०००डलर दान अर्पण गरिन् । उसको दानशीलताले बुद्धकालको त्यस श्रद्धामयी उपासिका विशाखाको दानलाई भ्कल्भ्कल् सम्भ्कना गराउँछ, जसले भिक्षुसंघहरूलाई वस्त्र, भोजन, र औषधी आदि दान दिएर भगवान्सँग आठ वर मागेकी थिइन् । त्यसैले श्रीमती मेरी फोस्टरको निस्वार्थ दानले गर्दा उसलाई आधुनिक युगको विशाखा भन्नु कुनै नसुहाउने हुँदैन ।

Downloaded from http://dhamma.digital/

महाबोधि सभाको काम सफलताको श्रेय मेरी फोस्टरको दानलाई पनि छ। धर्मको लागि आफूलाई नै समर्पण गर्ने अनगारिक धर्मपालद्वारा जम्मा गरेको पैसा र श्रीमती मेरी फोस्टरको दानद्वारा प्राप्त भएको धन आजसम्म श्रीलंकाको बैङ्कमा जम्मा भईरहेको छ। जसको सम्मिलित व्याजले सभाको काममा ठूलो सहायता भइरहेको छ।

❊

## आदर्श बौद्ध महिलाहरू–अभ्यास – १४

१) मेरी फोष्टरलाई कुन मोडले त्रिशरण ग्रहणतर्फ धकेलिदिएको थियो ?

२) मेरी फोष्टर र अनगारिक धर्मपालको भेट कसरी भएको थियो ?

३) अनगारिक धर्मपालले कस्तो महत्त्वपूर्ण कामको थालनी गर्‍यो र त्यसमा मेरी फोष्टरले कस्तो सहयोग पुर्‍याइन् ?

४) मेरी फोष्टरको दानशीलतालाई चित्रण गर्नुहोस्।

५) धर्मको पुनरुत्थानमा मेरी फोष्टरको योगदान बारे चर्चा गर्नुहोस्।

६) 'दानशील मेरी फोष्टर महाबोधि सभाको लागि ममतामयी आमा जस्ती नै हुन्।' यस कथनलाई सहमति जनाउन विविध उदाहरण दिई प्रष्टयाउनुहोस्।

७) 'मेरी फोष्टर आधुनिक युगको विशाखा हुन्।' भनी आफ्नै शैलीमा चरित्र चित्रण गर्नुहोस्।

---

Downloaded from http://dhamma.digital/

# मैत्री-भावना

लेखक

भिक्षु विवेकानन्द महास्थविर

भावानुवादक

भिक्षु संघरक्षित

"परियत्ति सद्धम्म कोविद"

Downloaded from http://dhamma.digital/

## तृतीय खण्ड :

# (क) भावना

**भावना कति प्रकारका छन ?**

भावना धेरै प्रकारका छन् तापनि समुचारूपमा भावना ४० प्रकारका छन। यी चालीस प्रकारका भावनामध्ये योगावचरहरूले त्यसमध्ये छनौटगरी अनुकूल चरित्रलाई आ-आप्नो लागि छानी चविरत्रयोग्य भावना गर्दछन्। चरित्र ६ प्रकारका छन्। जस्तो: रागचरित्र, द्वेषचरित्र, मोहचरित्र, श्रद्धाचरित्र तथा वितर्कचरित्र। यी ६ चरित्र मध्ये आपनो जुन चरित्र हो, जुन अत्यधिकमात्रामा आफूभित्र विद्यमान छ, त्यसै अनुकूल भावनामा योगावचरहरू व्यस्त हुन्छन्।

## द्वेषचरित्र

६ चरित्रमध्येको एक चरित्र द्वेष हो। द्वेषचरित्र नै द्वेषस्वभाव हो। त्यही द्वेषको कारणले गर्दा नै सत्त्वप्राणीका बीचमा नानाप्रकारका अन्याय अत्याचार तथा झै-झगडा भइरहन्छ। असमानतापूर्ण व्यवहार, अप्रियसम्बन्धी कामकुरा सबै द्वेषको कारणले नै उत्पन्न हुने हो। जहाँसम्म द्वेषबाट दूषित भएर रहन्छ, त्यहाँसम्म प्राणीहरू अविद्यारूपी अन्धकारले आच्छादित भएर रहन्छ। तसर्थ, द्वेष पापको मूल तथा दु:खको तुषारारोपण पनि हो। द्वेष शान्त गर्नको निम्ति मैत्रीचित्तको ठूलो आवश्यक छ। द्वेषचित्त हटाउने एकमात्र उपाय, एकमात्र मार्ग, एकमात्र साधन नै मैत्रीभावना हो।

मेत्ताति अदोसो परेसं हितकामना, मैत्रीले मात्र निर्दोष पूर्ण कृत्य अवलम्बन गरी परहित कामना गर्न सक्छ किन्तु मैत्रीभावना गर्ने व्यक्तिले माथि भनिए झैं

Downloaded from http://dhamma.digital/

द्वेषको कारणले हुने अन्याय अत्याचार आदिको दुष्परिणामलाई राम्ररी ज्ञात गर्नु पर्छ। द्वेष उत्पन्न भइसकेपश्चात् कसैले कसैलाई वा कुनै सत्त्वले कुनै सत्त्वलाई कुशल मंगल होस भन्ने कामना गर्न सक्तैन। द्वेषी मनुष्यले कहिल्यै कसैप्रति दयाको दृष्टिले व्यवहार गर्न सक्तैन। त्यस्तो व्यक्ति सदैव क्रूरभावमा रहेर दानव स्वभावमा लिप्त भएर बस्छ। ऊ व्यापाद (द्रोह वैमनस्य) चित्तको साथमा अनैतिक मार्गमा अग्रसर भइनै रहन्छ।

द्वेषको कारणले गर्दा नै प्राणीले प्राणीप्रति हत्या गर्छ, परचित्तमा ठेस पुग्ने कुवचन प्रकाश पार्दछ। असमानताको आडमा जातिभेद, गोत्रभेद आदि कलंकलाई जागृत गराई कलह गर्ने कारणकै खोजीमा लागि पर्छ, अतः द्वेष कलहको बीज समान हो।

## द्वेष उत्पत्तिको कारण

द्वेष उत्पत्तिको कारण आफूबाट, आफ्नो मित्रबाट तथा: आफ्नो शत्रुबाट हुने गरी नौ प्रकारका र अर्कोएक गरी दश प्रकारले हुने गर्छ। यसलाई क्रमिकरूपमा यसरी भन्न सकिन्छ–

<u>आफूबाट</u>

(१) उसले मलाई अघि पनि दुःख दियो

(२) उसले मलाई अझ पनि दुःख दिइनै रह्यो आफूबाट

(३) भविष्यमा पनि दुःख दिने नै छ

<u>आफ्नो मित्रबाट</u>

(४) उसले मित्रप्रति अहित कार्य गऱ्यो

Downloaded from http://dhamma.digital/

(५) हाल पनि गरिनै रहेको छ

(६) भविष्यमा पनि गरिनै रहनेछ

<u>आफ्नो शत्रुबाट</u>

(७) उसले शत्रुलाई उपकार गऱ्यो

(८) हाल पनि उपकार गर्दैछ

(९) भविष्यमा पनि उपकार गर्नेछ

(१०) समभावधर्मको कारणले (सूर्य तात्दै छ, चन्द्रमा जाज्वल्यमान भइरहेछ, वर्ष भयो, हुरी बतास चल्यो .... इत्यादि ।)

फलानाले यस्तो गऱ्यो । ढिस्कानाले उस्तो गऱ्यो भन्ने वैमनस्य रहेसम्म चित्तमा वैरीभाव हट्न सक्तैन र शान्ति पाउन पनि मुश्किल नै हुन्छ । धम्मपदमा भनिएको छ –

**अक्कोच्छि मं अवधि मं, अजिनि मं अहासि मे ।**
**ये च तं उपनय्हन्ति, वेरं तेसं न सम्मति ॥**

अर्थात्– मलाई गाली गऱ्यो, मलाई कुट्यो, मलाई हराइदियो र मेरो बस्तु लग्यो भनेर जस्ले आफ्नो मनमा बारम्बार विचार गर्छ, त्यसको मनमा वैरभाव कहिल्यै शान्त हुँदैन ।

त्यस्तै, नानाकारणले उत्पन्न भइनै रहने द्वेषलाई जसले निर्मूल गर्न सक्षम हुन्छ, त्यो नै वीर पुरुष हो ।

**यो वे उन्पत्तितं कोधं, रथं भन्तं व धारये ।**
**तमहं सारथिं ब्रूमि, रस्मिगाहो इतरो जनो ॥**

अर्थात्– चतुर सारथीले द्रुतगतिमा दौड्दैरहेको रथलाई रोके झैं जसले आफूमा प्रस्फूटित क्रोधलाई रोक्छ, त्यो नै यथार्थको सारथी हो, अरु त लगाम समाउने झैं मात्र हो ।

Downloaded from http://dhamma.digital/

# मैत्रीको सम्बन्धमा तथागतको आज्ञा

**मेत्ता विहारी यो भिक्खु, पसन्नो बुद्धसासने ।**
**अधिगच्छे पदं सन्तं, संखारूपसमं सुखं ॥**

अर्थात्– भिक्षुहरू। जुन भिक्षुले बुद्धशासनमा प्रसन्न भई मैत्रीभावना राख्दछ, त्यो भिक्षुले सम्पूर्ण संस्कारलाई शान्त पारी सुख शान्ति प्राप्त गर्दछ ।

मैत्रीचित्त बनाउन द्वेषबाट हुने दुष्परिणाम उपद्रव आदि हरतरहले पनि थाहा पाउनुपर्छ। द्वेषको दुष्परिणाम सामुन्ने ल्याउनको निम्ति बुद्ध बोधिसत्वहरूको उपदेश कथा अनुस्मरण गरिरहनुपर्छ । अब यहाँ द्वेषले हुने दुष्परिणाम याद गर्न सानो कथा प्रस्तुत गरिन्छ ।

## द्वेषको दुष्परिणाम कथा

पूर्व समयमा हिमालय पर्वतमा एक ऋषि बस्दथ्यो । उक्त ऋषि एक दिन शहरतिर जान लाग्दा बीच बाटोमा एक सागर पार गर्नुपर्ने रहेछ। ऋषि डुंगाको सहारामा सागर पारी पुग्यो। तत्पश्चात्, माझीले ऋषिसँग आफूलाई चाहिने ज्याला माग्यो तर त्यस त्यागी ऋषिले माझीलाई ज्याला दिन असमर्थ भयो। यता माझीले कति ज्याला लिने हो पनि भन्न सकेन । आफ्नो ज्याला नपाएर माझी क्रोधित भयो। क्रोधाग्नि भनेको स्वभावत: बढ्नुसिवाय नघट्ने रहेछ। माझीलाई लिनुपर्ने ज्याला सम्झी सम्झी झन्झन् क्रोध आउन थाल्यो । अनि माझीले ऋषिलाई जगल्टामा समाएर गालामा चड्काइदियो । त्यसरी पनि चित्त नबुझेर भुईंमा पछारी घुँडाले छातीमा टेकेर गालामा चड्कन दिइनै रह्यो, निरन्तर हिर्काउँदै रह्यो ।

यस्तै बेलामा माझीकी गर्भवती पत्नी माझीलाई खाना लिएर आउँदै गरेकी थिइन, उक्त घटना हेर्न नसकेर 'अरे ! अरे ! के गरेको, अहो !' भन्दै पतिलाई रोक्न

Downloaded from http://dhamma.digital/

गइन् किन्तु माझीको क्रोध भने आगोमा घ्यू थपेझैं झन्झन् दन्किन थाल्यो। बढेको क्रोध स्वास्नीको चर्याले पनि शान्त हुन सकेन, बरु झन् क्रोधले अन्धो झैं हुन पुग्यो। श्रीमतीलाई पनि कराउन आउँछौ तिमी भन्दै लात्तीले हिर्कायो। स्वास्नीचाहिं उत्तानो पर्ने गरी लड्न पुगिन्। गर्भवती स्वास्नीको गर्भको बच्चा र उनी आफै पनि कहिल्यै नउठ्ने भई, तिनको देहावसान भएछ।

यो कथाको सारांश यही हो कि द्वेषको स्वभाव अन्धो हुन्छ, जसको परिणाम भयंकर नै हुन्छ र भएरै छोड्छ। यस्तै दुर्व्यवहारबाट जोगिन नै मैत्रीभावना आवश्यक हुन्छ।

## मैत्री भावना : कसरी र किन ?

मैत्री भावना कसरी गर्ने ? कसरी गर्दा मैत्रीभावना सफल हुन्छ त ? मैत्रीभावना गर्न त यस्तै नै द्वेषको दुष्परिणाम, द्वेषका अवगुणहरूलाई दृष्टिगत गर्नुपर्छ। मित्रताले दिने शान्ति र सुखलाई अनुभव गर्नुपर्छ। पुनः यसलाई मैत्री चित्तसम्मुख राख्नु पर्छ। आफ्नो सुख शान्ति साक्षीरूपमा अघि राख्दै सम्पूर्ण प्राणीप्रति हित सुखको कामना जसरी आमाले आफ्ना सन्ततिहरूप्रति गर्ने हो, त्यसरी नै गर्नुपर्छ।

**माता यथा नियं पुत्त, आयुसा एक पुत्तमनुरक्खे।**<br>
**एवम्पि सब्ब भूतेसु, मानसं भावये अपरिमाणं॥**<br>
**मेत्तञ्च सब्बलोकस्मिं, मानसं भावये अपरिमाणं।**<br>
**उद्धं अधो च तिरियञ्च, असम्बाधं अवेरं असपत्तं॥**

अर्थात्– आमाले जसरी एक्लो पुत्रप्रति आफ्नो प्राण समान रक्षा गर्छिन्, त्यसरी नै सम्पूर्ण सत्त्वहरूप्रति हित कामना गरिरहनुलाई असीम मैत्रीभावना भनिन्छ।

कतै कुनै कुरालाई बाँकी नराखिकन सबै दिशामा रहेका सम्पूर्ण प्राणीप्रति सुख र हितको कामना गर्नेलाई अपरिमाण मैत्री भनिन्छ।

Downloaded from http://dhamma.digital/

जुन व्यक्तिले सदा सम्पूर्ण सत्त्व प्राणीप्रति हितको कामना गरिरहन्छ, उसको ह्रदयमा क्रोधले बास गर्न सक्तैन, कारण क्रोध भन्ने कुरा नै परअहितको कारणबाट उत्पन्न गर्नु हुने अकुशल चित्त हो । जुन व्यक्तिले कुनै व्यक्तिप्रति हित कामना गरिरहन्छ, उसको चित्तमा त्यस व्यक्तिप्रति अनर्थ गर्ने गराउने क्रोधचित्त र द्वेषचित्त कहिल्यै पनि उत्पन्न हुन सक्तैन ।

तसर्थ, द्वेषचरित्रका व्यक्तिले सम्झीबुझी सदैव मैत्रीभावना गरि नै रहनु पर्छ । द्वेषचरित्रको निम्ति मैत्रीभावनासिवाय अन्य बच्ने साधन केही पनि छैन । एक अमानवीय व्यक्तिभन्दा पनि द्वेषचित्त अत्याधिक खराब तथा भयंकर हुन्छ ।

**दिसो दिसं यं तं कयिरा, वेरिवापन वेरिनं ।**
**मिच्छा पणिहितं, पापियोनं ततो करे ॥**

अर्थात्– शत्रुले शत्रुलाई, वैरीले वैरीलाई त्यति हानी गर्दैन जति अनैतिक पथमा अग्रसर भएको चित्तले आफूलाई हानी गर्ने हुन्छ ।

द्वेष अति नराम्रो भाव हो किनकि क्रोधीहरूको रगत सदा तातिइनै रहन्छ । उनीहरूको अनुहार पनि सदैव तातिइरहन्छ । क्रोधले आँखा पनि दुर्वल हुन्छ । त्यस्तो व्यक्ति चाँडै बुढा पनि देखिन्छ । जो अति क्रोधी हुन्छ, उसको आयु पनि अल्पकालमै क्षीण हुन्छ । अतः क्रोधबाट बच्नु सबैको निम्ति कल्याण हो ।

## मैत्री आनिशंस

यसअनुसार द्वेषको दुष्परिणमलाई ज्ञात गरी, मैत्रीभावनाबाट प्राप्त आनिशंस तथा गुण पनि अवबोध गरी मैत्रीभावना गर्नुपर्छ । मैत्रीभावना गर्नाले अनेक दुष्परिणामबाट बचिन्छ । साथै अन्याय सद्गुणका आनिशंस पनि प्राप्त हुन्छ । यी गुणहरू हुन्–

**मेत्ता चेतो विमुत्ति भावेत्वा योगावचर पुग्गलो एकादसनिसंसे पटिलभति कतमे एकावस ?**

Downloaded from http://dhamma.digital/

अर्थात्– जुन व्यक्तिले दत्तचित्त भएर मैत्रीभावना गर्छ, त्यसलाई ११ प्रकारका आनिशंस (फल) प्राप्त हुन्छ। ती निम्न प्रकारका छन्।

(१) सुखं सुपति अर्थात् सुखपूर्वक निंद्रा लाग्छ।

(२) सुखं पटिबुज्झति अर्थात् सुखपूर्वक ब्युँझिन्छ। (जसरी कमलको फूल फुल्दा बिस्तारै फुल्ने हो, त्यसरी नै मैत्रीभावना गर्ने योगी पनि बिस्तारै निंद्राबाट ब्युँझिन्छ।

(३) न पापकं सुपिनं पस्सति अर्थात् नराम्रो स्वप्न देखिदैन देखिहाले पनि डर लाग्यो भन्ने कहिल्यै हुँदैन।

(४) मनुस्सानं पियो होति अर्थात् मनुष्यहरूको प्रिय हुन्छ।

(५) अमनुस्सानं पियो होति अर्थात् अमनुष्यहरूको पनि प्रिय हुन्छ।

(६) देवा रक्खन्ति अर्थात् देवताहरूले रक्षा गर्छन्।

(७) नस्स अगिग वा दिसं वा सत्थं वा कमति अर्थात् आगो, बिष, हतियार जस्ताले छुन सक्तैन।

(८) तुवटं चित्तं समाधियति अर्थात् समाधिभावनामा बस्ने हो भने तुरन्तै समाधि प्राप्त गर्छ।

(९) मुखवण्णो विप्पसीदति अर्थात् अनुहारको रूप वर्ण राम्रो हुन्छ।

(१०) असंमुल्हो कालं करोति अर्थात् मरणासन्न अवस्थामा बेहोस हुँदैन।

(११) उत्तरि अप्पटि विज्झन्तो ब्रह्मलोकूपगो होति अर्थात् अति उत्तम अर्हत् फल प्राप्त गर्न नसकेतापनि ब्रह्मलोक प्राप्त हुन्छ।

यसप्रकारले मैत्रीभावनाको आनिशंस दृष्टिगत गरेर मैत्रीभावनामा दत्तचित्त हुनुपर्छ।

Downloaded from http://dhamma.digital/

## मैत्री ब्रह्मविहार

मैत्री, करुणा, मुदिता र उपेक्षा यी चार ब्रह्मविहार हुन । मैत्रीभावना गर्न इच्छुक जनहरूले भावना गर्न अप्ठचारो तगारो आउने स्थानदोष, व्यक्तिदोष तथा आहारदोष आदि सबैलाई पन्छ्याएर विघ्न बाधा जति निराकरण गरेर, सबै प्रपञ्चबाट अलग्ग भई कर्मस्थानभावना ग्रहण गर्नुपर्छ । कर्मस्थान ग्रहण गर्नुअघि पनि द्वेष स्वभावबाट आउने कुरतालाई त्यागी शान्ति सुख प्राप्तिका लागि जाँदैछु भन्ने विचार गुर्नपर्छ, परन्तु आफूले नदेखेको नबुझेको अवगुणबाट टाढा हुन सक्दैन, न त आफूले नजानेको शान्ति फल नै अनुभव गर्न सकिन्छ । तसर्थ, द्वेषले दुषित भइराखेको चित्तले जीवहिंसादि नानाप्रकारका पाप गर्न सक्छ भन्ने सूत्रानुसार द्वेषको अवगुण अवबोध गर्ने भएर पनि सदाचारबाट प्राप्त सुख शान्तिको गुणलाई दृष्टिगत गर्नुपर्छ ।

**खन्ती परमं तपो तितिक्खा,**

**निब्बाणं परमं वदन्ति बुद्धा ।**

अर्थात्– क्षान्तिको नामले बताइराखेको 'तितिक्खा' सहनशीलता नै परम तप हो । बुद्धहरूले निर्वाणलाई परम पद भन्नुभएको छ ।

**खन्तिबलं बलानीकं तमहं बुमि ब्राह्मणं ।**

अर्थात्– "क्षमाबल नै जसको बलरूपीःसेनापति रहेको छ, उसलाई नै म ब्राह्मण भन्छु ।"

**खन्त्या भिययो नविज्जति ।**

अर्थात्– क्षमा जस्तो सर्वश्रेष्ठ धर्म केही पनि छैन भनिए अनुसार क्षमा क्षान्तिले प्रदान गर्ने आनिशंस फललाई यथार्थ ज्ञात गर्ने हुनुपर्दछ ।

Downloaded from http://dhamma.digital/

## मैत्री भावना-अभ्यास - १

१) चरित्र कति प्रकारका हुन्छन् ? द्वेष चरित्रबारेमा प्रकाश पार्नुहोस् ।
२) द्वेष उत्पत्तिका कारणहरू कति प्रकारका छन् ? लेख्नुहोस् ।
३) द्वेषी माझीले त्यागी ऋषीलाई कस्तो व्यवहार गऱ्यो ? पछि द्वेषको दुष्परिणाम कसरी भोग्नुपऱ्यो ?
४) आमा-छोराको उपमासँग तुलना गरेर मैत्री भावना गर्नुपर्ने कुरा प्रष्ट्याउनुहोस् ।
५) मैत्री भावनाको आनिशंस कति प्रकारका छन् ? लेख्नुहोस् ।

Downloaded from http://dhamma.digital/

# (ख) मैत्रीभावना विधि

भावना गर्ने योगावचरले प्रथमत: अनैतिक अकुशल कर्म, दुश्शील स्वभाव आदिलाई त्यागेर शील सदाचारद्वारा चित्तलाई सुसंयमित बनाई जङ्गलमा गएर अथवा वृक्षको मुनि बसेर अथवा एकान्तमय स्थानमा रहेर पलेटी कसी शरीरलाई सीधा राखी बस्नुपर्छ। यदि भोजन (खाना) पश्चात् भए भोजनद्वारा हुनसक्ने आलस्यता निर्मलहेतु क्षणभर विश्राम गर्नुपर्छ। तत्पश्चात् माथि उल्लेख भए झैं एकान्तपूर्ण स्थानमा बसेर द्वेषको अवगुण तथा मैत्रीद्वारा सुखशान्तिको प्रतिवेक्षण गरी मैत्रीभावनाको आरम्भ गर्नुपर्छ।

कहिल्यै भावना नगरेकाहरूले मैत्रीभावना गर्दा निम्न चार प्रकारका व्यक्तिहरूप्रति मैत्रीभावना गर्नुहुँदैन।

(१) अप्रिय व्यक्ति,

(२) अतिप्रिय व्यक्ति,

(३) मध्यस्थ व्यक्ति (प्रेम पनि नभएको, वैर पनि नभएको) तथा

(४) वैरी व्यक्ति

फेरि, शुरूशुरूमा मैत्रीभावना गर्नेहरूले असमान लिङ्ग अर्थात पुरुषले महिलाप्रति र महिलाले पुरुषप्रति मैत्रीभावना गर्नुहुँदैन। यस्तै नै, मृतकहरूप्रति पनि मैत्रीभावना राख्नुहुँदैन। अप्रिय व्यक्तिहरूलाई मित्रतामा परिणत गर्न सजिलो छैन। उनीहरूलाई मित्रता अथवा प्रेमभावमा ल्याउन खोज्दा खोज्दै नसकेर मन दिक्क भई भावनामा नै चित्त वितृष्णा भएर जानसक्छ।

अत्यन्त प्रेम भएकाहरूलाई मध्यस्थतामा ल्याउन पनि सजिलो छैन। अति नै प्रेम भएकाहरूलाई दु:ख भएमा आफूलाई पनि दु:ख हुन्छ। उनीहरूको दु:खद अश्रुधारा सँगसँगै आफूद्वार पनि अश्रुधारा प्रवाहित हुन्छ। फेरी मध्यस्थहरूलाई पनि

Downloaded from http://dhamma.digital/

प्रिय सम्बन्धमा गाभिन गाह्रो हुन्छ । तव वैरी जनहरूको त कुरै छैन । वैरीलाई त त्यसका कुराहरूको यादमात्र आएपनि क्रोध आउन थालि हाल्छ ।

असमान लिङ्गीप्रति मैत्रीभावना गर्नाले राग उत्पन्न हुन्छ। कुनै एक अमात्यपुत्रले कुलुपक स्थविरकहाँ गएर सोधेछ– "भन्ते ! मैत्रीभावना गर्दा शुरुमा कसप्रति गर्ने ?"

"उपासक ! प्रिय व्यक्तिप्रति ।" स्थविरले भन्नुभयो । तत्पश्चात् उसले विचार गर्‍यो "मलाई यहाँ प्रिय त आफ्नै स्त्री लाग्छ ! अब म तिनीप्रति नै मैत्रीभावना शुरु गर्छु ।" उसले आफ्नी श्रीमतीप्रति मैत्रीभावना शुरु गर्न थाल्यो, परन्तु उसको चित्तमा मैत्री नभई राग उत्पन्न भयो । अनि त ऊ भित्तामा टाँसिन पो पुग्यो ।

यस कुरालाई बुझाउन सानो एउटा घटना उल्लेख गरिन्छ। एक दिन एक उपासकले आफ्नी स्त्रीप्रति मैत्री राख्छु भन्दै शील अधिष्ठान गरी एकान्त कोठामा प्रवेश गरी ढोका बन्द गरेर मैत्रीभावना शुरु गर्‍यो । मैत्रीभावना गर्दागर्दै चित्तमा राग उत्पन्न भएर रागद्वारा अन्धो भयो । तत्पश्चात् उसले स्त्री बसेको ठाउँमा जानलाई ढोकाको खोजीमा लागेछ, किन्तु उसले ढोका भेट्टाउन सकेन । ढोका पत्ता लगाउन नसकी उसले भित्ता नै फोडेर जाने प्रयत्न गर्‍यो । तसर्थ विपरीत लिङ्गीप्रति शूरूमै मैत्रीभावना गर्नुहुँदैन ।

मृतकको निम्ति मैत्रीभावना गर्नाले पनि अर्पणा र उपचार (ध्यान ) केही पनि हुन सक्तैन । एकपटक कुनै एक नवयुवक भिक्षु आफ्नो आचार्यप्रति मैत्रीभावना गर्न शुभारम्भ गर्‍यो, परन्तु उनले मैत्रीलाई कुशल बनाउन सकेन । अनि उसले एक महास्थविर कहाँ पुगेर सोधेछ, "भन्ते ! मेरो मैत्रीभावना अभ्यस्थ भयो । यसको कारण के होला ?"

"आवुसो ! निमित्त अनुसन्धान गर ।" स्थविरको उक्त वचनले निमित्त पत्तालगाउँदा आफ्नो आचार्य मरिसकेको बोध गर्‍यो । तव, उसले अन्य जनप्रति मैत्रीभावना गरेर समापत्ति प्राप्त गर्न सफल भयो । तसर्थ मृत्यु भइसकेकाहरूप्रति मैत्रीभावना गर्नु निष्फल हो । यसअनुरूप व्यक्तिदोष ज्ञात गरी पहिले आफैमा मैत्रीभावना गर्नुपर्छ ।

Downloaded from http://dhamma.digital/

## चार प्रकारका मैत्रीभावना

**अहं अवेरो होमि, अव्यापज्जो होमि ।**
**अनीघो होमि, सुखी अत्तानं परिहरामि ॥**

अर्थात्– म वैरभवरहित बनूं । म ईर्ष्याविहीन बनुं । म उपद्रवरहित बनूं । आफुलाई प्राप्त सुखसम्पत्ति नासेर नजाने बनूं ।

यसरी बारम्बार भावना गरिरहनुपर्छ ।

**सब्बे सत्ता दुक्खाः मुच्चन्तु ।**

सबै सत्त्वहरूको दुःख अन्त होस् भनेर कामना गर्नु करुणाभावना हो ।

**सब्बे सत्ता यथा लद्ध सम्पत्तितो माविगच्छन्तु ।**

सम्पूर्ण सत्त्वप्राणीहरूको सत्कर्मद्वारा लाभ भएको धनसम्पत्ति नाश भएर नजाओस् भन्ने कामना मुदिताभावना हो ।

**सब्बे सत्ता कम्मस्सका ।**

सबै प्राणीहरूको कर्म नै आफै हो भन्नु उपेक्षाभावना हो ।

प्रथमतः आफूलाई मैत्रीभावना गर्नु नै आफूलाई साक्षीरूपमा राख्नु हो । आफूलाई जसरी सुख शान्तिको आकांक्षा हुन्छ, त्यसरी नै सम्पूर्ण सत्त्वप्राणीहरूको पनि सुख शान्ति चाहन्छन् भन्ने बोध गर्नलाई नै हो ।

विभङ्गगाथाअनुसार मैत्रीभावना गर्ने हो भने जसरी कुनै एक व्यक्तिलाई देखेर हर्ष उत्पन्न हुन्छ त्यसरी नै सम्पूर्ण सत्त्वहरूप्रति मैत्रीचित्त प्रवाहित गरी विहार गर्ने हुन्छ ।

प्रतिसम्भिदा ग्रन्थ अनुसारबाट भए पाँचप्रकारले मैत्रीभावना गरिने हुन्छ ।

**सब्बे सत्ता अवेरा अब्यापज्जा अनीघा सुखी अत्तानं परिहन्तु सब्बे पाणा ....... सब्बे भूता ...... सब्बे पुग्गला ..... सब्बे अत्तभाव परियापन्ना अवेरा अब्यापज्जा अनीघा सुखी अत्तानं परिहन्तु ।**

Downloaded from http://dhamma.digital/

अर्थात्– सबै सत्त्वहरू वैरीरहित, व्यापादरहित, उपद्रवरहित भएर सुखपूर्वक परिहरण गर्नसक्ने होउन् । सम्पूर्ण प्राणी, सबै भुत, सबै व्यक्ति, सबै आत्मभाव (शरीरधारक) गरिरहने सत्वहरू वैररहित, व्यापादरहित, उपद्रवरहित भई सुखपूर्वक आफूलाई परिहरण गर्नसक्ने होस ।

**सुखिने वा खेमिनो होन्तु ।**
**सब्बे सत्ता भवन्तु सुखितत्ता ॥**

अर्थात्– सम्पूर्ण सत्वप्राणीहरू सुखी होउन्, उनीहरूको कल्याण होस्, उनीहरू भयरहित होउन् ।

यसरी भन्दा परजनप्रति मैत्रीभावना गरेको हुन्छ । आफूमात्र सुखी हुन पाऊं भनी सय वर्षसम्म चिच्याई रहेपनि अर्पणा हुन सक्तैन किन्तु आफूलाई साक्षी स्वरूपमा प्रस्तुत गरी अरुप्रति मैत्रीभावना गऱ्यो भने नै तुरून्तै अर्पणा प्राप्त हुन सक्छ ।

**सब्बादिसा अनुपरिगम्म चेतसा ।**
**नेवज्झाव पियतरमत्तना क्वचि ॥**
**एवं पियो पुथु अत्तापरेसं ।**
**तस्मा न हिंसे पिरमत्तकामो ॥**

अर्थात्– जुन दिशामा हेर्दा पनि आफूभन्दा प्रेमको बस्तु अरु कोही वा कुनै हुँदैन । तसर्थ सम्पूर्ण सत्त्वहरूलाई आफ्नो स्वार्थसिद्धका निम्ति कसैले कसैलाई पनि हिंसा वा दुःखकष्ट नदिनू ।

आफू साक्षीरूपमा बस्नुपर्ने भएकोले पहिला आफैप्रति मैत्रीभावना गर्नुपर्छ तत्पश्चात् क्रमशः परिवर्तन हुँदै कुनै गुरु, आचार्य, उपाध्याय वा कुनै आदर सम्मानयोग्य व्यक्तिप्रति मैत्रीभावना गर्ने हुनुपर्दछ ।

उहाँ हाम्रो आचार्य हुन् । उहाँ सदैव प्रयत्नशील भइरहुन् । उहाँ जुनसुकै प्रकारले पनि आनन्दले विहार गर्ने होउन् । उहाँको शारीरिक स्वास्थ्य पनि ठीक ठाक

Downloaded from http://dhamma.digital/

भइरहोस् । उहाँ सदा नै सुखी भई बसुन् साथै उहाँ जुन कुरामा पनि सन्तोषी होउन् । एवंप्रकारले मैत्रीभावना गर्दै जाने हो भने अवश्य पनि साधकलाई अर्पणा ध्यान प्राप्त हुन्छ ।

अब यहाँबाट अगाडि जाने हो भने प्रेमी व्यक्तिप्रति पनि होइन घृणित व्यक्तिप्रति पनि होइन्, भध्यस्थ व्यक्तिहरूप्रति मैत्रीभावना प्रारम्भ गनुपर्छ । मध्यस्थपश्चात् वैरी व्यक्तिप्रति मैत्रीभावना गर्नुपर्छ । त्यो वैरी व्यक्ति सुखी होस्, निरोगी होस् इत्यादि । मैत्रीभावना गर्ने व्यक्तिले आफ्नो चित्तलाई जसरी पनि कोमल गर्नेतिर उन्मुख हुनुपर्छ । महापुरूषहरूले वैरी र दुश्मन बनाउनेतिर चित्त नलगाइ सहनशीलतातिर चित्त राख्न प्रयत्न गरिरहनुपर्छ ।

## क्षमाशील सहनशीलताको कथा

एक दिनको कुरा हो । पूर्ण नामक भिक्षु भगवान बुद्ध विराजमान रहेको स्थानमा पुगेर आफू सुनापरान्तमा वर्षावास बस्न जानको निम्ति निवेदन गऱ्यो ।

भगवानले भन्नुभयो- "पूर्ण ! त्यहाँका मान्छेहरू अति नै नराम्रा छन् । उनीहरूले तिमीलाई अपवचनले गाली गरे भने तब तिमी के गर्छौ ?"

पूर्ण– "भन्ते ! भगवन् ! मलाई सुनापरान्तवासीहरूले गाली गरे भने म यसरी विचार गर्नेछु कि ती सुनापरान्तका मान्छेहरू राम्रा नै छन् किनकि तिनीहरूले मलाई हातले त कुट्न आएका छैनन् ।"

"पूर्ण ! यदि उनीहरूले तिमीलाई हातैले कुट्न आएभने तिमी के विचार गर्छौ ?"

"भन्ते ! भगवन् ! त्यस अवस्थामा म विचार गर्नेछु कि उनीहरूले मलाई लट्ठीले त कुट्न आएका छैनन् ।"

"पूर्ण ! यदि तिमीलाई लट्ठीले नै कुट्न आए तिमी के सोच्छौ ?"

Downloaded from http://dhamma.digital/

" भन्ते ! भगवन् ! उनीहरूले मलाई शस्त्रले त प्रहार गर्न आएका छैनन् भन्ने विचार गर्नेछु ।"

"पूर्ण ! यदि तिमीलाई उनीहरूले शस्त्र प्रहार गरेर प्राण नै हरण गर्न आएभने त्यसबेला तिमी के विचार गर्छौ ?"

"भन्ते ! भगवन् ! त्यसबेला म विचार गर्नेछु कि भगवान् बुद्धका कतिका श्रावक सघंहरू छन् जो आफ्नो जीवनदेखि घृणित भई जीवित भइरहनमा पनि वितृष्ण भएर शस्त्र हारकहरू खोज्दैहिँड्छन् परन्तु आज मलाई कहीं पनि खोज्नै नपर्ने गरी उक्त शस्त्रहारकहरू सामुन्ने आउँदैछन् भन्ने विचार गर्नेछु ।"

भगवान्ले "साधु ! साधु ! पूर्ण ! तिमीले राम्रो कुशल विचार नै राख्यौ । भन्दै प्रशंसा गर्नुभयो । यस अनुरूप जसरी पनि गुणमात्र दृष्टिगत गरी क्षमाधर्म आफूमा विद्यमान गराउनु नै महापुरूषहरूको पहिचान हो । महापुरूषहरूले आफूलाई अनर्थ गर्न आउनेहरूप्रति पनि मैत्रीभावना गरिनै रहन्छन् ।

जो अन्याय अत्याचार गर्न आउने हो, त्यसप्रति पनि द्वेषचित्त नभएमा उसप्रति मैत्री मध्यस्थ हुन्छ । अनि उसले वैरीप्रति मैत्रीभावना गरिराख्नु आवश्यक हुँदैन कारण उसको निम्ति शत्रु भन्ने नै छैन किन्तु जससँग वैरीभाव भइनै राख्छ, उसले मध्यस्थपश्चात वैरी व्यक्तिप्रति मैत्रीभावना गर्नमा निरन्तरता दिइनै रहनुपर्छ । वैरीहरूको स्मरणमात्र भएपनि वैरीद्वारा भइराखेको अन्याय अकर्तव्य आदि अवगुण सबै सम्झेर क्रोधको प्रस्फूटन भइनै रहनसक्छ । त्यतिमात्र होइन्, उनीहरूलाई दुःख कष्ट दिएर पतन गरिदिने कुभावना पनि मनमा उत्पन्न भइरहनेछ । यस्ता यस्ता अकुशल चेतनाले पनि स्वयंलाई दुःख दिइरहने तथ्य ज्ञात गरी, प्रथमतः आफूले मैत्री गरिराखेका मित्रहरूको गुणानुस्मरण गरेर चित्तलाई शान्त पारिकन वैरीप्रति मैत्रीभावना गर्न जानुपर्छ । यसअनुरूप पनि आफ्नो चित्तमा वैरभाव परिशान्त भएर नगए यहाँ यसप्रकारका उपदेशहरू स्मरण गरौं –

Downloaded from http://dhamma.digital/

**ककचूपम ओवादआदिनं अनुसरतो ।**
**पटिघस्स पहानाय घटितब्बं पुनप्पुनं ॥**

अर्थात्– करौतीको उपमा दिएर बताउनुभएको उपदेशलाई अनुस्मरण गरी, प्रतिहिंसाको भाव नाश गरी बारंबार प्रयत्न गर्ने ।

**मैत्रीभावना गर्ने श्रद्धालुजनले आफूले आफैलाई उपदेश दिनुपर्छ–** "हे ! क्रोधी मनुष्य ! तिमीले बुद्धको उपदेश- आज्ञालाई राम्ररी याद गरेर मनमा राख । यदि दुईतिर धार भएको करौतिलाई समाएर कुनैपनि चोर, डाँका वा बदमासहरू आएर तिम्रो अङ्ग-प्रत्यङ्ग छिन्न भिन्न हुने गरी काट्न आएतापनि तिमी उसप्रति किञ्चित् द्वेष नगर । जसले द्वेष गर्नतिर लाग्छ, त्यो मेरो अनुशासनमा बसेको हुनैछैन ।"

**तस्सेव तेन पापियो, यो कुद्धं पटिकुज्झति ।**
**कुद्धं अप्पतिकुज्झन्तो, संगामं जेति दुज्जयं ॥**

अर्थात्– "जसले क्रोधीहरूप्रति आफूले पनि क्रोध गरिराख्छ, उसले आफैलाई हानी गरिराखेको हुन्छ । क्रोधीको निम्ति अक्रोधी भई बस्नु नै जितेर जित्न कठिन महायुद्ध-महासंग्राम हुन्छ ।"

**उभिन्नमत्थं चरित, अत्तनो च परस्स च ।**
**परं सकुपितं ञत्वा, यो सतो उपसम्मति ॥**

अर्थात्– "अरु रिसायो भन्ने जानेर जो स्मृतिवान् व्यक्तिले सहन गरी क्रोधित हुँदैन, उसले आफूलाई र परलाई पनि हित एवं उपकार गरेको हुनेछ ।"

## द्वेषको कामना तथा दुष्परिणाम

भिक्षुहरू ! वैरीले वैरीप्रति सातप्रकारका अकुशल कामना गर्छन् । ती सात यी हुन्–

Downloaded from http://dhamma.digital/

(१) त्यो मप्रतिको वैरी मान्छे जतिसुकै राम्रो भएर हिंडेपनि नराम्रो नै होस्।

(२) त्यो वैरी सर्वदा दुःख पूर्वक बस्नुपर्ने होस्।

(३) त्यो वैरी धनवान कहिल्यै नहोस्।

(४) त्यो यशवान पनि नहोस्।

(५) त्यो मित्रादि हुने पनि नहोस्।

(६) त्यो यहाँबाट मरेर नरकगामी होस्।

(७) त्यसलाई कहिल्यै सुगति प्राप्त नहोस्।

द्वेषी-क्रोधी व्यक्तिलाई पनि सात प्रकारका दुष्परिणामको सामना गर्नुपर्ने हुन्छन्। ती हुन्–

(१) क्रोधित मान्छे जतिनै राम्रो वस्त्राभरण पहिरेर राम्रो बन्न प्रयत्न गरे तापनि रूप-सम्पत्ति मलिन भई नराम्रो नै बन्छ।

(२) क्रोधित व्यक्ति सदैव दुःखमा डुबेर नै रहन्छ।

(३) क्रोधित मान्छेले धन पनि प्राप्त गर्न सक्तैन।

(४) क्रोधित व्यक्ति कहिल्यै महा धनवान पनि हुँदैन।

(५) क्रोधित व्यक्तिलाई सच्चा मित्रता पनि प्राप्त हुँदैन।

(६) क्रोधित मान्छे यशवान पनि हुन सक्तैन।

(७) क्रोधित व्यक्तिहरू मसानमा चिता बनाएर जलाई फालिसकेको काठ समानमात्र हो। जसरी मसानमा दुईतिर बलेर पनि बीचमा फोहर भइसकेर फालेको काठ न गाँउबासीहरूले संकलन गरी क्रोधी व्यक्ति मसानको ठुटो झैं हुन्छ।

क्रोधी व्यक्तिले न आफ्नो हित उपकारार्थ काम गर्छ, त अरुहरूको हित उपकारार्थ कार्य गर्छ। उसले कुनै कार्य गरेतापनि आफू र अरु दुबै पक्षलाई हानि हुने काम नै गर्नपुग्छ। यसरी क्रोधको अवगुण स्मरण गरी पुनः त्यसअनुरूप आफूलाई उपदेश दिने– "हे मनुष्य ! तिमी सदैव क्रोधी भइरह्यौ भने तिमीले कहिल्यै पनि बुद्धको उपदेशलाई पालना गर्न सक्नेछैनौ। क्रोध महान शत्रु हो।

Downloaded from http://dhamma.digital/

क्रोधले आफूमा बास गरी आफैलाई शत्रुले भन्दा अधिक दुःख दिइरहन्छ। तसर्थ क्रोधको बशमा नपर, पर्दै नपर।" यसरी आफूलाई आफैले उपदेश दिएर आफूमा विद्यमान क्रोध शान्त भएर गएमा अति नै राम्रो भयो। यदि यसरी पनि क्रोध शान्त नभइदिएमा एकचोटि फेरि यसरी विचार गरौं।

## मैत्रीभावना-अभ्यास – २

१) मैत्रीभावनाको प्रारम्भिक अवस्थामा मैत्री राख्नु नहुने व्यक्तिहरू कति प्रकारका छन्? कारणसहित उल्लेख गर्नुहोस्।
२) चार प्रकारका मैत्रीभावना कसरी पूर्ण गर्न सकिन्छ?
३) पूर्ण भिक्षुको मैत्रीचित्त कस्तो थियो? स्पष्ट पार्नुहोस्।
४) द्वेषी व्यक्तिले कामना गर्ने सात प्रकारका अकुशलहरू उल्लेख गर्नुहोस्।
५) द्वेषी व्यक्तिले सामना गर्नुपर्ने सात प्रकारका दुष्परिणामहरू बारे उल्लेख गर्नुहोस्।

Downloaded from http://dhamma.digital/

# (ग) काय-वची-मनोकर्मभावना

कुनै कुनै व्यक्तिहरूको काय-कर्म कुशल भइराखेको हुन्छ। उसले आफू सक्दो कार्यमा किञ्चित् अल्सी नभइकन हार गुहार गर्नुपर्ने सम्म गरिदिन्छ तर उसको वचन र मनोकर्म भने कति पनि कुशल हुँदैन। त्यस्ता व्यक्तिहरूको वचीकर्म र मनो कर्ममा उपेक्षा गर्ने, बरू उसको काय कर्मका गुणहरू स्मरण गरिराख्ने। जसको वचीकर्म राम्रो हुन्छ उसको बोली वचनमा मिजास र नम्रता हुन्छ। उसले विस्तार विस्तारै सबैसँग मिजास राख्दै भलाकुसारी गरिराख्छ- "अहो ! तपाईलाई नदेखेको त धेरै भयो नि ! तपाईलाई कुशलै त छ ? तपाईको कायिक, मानसिक कुरामा कुनै तकलिफ त भएन ?" इत्यादि तर उसको कामकुरो तथा मनोकर्म भने कति पनि राम्रो छैन। यस्ता व्यक्तिहरूका कायकर्म र त्यो मनोकर्ममा उपेक्षा राखी वचीकर्ममात्र सम्झेर बस्नुपर्छ। फेरी कसैको मनोकर्म राम्रो छ किन्तु उसको कायकर्म, वचनकर्म भने कति पनि राम्रो छैन भने त्यस्ता मनै नराम्रो व्यक्तिहरूमा श्रद्धा र भक्ति पनि हुँदैन। उनीहरूले जिन र चैत्य आदिलाई वन्दना गर्दैनन्। कथंकदाचित गर्नै परेपनि श्रद्धाचित्तले गर्दैन, केही भन्ला गर्ला भन्ने डरले मात्र मन नलागेपनि शिर झुकाउने गर्छ। कतै धर्म उपदेश सुनेर बस्दा पनि विक्षिप्त तालले वा मनोरञ्जनात्मक पाराले सुन्छ अझ भन्ने हो भने निदाएर पनि बस्छ, किन्तु मनोवृत्ति राम्रा भएकाहरू यस्ता हुँदैनन्। मनोवृत्ति राम्रा हुनेहरूले जिन, चैत्य आदिलाई वन्दना गर्दा खुब श्रद्धापूर्वक भक्तिपूर्वक वन्दना गर्छन। धर्मोपदेश श्रवण गर्दा पनि राम्ररी ध्यान दिएर सुन्छन्। फेरि आदर गौरव गर्नुपर्नेहरूलाई पनि त्यति नै आदर गौरव गर्छन्। यसरी मनोकर्म राम्रो भए उसको कायकर्म, वचीकर्मलाई उपेक्षा गरी केवल मनोकर्म नै मात्र सम्झेर मित्रता गरिराख्नुपर्छ।

Downloaded from http://dhamma.digital/

कुनै सत्त्वहरूका तीनै कर्म नराम्रा हुन्छन् । त्यस्ता सत्वहरू भने यो लोक त्यागेर परलोक पुग्दा आठ महानरक वा सोह्र (१६) उत्सद नरकमध्ये एक न एकमा अवश्य पुग्छ । आठ महानरक भन्नाले सञ्जीव, कालसुत्र, सघात, रौरव, महारौरव, तापन, महातापन र अवीचि हुन् । यही अवीचिका द्वारमा चार चार कुक्कुलादि नरक गरी सोह्र (१६) उत्सद नरक छन् । यस्ता नरकमा गएर दुःख भोग गर्नुपर्ने भन्ने अवबोध गरेर आफूलाई जसले जतिसुकै अत्याचार गर्दा पनि त्यस्ताप्रति रिस राग नगरी, मात्र निर्दोषता हेरी दया र करूणाले हेर्नसकेमा सहजताका साथ नै शत्रु शान्त भएर जान्छ ।

कसै-कसैलाई त, आफूलाई प्रिय तथा मनप्रसन्न वस्तु आदि देख्दामात्र पनि क्रोध शान्त भएर जान्छ किन्तु यसरी देखेर सम्झेर पनि क्रोध परिशान्त भएर जान्छ भने उसले मैत्रीभावना गरिनै राख्नुपर्छ भन्ने आवश्यकता छैन ।

मैत्रीभावना गर्ने श्रद्धालु व्यक्तिहरूले स्मरणयोग्य उपदेशहरूमध्ये एउटा उपदेश यो पनि हो, कतै खेतमा उब्जाउ गरिराखेको धान-गहुँमा राम्ररी विचार पुऱ्याउन नसके ती बलियो भएर कसैलाई पनि घाउचोट गर्न सक्तैन् । त्यस्तै नै राम्ररी शीलपालन गरी संयमित भएर आरक्षा नगरिएको चित्त भएमा उक्त चित्तले अविद्या अन्धकारलाई छेदन गरी बाहिरिन सक्तैन । पुनः कतै खेतको धान-गहुँमा राम्ररी विचार गरिएको छ भने उक्त, धान गहुँले हात खुट्टा आदि जहाँपनि सियोले घोचेसरी घोचेर रगत वमन हुनेगरी चोटपटक पुऱ्याइदिन सक्षम हुन्छ । ठीक त्यस्तै राम्ररी शील पालन गरी संयमित भएर आरक्षा गरिएको चित्त भएमा उक्त चित्तले अविद्या अन्धकारलाई सहजैले छेदन गरी बाहिरिने शक्ति प्राप्त हुन्छ ।

एक जना द्वेषयुक्त दुराचारी व्यक्तिलाई सधै भन्न सकिन्छ कि त्यो व्यक्ति मरणपश्चात् दुर्गतिमा पतन हुनेछ कारण उसको द्वेषले उसलाई त्यस्तै किसिमको अकुशल मार्गमा डोऱ्याईरहेको हुन्छ ।

Downloaded from http://dhamma.digital/

फेरि, एक श्रद्धालु श्रद्धावानलाई यसै पनि भन्न सकिन्छ कि त्यो व्यक्तिले मरणपश्चात् सुगतिमा अवतरण हुनेछ कारण उसको श्रद्धाले उसलाई जसरी पनि कुशल स्थानमा, कुशल गतिमा पुऱ्याइरहेको हुन्छ।

एक स्थानमा एक पोखरी छ। त्यो पोखरीको पानी धमिलो भएकोले त्यसमा भएका सिपी, शंख, ढुङ्गा, माटो केही पनि देख्न सकिन्न, न त त्यसमा रहेका माछ्राहरू नै देख्न सकिन्छ। त्यस्तै नै अकुशल, असंयमित चित्तले गर्दा उसले आफूलाई पनि अरुलाई पनि हित सुख हुने सत्कार्य केही पनि ठम्याउन सक्तैन।

फेरि, अर्को स्थानमा एउटा पोखरी छ। उक्त पोखरीको पानि स्वच्छ निर्मल भएकोले त्यसमा निहित सिपी, शंख, ढुङ्गा, माछ्रा आदि सम्पूर्ण छर्लङ्ग देखिन्छ। ठीक यस्तै, राम्रो, कुशल, संयम चित्तले गर्दा आफूलाई पनि हित सुख हुने कृत्यहरू सबै देखिन्छन्। अनि उसले परोपकार हुने कार्यहरू पनि गर्नपुग्छ।

जंगलमा जतिसुकै नै कोमल रूखहरू भएतापनि चन्दन (श्रीखण्ड) जस्तो कोमल र नरम रूखहरू पाइँदैनन्। त्यस्तै योगाभ्यासमा अर्पित चित्त जस्तो नरम, कोमल हुने पदार्थ अरु केही पनि हुँदैन। त्यसैले चित्तलाई सदा सर्वदा ध्यानभावनामा केन्द्रित गर्ने प्रयत्न गर्नुपर्छ।

संसारमा चित्त जस्तो छिटो छिटो परिवर्तन हुने अन्यान्य बस्तु केहि पनि छैन। चित्त स्वभावतः निर्मल हो तर बाहिरी उपक्लेशले त्यसलाई धमिल्याइदिन्छ। चित्त स्वभावैले निर्मल हुन्छ, झन् त्यसमा पनि बाहिरी शुद्धआचरण-शुद्धव्यवहारको कारणले अझै स्वच्छ निर्मल गरेको हुन्छ। एवंरीतले स्वच्छताको गुणानुस्मरण गर्दै वैरीभाव शान्त भएर गए त कल्याणै हो परन्तु वैर कतिपनि शान्त नभएमा आफूले आफैलाई यस अनुरूप उपदेश गर्नुपर्छ।

Downloaded from http://dhamma.digital/

## स्वयंलाई उपदेश

**अत्तनो विसये दुक्खं कतं ते यदि वेरिना ।**
**किं तस्साविसये दुक्खं सचित्ते कत्तुमिच्छसि ॥**

अर्थात्– "यदि तिमीलाई वैरीले दुःख-कष्ट नै मात्र प्रदान गरिरहेको छ भने पुनः त्यस अनर्थकारीकै पछि पछि धाएर किन दुःखको भोग गरिराख्छौ ।"

**बहूपकारं हित्वान ञातिवग्गं रूदम्मुखं ।**
**महानत्थकरं कोधं सपत्तं न जहासि किं ॥**

अर्थात्– "अति उपकार गरिराखेका, आफ्नै कारणले माया गरी सहानुभूति राखेर रोइराखेका, आफ्ना बन्धुहरूलाई पनि त्यागेर छोडेर गइराखेका छौ भने फेरि एकपल्ट यो महान अनर्थकारी दुष्ट क्रोधलाई तिमी किन परित्याग नगरी आफ्नै बनाइबस्यौ ?"

**यानि रक्खसि सीलानि तेसं मुल निकन्तनं ।**
**कोधं नामुपलालेसि का तया सदिसो जलो ॥**

अर्थात्– "जुन शील पालन गरेको हो, त्यस शीलको जरैसमेत उखेल्नु क्रोध हो । त्यस्ता क्रोधलाई प्रेम गरिराख्ने अनि तिमी जस्तो महामूर्ख कोही होला ?"

**कतं अनरियं कम्मं, परेन इति कुज्झसि ।**
**किं नु त्वं तादिसं येव सयं कत्तुमिच्छसि ॥**

अर्थात्– "अन्य शत्रुहरूले नराम्रो अनर्थपूर्ण कार्य गर्दैछन् । अब के तिमी पनि उनीहरूले गरेकै अकुशल कुकार्यको अनुसरण गर्न लाग्यौ, जुनकारण स्वयंलाई नै नाश गर्नु हो ।"

**रोसेतुकामो यदि तं अमनापं परो करि ।**
**रोसुप्पादेन तस्सेव किं पुरेसि मनोरथं ॥**

Downloaded from http://dhamma.digital/

अर्थात्– "हे मानव । पराइले निमीलाई क्रोधी बनाउन अनेकानेक अप्रिय व्यवहार गरेर देखाएको हुन्छ । अनि के तिमी पनि उनीहरूकै इच्छालाई परिपूर्ति गर्न क्रोधी भइराखेका छौ त ?"

**दुक्खं तस्स च नाम त्वं कुद्धो काहसि वा न वा ।**
**अत्तानं पनिदानेव कोधदुक्खेन बाधसि ॥**

अर्थात्– "तिमी क्रोधी भई पराइलाई बिगार्छौ वा बिगार्दैनौ तर क्रोधले पहिला तिमीलाई नै बिगारेको हुन्छ ।"

**कोधन्धा आहितं मग्गं आरूल्हा यदि वेरिनो ।**
**कस्मा तुवम्पि कुज्झन्तो तेसं येवानुसिक्खसि ॥**

अर्थात्– "यदि क्रोधले अन्धो भई वैरीहरू अकुशल पथमा अग्रगामी छन् भन्ने स्वयंले ज्ञात गरेर पनि, पुनः एकपल्ट तिमी किन उनीहरूकै अनुकरण गरेर क्रोधलाई जगाई दुःखमा लिप्त भइराख्छौ ?"

**यं रोसं तव निस्साय सत्तुना अप्पियं कतं ।**
**तमेव रोसं छिन्दुस्सु किमट्ठाने विहञ्ञसि ॥**

अर्थात्– "शत्रुले जुन क्रोधको कारणले तिमीलाई मन नपर्ने पाराले कार्य गर्दैछ , त्यो जानेर तिमी उक्त क्रोधलाई त्याग गरिदेऊ । तिमी किन व्यर्थमा दुःखको भोग गरिराख्छौ ?"

**खणिकन्ता च धम्मानं येहि खन्धेहि ते कतं ।**
**अमनापं निरुद्धा ते कस्स दानीध कुज्झसि ॥**

अर्थात्– "सम्पूर्ण धर्म क्षणिक हो । जुन स्कन्धले तिम्रो अप्रिय काम गरिराख्छ, त्यही नै निरोध भइसक्यो भने अब तिमी यहाँ कसलाई देखेर कसको निम्ति क्रोधी भएर रिसाएर बसेको ?"

यस अनुरूप आफूलाई आफैले उपदेश गर्नुपर्छ । यसरी उपदेश गर्दा पनि वैर भाव शान्त नभए आफूले गरेका कर्मफल, कर्मविपाक स्वयं आफैले भोग गर्नुपर्ने बारेप्रतिवेक्षण गर्न जाऔं ।

Downloaded from http://dhamma.digital/

# प्रतिवेक्षणको विधि

"हे पुरुष ! तिमी किन क्रोधी भई मन बिगाछौं, जुन क्रोधको कारणले निर्माण हुने कर्म विपाक हो, त्यो तिमीले नै भोग नगरी हुने होइन । कर्मै नै आफ्नो हो । कर्म नै आफ्नो दायाद (सम्पत्ति) हो । कर्म नै आफ्नो गति हो । कर्म नै आफ्नो मित्र बन्धु हो । तसर्थ तिमी कर्मकै शरणमा पर ।" आदि भनी अनि यसरी पनि भन्ने–

"तिमी यहाँ जुन क्रोधद्वारा कर्म बनाउदैछौ, उक्त कर्मद्वारा तिमी न सम्यक्सम्बुद्ध बन्न सक्छौ, न प्रत्येक बुद्ध बन्न सक्छौ, न श्रावक बुद्ध बन्नसक्छौ । त तिमी ब्रह्मा बन्नपाउँछौ, न त इन्द्र बन्नपाउँछौ, न चक्रवर्ती राजा नै बन्न सक्छौ । क्रोधको कारण तिमीलाई सुगतिको लेश पनि प्राप्त हुँदैन । बरू तिमी बुद्धशासनबाट च्युत भई मरणपश्चात् केवल नरकमै पतन हुनेहुन्छौ । अनि तिमीले दीर्घकालसम्म नरकमा भयंकर दुःखमात्र भोग गर्नुपर्ने हुन्छौ ।

तिमी त दुइटै हातले आगो र फोहर समातिरहेको झैं हुनेछौं । मूर्ख मनुष्यहरूले परजनलाई बिगार्ने तथा दुःख दिने मनसायले हातमा आगो वा फोहर लियो भने प्रारम्भमै कसलाई हानि हुनपुग्छ ? आफैलाई नै हानि हुन्छ , भन्ने जानेर देखेर आफ्नो कर्मप्रति प्रतिवेक्षण गर्नुपर्छ । तत्पश्चात् अरुहरूको कर्मप्रति पनि प्रतिवेक्षण गर्दै लग्नुपर्छ । "त्यो मलाई देखेर क्रोधी भइराखेको छ किन्तु उसको क्रोधले उसलाई नै अनर्थ गरिराख्ने छ किनकि कर्म नै आफनो हो । अरुलाई बिगार्ने विचार गर्नु त हावाको दिशामा धूलो फाल्नु जस्तै मात्र हो ।" यसरी दुईतिरकै कर्मप्रति प्रतिवेक्षण गर्नुपर्छ । यसप्रकारले अभ्यास गर्दा पनि क्रोध शान्त भएर नगएमा शास्ताको पूर्वचर्याप्रति प्रतिवेक्षण गर्नुपर्छ ।

Downloaded from http://dhamma.digital/

# प्रतिवेक्षण

हे पुरूषहरू ! तिमीहरूले वहाँ भगवान बुद्धको पूर्व बोधिसत्व अवस्थाका चार असंख्य एक लाख कल्पसम्म पारमितापूर्ण गरिरहेको कालमा आफूलाई हत्या गर्न आउने दुश्मनलाई देखेर पनि किञ्चित् रिसाउनुभएन । जसरी शीलव राजा भइराखेको समयमा आफ्नी देवीसँग अत्याचार गरिरहने पापी अमात्यहरू राज्यबाट बाहिरिएर अर्को दुष्ट राजासँग मिलेर आफ्नो राज्य सम्पत्ति लुटन आए । तथापि त्यहाँ अलिक पनि ईर्ष्याभाव राख्नुभएन । आफूसँग भएका अमात्यहरूले युद्ध गरी ती दुष्टहरूलाई निष्काशन गरौं भन्दा पनि तिनीहरूलाई झगडा गर्न दिइएन र वैरी राजाप्रति द्वेष नगरिकन मैत्रीभाव नै राखिरहे ।

वैरी राजाहरूले ती मन्त्रीहरूलाई समाती मशानमा लगेर टाउको मात्र देखिने गरी खाल्डोमा पुरिदिए । तापनि राजा तथा मन्त्रीहरूले दुष्ट राजाप्रति वैर भाव राखेनन् । त्यसबेला त्यहाँ मरेका लाशहरू खान आएका स्यालहरूले ती पुरिरहेका मन्त्रीहरूलाई खाल्डोबाट झिकेर खान तम्तयार भए । अनि, अब त त्यत्तिकै बस्नु उचित भएन भनेर समयमै बल वीर्य निकाली चतुरतापूर्वक सबै स्यालहरूलाई धपाइपठाए । तत्पश्चात् केही समयपछि दुई यक्षहरूको आफ्नो सीमानामा छोडी गएका मृतक शरीरलाई भागबन्डा गरी बाँडेर खान नसकी उक्त शीलव राजाकहाँ आए । राजाले पनि मृतक शरीरको आधा आधा भाग बाँडिदिए । अनि ती दुई यक्षहरूले शीलव राजालाई दुष्ट राजा सुतिइराखेको श्रीशैय्यामा पुऱ्याइदिए । आफ्नो श्रीशैय्यामा सुतिरहेको राजादेखि कति पनि मन बिगारेन, बरू दुष्ट राजालाई बोध गराएर परस्पर वैरभाव नराखिकन बस्ने कराल गराई यसरी भने–

**आसिंसेथेव पुरिसो न निब्बिन्देयय पण्डितो ।**
**पस्सामि वोहमत्तानं यथा इच्छिं तथा अहु ॥**

Downloaded from http://dhamma.digital/

अर्थात्– "पण्डित पुरूषले कुनै कुराको आशा गरी कहिल्यै दिक्क हुनु हुन्न। म आफैलाई नै देखिराखेको छु, जसरी इच्छाएको थिएँ, त्यसरी नै काममा सफल हुँदै आएँ।"

खन्तिवाद जातकमा पनि बुद्धिहीन काशी राजाले "श्रमण! तिम्रो वाद र तिम्रो सिद्धान्त के हो ?" भनी सोद्धा "क्षान्तिवाद" भनी जवाफ पायो। त्यति नै कुरामा क्रोधित भई बोधिसत्त्वलाई काँडेदार कोर्राले पिट्न लगाई हात खुट्टा, नाक, कान सबै काट्न लगाए। तब पनि उहाँ रिसाउनुभएन। अब यो कुरालाई अलिकति प्रष्ट गर्नको निम्ति कथा अलि विस्तार गरौं।

## खन्तिवाद जातक कथा

उहिले काशी देशमा "कलाबु" भन्ने राजाले राज्य गर्दथे। त्यस अवस्थामा बोधिसत्त्व ८० करोड धन भएको ब्राह्मण महासाल कुलमा जन्म भएछ। उसको नाम थियो– कुण्डकुमार। ऊ ठूलो भए पश्चात् तक्षशीलामा गई सबै प्रकारका शिल्प शास्त्र अध्ययन गरी घरमा फर्के। अनि आफैले घरको कामकाज लगायत आफ्ना मातापितालाई पनि राम्ररी पालन पोषण गरी बसे। एक दिन आमाबाबुको परलोक भएपश्चात् आफ्ना धनसम्पत्ति कति छ भनी हेर्दै यसरी विचार गर्‍यो "मेरा माता पिताले यति सम्म धनसम्पत्ति आर्जन गरेको पनि मरेर जाँदा केही लगेनन्। आखिरमा सबै यहींको यही छोडेर गए किन्तु म यी सम्पत्ति कही पनि छोडेर जान्न। म सबै धनसम्पत्ति साथमै लग्नेछु।" यति विचार गरेर सम्पूर्ण सम्पत्ति क-कसलाई के-के चाहिन्छ, क-कसलाई के-के लाने इच्छा छ, इच्छित बस्तु लग्नु भनी ढुकुटी सबै खुल्ला गरी दान दिए।

Downloaded from http://dhamma.digital/

सम्पूर्ण सम्पत्ति दान दिइसकेपश्चात स्वयं आफू हिमालय प्रस्थान गरी प्रव्रजित भए । त्यस हिमालयमा उपलब्ध कन्दमुल सेवन गरी बृहतकालसम्म हिमालयमै बसे । हिमालयमा बस्दाबस्दै एक दिन नून तथा तीतो पिरो सेवन गर्ने इच्छाले हिमालयबाट क्रमशः वाराणशी पुगे । त्यहाँ पुगेर राजाको बगैचामा बसे । अनुकूल समयमा नगरमा भिक्षाटन गए । भिक्षाटन जाँदाजाँदै सेनापतिको गृहस्थानमा पुगे । सेनापति उसको इर्यापथ (चालचलन) देखि खुशी भएर घरमै लगी आफ्नोलागि तयार गरेको भोजन सत्कारपूर्वक दान गरेर त्यहीं नै राजउद्यानमा बस्न आग्रह गरे । तत्पश्चात् बोधिसत्त्व त्यहीं नै बस्न थाले ।

एक दिन कलाबु राजा मदिरा (रक्सी आदि) सेवन गरी मस्त भएर वृहत जनसमूहका साथ जनताद्वारा परिक्रमा गराई उद्यानमा आइपुगे । उद्यान भ्रमणपश्चात् मङ्गलशिलामा आसन बिछ्याउन लगाई एक प्रिय महारानीको काखमा टाउको राखी शयन गरे । अन्यान्यहरूले गीत गाउने, वीणा बजाउने, कुनै जान्ने स्त्रीहरूले गीत गाएर वीणा बजाई त्यहाँ संगीत सुर बनाउन थाले । राजा देवराज इन्द्रसरी ठाँटबाँठले शयन गरी निदाउन थाले ।

अनि ती गीत गाइरहने स्त्रीहरूले विचार गरे– "हामी जसको निम्ति यो संगीत बजाउँदैछौं, उनी राजा नै निदाए भने अब यहाँ यो गीत गाउँदै संगीत बजाउनुको मतलब नै के ?" तिनीहरू वीणा आदि त्यहीं नै छाडेर सबै बगैंचामा चारिका गर्न हिंडे । बगैंचामा राम्रा राम्रा फूल-फल देखेर मुग्ध भई आनन्दले घुम्दै फूल टिप्दै समय व्यतीत गर्न थाले ।

त्यसैबेला बोधिसत्त्व प्रव्रज्यासुखको अनुभव गर्दै जसरी मत्त हात्ती बसिराख्ने हो, त्यसै गरी एक विशाल फूलको विरूवाको मुनि आनन्दले विराजमान थिए । त्यसबेला ती राजस्त्रीहरूले उहाँलाई देखेर एकजनाले भनिन्– "आर्यहरू ! यहाँ हेर त, यहाँ फूलको बोटमुनि एक ऋषि विराजमान छन । जबसम्म राजा सुतिराख्नेछ, तबसम्म हामी सबै उहाँको समीपमा गएर धर्मको उपदेश सुन्न जाऔं ।" ती सबै

Downloaded from http://dhamma.digital/

गएर उहाँलाई प्रणाम गरी एक अलग स्थानमा बसी प्रार्थना गरे– "भन्ते ! हामीलाई योग्य उपदेश दिनुहोस् ।"

त्यहाँ बोधिसत्त्वले उनीहरूलाई हित-सुख कामना गर्दै उपदेशको शुभारम्भ गरे । धर्मको कुरा हुँदाहुँदै उता राजाकहाँ बसिराख्ने महारानीलाई थकित अनुभव भएर उनीले घुँडा हल्लाइन् । त्यसैबेला राजाको निंद्रा टुट्यो । त्यहाँ गीत गाइराख्ने राजस्त्रीहरू एकजना पनि नदेखेर राजा जंगिए– "खै ती चण्डालनीहरू ?"

महारानी– "महाराज ! तिनीहरू सबै ऊ त्यहाँनिर एक तपस्वीकहाँ बसिराखेका छन् ।"

यो कुरा सुनेर राजालाई एक्कासी रिस उठ्न थाल्यो । अनि तरबार झिक्दै "ती दुष्ट तपस्वीलाई ठीक गरिदिन्छु ।" भन्दै बेगले उतैतिर दौड्नथाले ।

ती राजस्त्रीहरूमध्ये राजाको सबैभन्दा प्रिय रानीले राजाको हातमा रहेको तरबार खोसिदिइन् । तापनि राजा बोधिसत्वकहाँ गएर सोध्न थाले– "श्रमण ! तिम्रो वाद के ?"

बोधिसत्त्व- "महाराज ! क्षमावाद ।"

राजा- "क्षमावाद भनेको के हो ?"

"महाराज ! गाली गर्दा, प्रहार गर्दा, अपमान हुँदा क्रोधित नहुनु ।"

राजाले– "त्यसो हो त हेरौंला, तिमीमा क्षमावाद छ कि छैन ?" यती भन्दै अरु रिसाएर एक चण्डाललाई बोलायो । त्यो चण्डाल पहेंलो लुगा लगाएर रातो माला घाँटीमा झुण्डयाएर राजा बसिराखेको स्थानसम्म आइपुग्यो । राजालाई नमस्कार गर्दै एक छेउमा उभिएर विन्ति गर्नथाल्यो– "महाराज ! जे हुकुम छ ।"

राजाले भने– "यो चोर तपस्वीलाई समात । अनि जगल्ट्याएर भुईमा पछार । तत्पश्चात् त्यो काँडा भएको कोर्राले अगाडि पछाडि दुई हजारचोटि हान ।" उक्त चण्डालले उस्तै नै गऱ्यो ।

Downloaded from http://dhamma.digital/

बोधिसत्त्वको छाला सबै छिया छिया पर्न थाले। शरीरका मासु सबै फुट्न थाले। रगतको धारा बग्यो।

राजाले फेरी भन्यो- "हे श्रमण ! तिम्रो वाद के हो ?"

"महाराज ! क्षमावाद ! महाराज ! तपाईले मेरो क्षमा मेरो छालाभित्र लुकेको छ भनी सम्भनुभयो के ? महाराज ! मेरो क्षमा मेरो छालाभित्र होइन। तपाईले मेरो क्षेमालाई देख्न सक्नुहुन्न। मेरो क्षमा मेरो हृदयभित्र छ।

चण्डालले सोध्यो- "महाराज ! जे आज्ञा छ।"

राजा- "चण्डाल ! यो दुष्ट तपस्वीका दुईटै हात छिनाइदेऊ।"

चण्डालले बसिला लिई काठको अचानोमा राखेर दुइटै हात काटिदियो।

"महाराज ! अब जे आज्ञा छ।"

"अब खुट्टा काटिदेऊ।"

उसले खुट्टा पनि छिनाइदियो। हात खुट्टा काटिसकेपश्चात् हातबाट पनि खुट्टाबाट पनि गाग्रीबाट खन्याए झैं रगतको धारा बग्नथाल्यो।

राजाले फेरि सोधे- "अरे श्रमण ! तिम्रो वाद के हो ?"

"महाराज ! क्षमावाद। महाराज ! मेरो क्षमा मेरो हातमा, मेरो खुट्टामा छ भनी सम्भनुभयो के ? मेरो क्षमा अन्तरगहिराइमा समाहित छ।"

राजाले गर्जेर आज्ञा दिए- "यसका नाक-कान काटिदेऊ।" त्यो चण्डालले राजाको आज्ञानुरूप नाक-कान काटिदियो। शरीरभरि रगतमात्र मुछिन थाल्यो।

पुनः सोधे- "तिम्रो वाद के हो ?"

"महाराज ! क्षमावाद हो। तपाईले यो सोच्नु भयो कि ? मेरो क्षमा नाक-कानको जरामा छ भनी। मेरो क्षमा मेरो हृदयको भित्रसम्म रहेको छ।"

राजाले तपस्वीको छातीमा भ्वाक्क लात दिएर "दुष्ट तपस्वी। तिम्रो क्षमा तिमी नै राख" भन्दै आफ्नो बाटो लागे।

Downloaded from http://dhamma.digital/

राजाले यति गरेर गइसकेपश्चात् सेनापतिहरू आएर बोधिसत्त्वलाई विस्तारै उठाई, शरीरभरि लागेका रगत सबै सफा गरी, नाक-कानमा कपडाले बेर्दै विन्ति गर्न थाले– "भन्ते ! तपाई रिसाउनु परे जो अपराधी राजा हो, उसप्रति नै मात्र रिसाउनुहोस् । अरु कसैसँग पनि क्रोध नउठाउनुहोस् ।" यस्तो भन्दै प्राथना गरे ।

**यो ते हत्थे च पादे च कण्णनासञ्च छेदयि ।**
**तस्स कुज्झ महावीर मारट्ठं विनस्स यदं ॥**

अर्थात्– "हे महावीर ! जसले तपाईका हात-खुट्टा तथा नाक-कान काटेका हुन्, उसैप्रति नै मात्र रिसाउनुहोस् । यो काशी देशलाई अनिष्ठ नगर्नुहोस् ।" यो कुरा सुनेर बोधिसत्त्वले यस्तो आज्ञा गर्नुहुन्छ–

**यो मे हत्थे च पादे च कण्णनासञ्च छेदयि ।**
**चिरं जीवतु सो राजा नहि कुज्झन्ति मादिसा ॥**

अर्थात्– "जसले मेरा हात-खुट्टा, नाक-कान काटेका हुन् त्यो राजा दीर्घकालसम्म बाँचिरहोस् । यहाँ म जस्तो व्यक्ति रिसाउनेछैन ।"

उता राजा बगैचाबाट बाहिरिएर बोधिसत्त्वको आँखाबाट टाढा-टाढा हुँदै गयो । क्रमशः ढोकाको बाहिर पुग्दा ४० वजन मोटाई भएको पृथ्वी, गोरूको शरीरमा भएको वस्त्र च्यातिएसरी फाटेर अवीचि नरकबाट आगोको भयंकर ज्वाला निस्केर खास्टोले गुट्मुटाएभैं गरी राजालाई पृथ्वीबाट नरकमा तानेर लग्यो ।

बोधिसत्त्वको पनि त्यसै दिन मरण भयो । राजपुरूषहरूले धूप पुष्प आदिले पूजा गरी उहाँको पार्थिव शरीरको अग्निसंस्कार गरे । यो क्षान्ति बोधिसत्त्वको अवस्थाको कुरा हो ।

फेरि, 'चूल धम्मपाल' जातकमा अबोध निर्वल नाबालकलाई मारेको छ । चूल धम्मपालको विषयमा पनि छोटकरीमा उल्लेख गरौं ।

Downloaded from http://dhamma.digital/

# चुल धम्मपाल जातककथा

परापूर्व समयमा वाराणशी देशमा "महाप्रताप" भन्ने राजाले राज्य गरिरहेका थिए। त्यसबेला बोधिसत्त्व महारानी चन्दादेवीको गर्भबाट जन्म भयो। नामकरण गरिंदा "धम्मपाल कुमार" भनी राखियो। धर्मपाल सात महिना हुँदा महारानीले धर्मपाललाई सुगन्धयुक्त जलले स्नान गराई, गर्नुपर्ने स्याहारसुसार सिध्याई आनन्दले बसेर बच्चालाई खानपिन गराइरहिन्। यस्तो बेला राजा महाप्रताप महारानी भएस्थानमा आए तर महारानी पुत्रस्नेहमा मुग्ध भइराखेको कारणले गर्दा राजालाई देखेर पनि उठ्न सकिनन्। राजाको मनमा चिसो पस्यो– "अहिले नैं तिनीले पुत्रको कारणले अभिमानी भई मलाई नै देख्न छाडिन्। भविष्यमा यो राजकुमार ठूलो भएमा झन् तिनले मलाई मान्छेसम्म पनि गन्ने छैनन्। तसर्थ, यो बच्चालाई अहिल्यै नै मारिदिन्छु।"

त्यहाँबाट फर्केर राजसिंहासनमा बसी हत्यारालाई बोलाउन पठाए– "सबै ठीक गरेर आऊ।" हत्यारा पनि गेरुवावस्त्र लगाई घाँटीमा रक्तिम माला लगाएर सम्पूर्ण सामान ठीक गरी आयो। राजालाई नमस्कार गरी विन्ति गऱ्यो– "महाराज ! जे आज्ञा छ।"

"महारानीको शयनागारमा गएर धर्मपाल राजकुमारलाई लिएर आऊ।" महारानी पनि राजा क्रोधित हुँदै गएको जानी राजकुमारलाई लिएर अब के पो हुने हो भन्दै भयभीत भई रोएर बसिराखिन।

हत्याराले पनि राजाज्ञाअनुरूप गएर महारानीको कम्मरमा एक झड्का दिएर बच्चा खोसेर ल्यायो। राजाको सम्मुखमा बच्चालाई राखेर भन्यो– "महाराज ! जे आज्ञा छ।"

Downloaded from http://dhamma.digital/

राजाले भन्यो– “यसलाई एउटा अचानो ल्याई त्यसमा सुताइदेऊ। घातकले पनि त्यस्तै गऱ्यो।” चन्दादेवी पनि पुत्रस्नेहको कारण रुँदै रुँदै त्यहाँ आइपुगिन्।

घातकले सोध्यो– “महाराज ! अब के गर्ने ?”

“धर्मपालको हात काट।” राजाको कर्कश स्वर सुनेर चन्दादेवी चिच्याइन् “महाराज ! मेरो छोरा मात्र सात महिना पुग्यो, उसले केही जानेको छैन। बच्चाको गल्ती पनि छैन। केही गल्ती भए मेरो मात्र होला। महाराज मेरो हात काट्न लगाउनुहोस्।” भन्दै विन्ति गर्न थाली–

**अहमेव दूसिया भूनहता रञ्ञो महापतापस्स ।**
**एतं मुञ्चतु धम्मपालं हत्थे मे देव छेदेहिं ॥**

अर्थात्– “दोषी मै हूँ। राजा महाप्रतापको दोषी पनि मै हुँ। हे देव ! यो धर्मपाललाई छोडेर मेरा हात काटिदिनुस्।”

राजाले घातकतिर हेरे। घातकले सोध्यो– “महाराज जे आज्ञा छ !” “ल ! विस्तार नगर, यसको हात चाँडै काट्।” राजाले रिसाउँदै भने।

घातकले पनि तीखो बन्चरो लिएर नरम र नयाँ बाँस छिनाएसरी नै धर्मपालको दुइटै हात पनि काटिदियो। यसरी हात काट्दा पनि धर्मपाल न रोयो, न चिच्यायो। ऊ त शान्तिपूर्वक बस्दै मैत्रीलाई सम्मुख राखेर दुःख सहेर बसे। चन्दादेवी भने काटिएका दुईवटा हात काखमा राखी रगत यताउता पर्ने गरी रुँदै यता र उता गर्दै रहिन।

घातकले पुनः सोध्यो– “महाराज ! जे आज्ञा छ।”

राजाले भन्यो– “यसका दुइटै खुट्टा पनि काटिदेऊ।”

यो कुरा सुनेर चन्दादेवीले एवानुरूप विन्ति गरी–

**अहमेव दुसिया भूनहता रञ्ञों महापतापस्स ।**
**एतं मुञ्चतु धम्मपालं पादे मे देव मे देव छेदेहि ॥**

Downloaded from http://dhamma.digital/

अर्थात्– "हत्यारी मै हूँ । राजा महाप्रतापका दोषी मै हुँ । हे देव ! यो धर्मपाललाई छोडेर मेरो खुट्टा काटिदिनुहोस् ।"

राजाले पुनः घातकलाई कुमारको दुइवटै खुट्टा पनि चाँडै काट्ने आज्ञा दिए । घातकले दुइटै खुट्टा पनि काटिदियो । चन्दादेवी ती दुइटा खुट्टा पनि काखमा लिंदैं रगत यता उतासम्म पारी चिच्याएर रुदै कराइन "महाराज हात खुट्टा काटिसकेका भएपनि कुमारलाई पालन गर्न म दुःखी आमालाई सुम्पिदिनुस् । म दासीकाम गरेर पनि यसको पालन गर्नेछु ।"

घातकले सोध्यो– "महाराज ! राजआज्ञा पालन गरिसकें । के मेरो कार्य समाप्त भएन र ?"

"पख ! सकिएको छैन ।"

"अब के गर्न बाँकी छ र ?"

"यसको टाउको पनि काटिदेऊ ।"

चन्दादेवी आएर आफ्नो टाउको कुमारको ठाउँमा राखिदिई । घातकले सोध्यो– "महाराज । के गर्ने ?"

"यो बच्चाको टाउको काट ।" घातकले कुमारको शिर पनि काटेर सोध्यो– "महाराज । राजआज्ञा सकिएन र ?"

"सकिएको छैन, पख ।"

"महाराज । अब जे गर्नुपर्छ ।"

"तरबारको चुच्चोमा राखी असिमालो बनाइदेऊ ।"

घातकले धर्मपालको लाशलाई आकाशमा हुत्याएर तरबारको चुच्चोमा अडाई असिमाला बनायो र सबैभन्दा माथिको तलामा लगी छरिदियो । चन्दादेवी माथि गई बोधिसत्त्वको टुक्रा टुक्रा शरीर लिई काखमा राख्दै र रुँदारुँदै यसो भन्न थाली– "अवश्य पनि यी राजाका हित चिन्तकहरू, मित्र-अमात्यहरू कोही छैनन्

Downloaded from http://dhamma.digital/

होला । कसैले पनि आफ्नो पुत्रलाई मार्न लाग्दा पनि नमार भन्ने कोही छैन ।" धर्मपालको हात खुट्टा एवं हृदयको मासु समाउँदै महारानीले यस्तो भन्दै गइन्–

**चन्दनरसानुलित्ता बाहा छिज्जन्ति धम्मपालस्स ।**
**दायदस्स पथव्या पाणा मे देव रूज्झन्ति ॥**

अर्थात्– "पृथ्वी (राज्य) को उत्तराधिकारी धम्मपालको श्रीखण्ड लेपन गरिएका हात काट्दैछन् । खुट्टा काट्दैछन् । टाउको काट्दैछन् । हे देव ! यो देखेर मेरो प्राण छुट्न लाग्यो । मेरो प्राण टुटिँदैछ ।"

एवं तरिकाले रूँदारूँदैं महारानीको छाती फुटेर मरेर गइन् । यता आफ्नो टाउको काट्न लाग्दा धर्मपालले आफ्नो चित्तलाई वशमा राख्नुपर्ने अवस्था भयो भन्ने जानेर चित्तलाई बोध गरी घातकप्रति पनि कुनै क्रोध नगरिकन मैत्रीचित्त बनाइरहेको थियो ।

यी कुराहरू बोधिसत्वको मनुष्यजीवनका अवस्थाको हो किन्तु, एकपटक पशुयोनिमा ६ वटा दन्त पूर्ण हुँदाको बखत एक ब्याधाले देखी चक्कुले घोचेर मार्दा पनि कतिपनि रिसाउनुभएन । यस अनुरूप बोधिसत्त्वहरूको पूर्व आचरणलाई स्मरण गरेर भएपनि क्रोध शान्त गर्नतिर प्रयत्न गर्नुपर्छ । यद्यपि, यसो गर्दापनि क्रोध शान्त नभएमा अनादि कालको प्रतिवेक्षण गर्नुपर्छ ।

Downloaded from http://dhamma.digital/

## मैत्रीभावना-अभ्यास – ३

१) काय, वची र मनोकर्मलाई ध्यानमा राखेर कसरी मैत्रीभावना गर्नुपर्छ ?
२) "द्वेषयुक्त दुराचारी व्यक्ति दुर्गतिगामी हुन्छ" उदाहरण सहित स्पष्ट पार्नुहोस्।
३) स्वयंलाई उपदेश गरेर कसरी द्वेषभावनालाई निर्मूल पार्न सकिन्छ ?
४) द्वेषलाई दमन गर्न प्रतिवेक्षणको विधि कुन हदसम्म महत्वपूर्ण हुन्छ ?
५) बोधिसत्त्व ऋषिले कसरी द्वेषलाई दमन गरी मैत्रीभावनालाई प्रबल पार्नुभयो ? खन्तिवाद जातकको आधारमा लेख्नुहोस्।
६) "चुल धम्मपाल जातककथा" संक्षेपमा लेख्नुहोस्।

Downloaded from http://dhamma.digital/

# (घ) अनादि कालको प्रतिवेक्षण

अनादि कालको प्रतिवेक्षण कसरी गर्ने त ? यो संसारमा यस्ता पुरुषहरू सुलभ हुनेछैनन्, जुन पुरुष पिता नभएको होस्। जुन स्त्री आमा नभएको होस् न दाजु नभएको होस् न कुनै सत्त्वलाई भाइ नबनाएको होस्। यस्तै कुनै सत्वलाई दिदी, कुनैलाई बहिनी बनाएर नआएका पनि हुँदैनन्।

जो आमा भएर आइसकेकी हुन, तिनीहरूले मलाई सकी नसकी केही नभनी १० महिनासम्म गर्भमा राखी जन्म दिए। त्यसमा पनि फेरि दिसा पिशाब समेतलाई चन्दन झैं गरी अलिकति पनि घृणित नभइकन सफा सुग्घर गरेर छातीमा राखी नचाएर खेलाएर, काखमा राखी फकाएर दूधपान गराई पालन पोषण गरेर आएका हुन्।

पुनः जो पुरुषहरू बाबु भएर आइसकेका हुन्, तिनीहरूले आफ्ना सन्तानहरूलाई पाल्नुपर्छ भनी खसी बोकाहरू मात्र जाने बाटोमा लगी पनि ब्यापार गर्न जान्छन्। यतिमात्र होइन, सन्तानको निम्ति आफ्नो जीवनसमेत त्याग गरी डुंगामा बसी भयंकरको समुद्र पार गरेर युद्धमा गइराख्छन्। यस्तै नै, अन्यान्य पनि कठोरमय कामकार्य सम्पन्न गरेर पनि धन संग्रह गर्छन् तथापि परिवाहरूलाई पालन पोषण गरिराख्छन्।

पुनः दाजु भाइ, दिदी बहिनी भएर आएकाहरूले मेरो निम्ति दया माया राखी दुःख सहेर कति उपकार गरेर आए होलान्। तसर्थ म कुनै सत्त्वको कारणले पनि रिसाएर कुमतिको भई बस्नु योग्य छैन।

यसरी चिन्तना गर्दा पनि क्रोध शान्त गर्न सकेन भने मैत्री भावनाद्वारा लाभ हुने ११ प्रकारका गुणलाई याद गरेर चित्तलाई शान्त गर्नमा प्रयत्न गर्नुपर्छ।

मैत्रीभावनाका आनिशंस फललाई सम्झेर पनि क्रोध शान्त भएर नगएमा धातुलाई विभाजन गरी हेर्नुपर्छ।

Downloaded from http://dhamma.digital/

# धातु विभाजन

"हे पुरुष। तिमी को देखी वा के देखी क्रोधी भइराख्यौ ? केश देखेर ? कि रोम देखेर ? केश, रोम, मासु, नङ्ग, छाला, यी शरीरका ३२ वटा अंगमध्ये तिमी के देखी रिसाइरहेका छौ ?" यसरी स्मरण गर्नुपर्छ।

फेरि धातुतिर हेर्नुपर्छ। "पृथ्वी, जल, वायु, अग्निमध्ये तिमी कुन धातुदेखी क्रोध गरिराख्यौ ? पञ्चस्कन्ध द्वादश आयतन र १८ धातुमध्ये तिमी कुन धातुदेखी रिसाइरहेका छौ ? पुनः वेदना , संज्ञा, संस्कार, र विज्ञानमध्ये तिमी के देखी क्रोधित भइराखेका छौ ? पुनः चक्षुआयतन, रूपआयतन, श्रोतआयतन, शब्दआयतन, घ्राणआयतन, गन्धआयतन, जिह्वाआयतन, रसआयतन, कायआयतन, स्पर्शआयतनमध्ये तिमी के देखी क्रोधी भइराखेका छौ ? पुनः चक्षुधातु, रूपधातु आदिमा पनि तिमी कुन धातुदेखी नराम्रो भन्ने भइराख्यौ ?" यसअनुरूप धातु विभाजन गरी हेर्नुपर्छ। यसरी पनि नभएमा द्वेषका अवगुण फेरि सम्झनुपर्छ। जसरी आकाशमा चित्र कोर्ने स्थान छैन, त्यसरी नै हृदयमा पनि क्रोध पालेर मंगल हुने स्थान छैन भनी, जसरी पनि क्रोधलाई प्रश्रय नदिने नै प्रयत्न उपायमा लागिरहनुपर्छ।

धातु विभाजन गर्न नजान्नेहरूले दान वस्तुतिर विचार गर्नुपर्छ। "मैले आफ्नो बस्तु अरुलाई दिनुपर्छ। फेरि अरुको वस्तु मैले लिनुपर्छ। यदिन अरुको जीविका नभएमा मसँग भएको वस्तु केही न केही दिएर पनि त्यसलाई संग्रह गर्नुपर्छ।" यसरी विचार गर्दा पनि त्यस व्यक्तिप्रतिको द्वेष सबै शान्त भएर जान्छ। अतीत संस्कारले उत्पन्न क्रोध भएतापनि त्यस अवस्थामा नै शान्त भएर जान सक्छ। त्यसैले भनिएको पनि छ–

Downloaded from http://dhamma.digital/

**अविन्न दमनं दानं, सब्बत्थ साधकं ।**
**दानेन पियवाचाय, उण्णमन्ति नमन्ति च ॥**

अर्थात्– "दमन गर्न नसक्ने व्यक्तिलाई पनि दानले दमन गर्न सकिन्छ। दान र प्रिय वचनद्वारा दायक उच्च अधिकारी बन्छ। प्रतिग्राहक नरम हुन्छ।"

यसरी दानतिर अनुस्मरण गरी वैर शान्त भयो भने त्यसप्रति प्रिय व्यक्ति तथा अतिप्रिय व्यक्ति तथापि सहायक र मध्यस्थहरूलाई पनि यसरी नै विचार गरेर हेर्नुपर्छ। यसअनुरूप हेरिसकेपश्चात् बारम्बार मैत्रीभावना गरेर आफूलाई, आफ्नो प्रियजनलाई, मध्यस्थहरू लगायत वैरीहरू गरी यी चार प्रकारका पुरुषहरूलाई समान चित्त गरी सीमानालाई छेदन गरिदिनुपर्छ।

## सीमा छेदन (समानताको व्यवहार)

एउटा कुरा यदि प्रिय व्यक्ति, मध्यस्थ व्यक्ति, वैरी व्यक्ति र आफू गरी चार जना एकैस्थानमा बसेको बेला चोरहरू आएर "भन्ते हामीलाई एक भिक्षु देऊ भनी माग्न आउँदा सोधिन्छ किन ? "के गर्नलाई ?" चोरहरूले भन्नेछन्– "भन्ते मारेर वलिकर्म गर्नलाई", अब यहाँ यो भिक्षु हो, फलाना फलानालाई समात भन्दा सीमा छेदन गरेको हुँदैन। फेरि, मलाई समात, यी तीनजनालाई छोडिदेऊ भन्दा पनि सीमा छेदन गरेको हुँदैन किनभने जुन जुनलाई समाउने हो, त्यो त्योप्रति नराम्रो नै भावना हुनजान्छ तर, यहाँ चारमध्ये एकजना पनि नदिइएमा समानताले व्यवहार गरेको हुन्छ। यसमा पूर्वकालीन व्यक्तिहरूले पनि यसरी भनेका छन्–

**"अत्तनि हितमज्झत्ते अहिते च चतुब्बिधे।**
**यदा पससति नानत्तं हितचित्तो व पाणिनं ॥**
**न निकामलाभी मेत्ताय कुसली ति पवुच्चति ॥"**

Downloaded from http://dhamma.digital/

अर्थात्– आफू, प्रिय, मध्यस्थ र अप्रिय यी चारसँग पनि भिन्न भिन्न देखेमा (त्यो सँग) प्राणीहरूको बीचमा हित र अहित कामना भएको हुन्छ। तसर्थ, यसलाई मैत्री कूल भनी भनिंदैन कारण एकजनालाई हित कामना अनि अर्कोलाई अहित कामना हुनेहुँदा त्यस्तालाई मैत्री भावना भन्न हुँदैन।

चारवटै सीमानालाई उल्लंघन गरी देवतासहित सारा लोकलाई एउटै दृष्टिले, समानरूपले मैत्रीभावना पूर्ण गर्ने हो भने त्यसमा सीमाना छ भनी भन्न सकिंदैन। अनि, यो मैत्री महान् गुणवान बन्नपुग्छ।

यसप्रकारले समकाल नै सीमानाको भिन्न गर्नेलाई उपचार निमित्त प्राप्त हुन्छ। त्यस निमित्तलाई वृद्धि गर्दै लग्यो भने केही समयमै पृथ्वी कसिणमा भनिए झैं अर्पणालाई प्राप्त हुन्छ। यहाँसम्म कि पाँच अंगले पूर्ण त्रिविध कल्याण तथा १० लक्षणयुक्त मैत्री सहगत प्रथम ध्यान प्राप्त हुन्छ। प्रथम ध्यान प्राप्त भएपश्चात् निमित्तलाई पुनः बढाएर तृतीय, चतुर्थ ध्यानसम्म प्राप्त हुन्छ।

प्रथम ध्यान वा कुनै एक ध्यानमा-

**मेत्तासहगतेन चेतसा एकं दिसं फरित्वा विहरति, तथा दुतियं, तथा ततियं, तथा चतुत्थं, इति उद्धमधो तिरियं सब्बधिं सब्बत्तताय सब्बावन्तं लोकं मेत्तासहगतेन चेतसा विपुलेन महग्गतेन अप्पमाणेन अवेरेन अब्यापज्झेन फरित्वा विहरति ॥**

अर्थात– मैत्रीयुक्त चित्तले एक दिशालाई पूर्ण गरी विहार गर्छ। त्यसै नै अर्को दिशालाई पनि, त्यस्तै तेस्रो दिशा, चौथो दिशालाई पनि मैत्रीयुक्त चित्तले विहार गर्छ। यसप्रकारले तल माथि बीचमा गरी सकल दिशा हेरी, सकल प्राणीहरूलाई महान लोक धातुमा प्रमाणरहित भई मैत्रीयुत्त चित्तले विहार गर्छ।

प्रथम ध्यान आदिका अनुसारले अर्पणाध्यानलाई विविध क्रियाले सिद्ध हुन आउँछ।

Downloaded from http://dhamma.digital/

यहाँ मेत्ता सहगतेन चित्तेन भनेझैं मैत्रीयुक्त चित्तले एक दिशाका सत्त्वहरूलाई हेर्छ। त्यसपछि दोस्रो दिशाका, अनि तेस्रो दिशाका, अनि चौथो दिशाका प्राणीहरूलाई हेर्छ। सर्वचित्तभावले चित्तलाई अलिकति पनि बाहिर विक्षिप्त नबनाई, सब्बावत्तं अर्थात सकल सत्त्व वा सकल सत्त्वहरू युक्तले गरी भावना गर्नु नै अप्रमाण चित्त हो। अप्रमाण चित्तलाई नै विकुर्वणा भनिएको हो।

## मैत्री आनिशंस व्याख्या

मैत्री युक्त चित्तको निम्ति श्रद्धा चित्त सम्मुख राखी मैत्रीभावनामा रहेर बस्नु परम कल्याणकारक हो। मैत्रीयुक्त पुद्‌गललाई माथि भनिए झैं ११ प्रकारका आनिशंस फल प्राप्त हुन्छ।

यहाँ पनि एकचोटि भन्ने हो त सुखपूर्वक सुत्छ। मैत्री नभएका व्यक्तिहरू अस्तव्यस्त हुने गरी चलेर घुर्र, घुर्र घुरेर दुःखपूर्वक सुत्छन् तर मैत्रीचित्त भएकाहरू यसरी नभई आनन्दले सुतेर बस्छ।

फेरि सुखपूर्वक निंद्रा खुल्छ। उपमा भन्नुपर्दा जसरी कमलको फुल फुल्दा विस्तारै फुल्ने हो, त्यसरी नै मैत्रीयुक्त व्यक्ति पनि विस्तारै ब्युझिन्छन।

नराम्रो दुःखस्वप्न देख्दैनन्। हरदम राम्रो मनले नै आनन्दले हुनेमात्र सपना देख्छ। जसरी कि जिन, चैत्य वन्दना गर्दैछु, बुद्धपूजा गर्दैछु, धर्म उपदेश सुन्दैछु जस्तामात्र सपना देख्छ। मलाई चोरहरूले लखेटे, चोरहरूले आफ्नो घेरामा राखे, हिंसक जन्तुहरूले दुःख दिइराखे, पर्वतबाट खस्दैछु आदि जस्ता भयानक सपना देख्दैन।

फेरि त्यस्तालाई मान्छेहरूले पनि अति प्रेम गर्छन्। घाँटीमा लगाएको मोतिमाला, हीरामाला अथवा टाउकोमाथि सजाइएको फूल सरी नै प्रेम गरिने हुन्छ।

अमनुस्सानं पियं होति अर्थात् जसरी मनुष्यहरूले मन पराएका हुन त्यसरी नै अमनुष्यहरूले पनि प्रेम गर्छन्। उदाहरणस्वरूप भन्नुपर्दा विशाख स्थविर समान।

Downloaded from http://dhamma.digital/

## मैत्री प्रभाव-देवरक्षा एवं अमनुष्य प्रिय (कथा)

ऊ पाटलिपुत्रका एक कुटुम्बिक थियो। वर्तमान समय पटनाको हो। उसले त्यहीं बसेर नै सुन्यो कि ताम्रपर्णी (श्रीलंका) द्वीपमा चैत्यले भरिपूर्ण छ। फेरि आफूलाई जहाँ मनलाग्छ, त्यहीं बस्न सक्छ। ऋतु पुद्गल तथापि धर्मश्रमण आदि एकदम अनुकूलका छन्। इत्यादि।

अनि उसले आफ्ना धनसम्पत्ति सबै छोराहरूलाई छोडेर आफ्नो घरबाट बाहिरिए। एक महिनासमम्म समुद्रको किनारमा डुंगाको प्रतीक्षा गरी समय व्यतीत गऱ्यो तर व्यापारमा कुशल भएकोले त्यहाँ बसेर उसले केही व्यापार गरी हजारौं हजार धन संग्रह गरे। पछि समयानुकूल समुद्र पार गरी क्रमशः महाविहारमा गएर प्रव्रज्या याचन गऱ्यो।

तत्पश्चात् उसलाई प्रव्रज्या गर्न सीमागृहमा लगियो। त्यसैबेला उसको शरीरबाट हजार रुपियाको पोको एक खसेछ। भिक्षुहरूले यो के ? भनी सोद्धा भन्यो त्यो पैसाको पोको हो। उपासक ! प्रव्रजित भएपश्चात् यसलाई विधान गर्नुहुन्न। तसर्थ अहिले नै के गर्नुपर्छ, गर।

भिक्षुहरूको यो कुरा सुनेर उसले आफू प्रव्रजित हुने ठाउँमा आएकाहरूलाई खाली हातले नजाऊ भन्दै धन सबैलाई बाँडेर आफू प्रव्रजित भयो।

त्यसपश्चात् उसले ५ वर्षमा मातृका दुई भिक्षु र भिक्षुणीहरूको प्रातिमोक्ष पनि सिकेर पवारणा गरी आफ्नो अनुकूल कर्मस्थान ग्रहण गरिकन एक एक विहारमा चार-चार महिनासम्म विहार गरी समवर्तवास अर्थात् सकल सत्त्वहरूलाई समान चित्तले मैत्री विहार गर्ने चारिका गर्न गए।

**वनन्तरे ठितो थेरो विसाखो गज्जमानको।**
**अत्तनो गुणमेसन्तो इममत्थं अभासथ॥**

Downloaded from http://dhamma.digital/

अर्थात्– एक दिन जङ्गलको बीचमा बसी स्थविर विशाखले आफ्नो वर्तलाई प्रत्यवेक्षण गरी यसरी उद्गार व्यक्त गरे ।

**यावता उपसरम्पन्ने यावता इध मागतो ।**
**एत्थन्तरे खलितं नत्थि अहो लाभा ते मारिस ॥**

अर्थात्– जतिबेला उपसम्पन्न भए, जतिबेला यहाँ आए, यस बीचमा कुनै गल्ती छैन । तसर्थ तिमीलाई लाभ नै भयो होइन र ?

एक दिन चित्तल पर्वतमा विहार गर्न जादा दुइटा बाटो फेला पऱ्यो । अनि उसले विचार गऱ्यो– "बाटो यो हो कि त्यो ?" यस्तो विचार गरिरहँदा पर्वतका देवताले हातको इशाराबाट यो बाटो भनी निर्देश गरिदिए ।

त्यहाँ चित्तल पर्वतको विहारमा गई कतै नगइकन चार महिनासम्म त्यहीं नै बसे । चार महिना बितेपश्चात् अब भोलि जाउँला भनी विचार गरेर शयन गरे । त्यहीं नै चंक्रमण गर्ने छेउको 'मणिलि' भन्ने वृक्षमा बस्ने देवता आएर भऱ्याङ्गमा बसी रोइरह्यो ।

स्थविर– "यहाँ आएर रोइरहने को हो ?"

देवता– "भन्ते । म मणिलिको देवता ।"

स्थविर– "किन र तिमी यहाँ आएर रोइराखेको ?"

देवता– "तपाई जानुहुन्छ भनेको ले ।"

स्थविर– "म यहाँ बसेर तिमीलाई के लाभ छ र ?"

देवता– "भन्ते ! तपाई यहाँ बसिराखेकोले अमनुष्यहरू परस्पर मैत्रीचित्त राखेर बसेकाछन् । अब तपाई यहाँबाट प्रस्थान गर्नुभयो भने तिनीहरू सबै आ-आफूमा झगडा गरी अमेल हुनेछन् । फेरि नराम्रो अपशब्दका वचन पनि बोल्ने हुन्छन् ।"

स्थविर– "यदि म यहाँ बसेर तिमीहरू सबैको कुशल मनोभाव भई सुखपूर्वक दिन यापन हुन्छ भने एकदम राम्रो कुरा हो ।" भन्दै पुनः चार महिनासम्म नै त्यहीं बसेर चार महिनापश्चात् जाने विचार गर्नुभयो ।

Downloaded from http://dhamma.digital/

देवता फेरि पनि आएर रुन आयो । अनि स्थविर त्यहीं नै बसेर परिनिर्वाण हुनुभयो । तसर्थ, मैत्रीभावना गर्ने भिक्षु अमनुष्यहरूको पनि प्रिय हुन्छ । जसरी आमाले छोराहरूलाई रक्षा गर्ने हो, त्यसरी नै देवताहरूले पनि रक्षा गर्छन् ।

मैत्री भावना गर्ने सत्वहरूलाई उत्तरालाई झैं आगोले छुँदैन, चूल स्थविरलाई झैं विषले छुँदैन सांकृत्य श्रामणेरलाई सरी हतियारले छुदैन, मैत्रीभावना गरिराख्ने पुरुषलाई दु:खले पिरोल्न सक्तैन ।

अब यहाँ 'धेनुसार गाई' को कुरा अलिकति पनि उल्लेख गरौं । एक दिन एउटी गाईले आफ्नो बाछोलाई दूध पिलाइरहेकी थिई । त्यसै बखत एक व्याधा आएर उसलाई मार्ने मनसायले हात घुमाएर लामो भाला फाल्यो । त्यो भाला गाईको शरीरमा पऱ्यो, तर ताल-पात झैं भएर फर्किएर गयो । यहाँ, यो केवल उपचारको बलमात्र हो । यहाँ अर्पणाको बल केही पनि छैन । केवल आफ्नो बच्चाप्रति प्रेम अत्यन्त बलवान भएको फलमात्र हो । यस्तै नै बलवानयुक्त मैत्री भावना हो ।

मैत्री भावना गर्ने हो भने चित्त चाँडै एकाग्र हुन्छ । मैत्री भावनामा विहार गर्नेहरू तुरुन्त नै समाधिस्थलमा पुग्छन्, अनुहारको वर्ण पनि राम्रो हुँदै आउँछ । बन्धनमुक्त झै उसको मुहारमा कान्ति र सुन्दरता वृद्धि हुन्छ ।

मैत्री चित्तले विहार गर्ने व्यक्ति मोहरहित भई मरण हुन्छ । मैत्री समापत्तिले अरहन्तसम्म चढ्न नसकिए तापनि यहाँबाट मरणपश्चात् शयनासनबाट उठेसमान ब्रह्मलोकमा उत्पन्न हुनजान्छ ।

Downloaded from http://dhamma.digital/

## मैत्री भावना अभ्यास – ४

१) अनादि कालको प्रतिवेक्षण गरी कसरी द्वेषभावनालाई निरोध गर्न सकिन्छ ?
२) धातु विभाजनद्वारा द्वेषलाई हटाई कसरी मैत्रीभावना गर्न सकिन्छ ?
३) कुन अवस्थामा "सीमा छेदन" भएको हुन्छ, सप्रसंग उल्लेख गर्नुहोस् ।
४) चित्तल पर्वतमा स्थविर सामू वृक्ष देवता किन रोए ?
५) मैत्रीभावनाको राम्रो पक्ष औंल्याउँदै यसको सुपरिणामबारे खुलस्त पार्नुहोस् ।

Downloaded from http://dhamma.digital/

# नेपाल बौद्ध परियत्ति शिक्षा

**प्रधान कार्यालय,**

**मणिमण्डप महाविहार, पटको, ललितपुर**

**फोन नं. : ५५२६५१७**

**सम्पर्क सचिवालय : विश्व शान्ति विहार**
**नयाँ बानेश्वर, मीनभवन, काठमाडौं**
**फोन नं. : ४४८२२५०, ४४८२९८४**

## बौद्ध परियत्ति शिक्षा स्तर

१. परियत्ति सद्धम्म पालकको प्रारम्भिक प्रथम वर्ष
२. परियत्ति सद्धम्म पालकको प्रारम्भिक द्वितीय वर्ष
३. परियत्ति सद्धम्म पालकको प्रारम्भिक तृतीय वर्ष
४. परियत्ति सद्धम्म पालकको प्रवेश प्रथम वर्ष
५. परियत्ति सद्धम्म पालकको प्रवेश द्वितीय वर्ष
६. परियत्ति सद्धम्म पालकको प्रवेश तृतीय वर्ष
७. परियत्ति सद्धम्म पालकको उपाधि वर्ष
८. परियत्ति सद्धम्म कोविद प्रथम वर्ष
९. परियत्ति सद्धम्म कोविद मध्यम वर्ष
१०. परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष

Downloaded from http://dhamma.digital/